सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ माघ २०८२, बुधबार (11 Feb 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २९३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

साँघुरो सडकमा तीव्र गतिले निम्त्यायो क्षति

तामाकोशीमा बस खस्दा १२ को मृत्यु



काठमाडौंबाट रामेछापको सिरीषे-ढाँडे हुँदै ओखलढुंगाको पोल्थलीतर्फ जाँदै गर्दा रामेछापको मन्थली नगरपालिका- ६, भलुवाजोरस्थित त्रिवेणी मन्दिरनजिकै लिलितीको भिरबाट तामाकोशी नदीमा खसेको बस

प्रत्यक्षदर्शी दीपककुमार थापा भन्छन्-

बस तीव्र गतिमा थियो, हेर्दाहेर्दै सडकछेउका 'सेफ्टी पिलर' हान्दै तामाकोशीमा खस्यो



हामी तामाकोशी नदीपारि मध्यपहाडी लोकमार्गको साइटमा काम भइरहेको ठाउँमा थियौँ। खुर्कोटबाट बस मन्थलीतिर तीव्र गतिमा थियो। विपरीत दिशाबाट एउटा बोलेरो खुर्कोटतर्फ तीव्र गतिमा हुइँकिँदै गएको थियो। साँघुरो सडकमा बस नियन्त्रणमा आउन सकेन र सडकछेउका 'सेफ्टी पिलर' हान्दै एकैछिनमा हेर्दाहेर्दै नदीमा खस्यो।

प्रहरी नायब उपरीक्षक भोलाकुमार भट्ट भन्छन्-



चालक सुशान्त थापा मगरले गाडीको स्टेयरिङ नकाटिँदा दुर्घटना भएको प्रारम्भिक बयान दिएका छन्। साँघुरो सडकमा गाडी दुर्घटना भएको देखिन्छ। बस तीव्र गतिका कारण दुर्घटना भएको हुन सक्ने आशंका छ। यस विषयमा थप अनुसन्धान भइरहेको छ।

रामेछापमा **दीपक भट्ट**

१३ जनाको ज्यान जाने गरी बैतडीमा जन्तीबस दुर्घटना भएको ६ दिनमै फेरि रामेछापमा यात्रुबस दुर्घटनामा १२ जनाको मृत्यु भएको छ। काठमाडौंको चाबहिलबाट ओखलढुंगाको पोल्थरीका लागि छुटेको बस मंगलबार बिहान १०:४० बजे रामेछापको मन्थली नगरपालिका-६, भलुवाजोरस्थित त्रिवेणी मन्दिरनजिकै लिलितीको भिरबाट तामाकोशी नदीमा खस्दा बसधनीसहित सात पुरुष र पाँच महिलाको घटनास्थलमै ज्यान गएको हो।

मृतकमध्ये १० जनाको मात्रै सनाखत भएको छ। शव मन्थली अस्पतालमा राखिएको छ। आठ घाइते भएकामा सातजनाको धुलिखेलमा उपचार भएको छ भने एकजनालाई काठमाडौं रेफर गरिएको छ। बा.प्र.००१-०५ ख ९९७५ नम्बरको पूर्वी अरनिको यातायात सेवाको यात्रुवाहक बस काठमाडौंको चाबहिलबाट पुष्पलाल सडक हुँदै रामेछापको सिरीषे-ढाँडे हुँदै ओखलढुंगाको पोल्थलीका लागि छुटेको थियो।

» पृष्ठ ११ मा क्रमशः

उपचार गराएर फर्किएका दम्पती घर पुग्न पाएनन्

एउटै पालिकाका सातको मृत्यु

काठमाडौंमा पेटको उपचारपछि घर फर्कँदै गरेका दम्पती घर पुग्न पाएनन्। लिखु तामाकोशी गाउँपालिका- ७, तिल्पुडका ३६ वर्षीय भीमबहादुर तामाङ र ३५ वर्षीया सानुमाया उपचार गराएर काठमाडौंबाट फर्किएका थिए। तर, घर पुग्न नपाउँदै बस दुर्घटनामा परेर अस्ताए। तामाङदम्पतीका दुई छोरा रोजगारी सिलसिलामा काठमाडौंमा छन्। भीमबहादुरकै फुपू नाता पर्ने ३१ वर्षीया तारा तामाङ र ताराकी भाइबुहारी १६ वर्षीया रमिता तामाङको समेत ज्यान गएको छ। उपचारका लागि काठमाडौं गएका भीमबहादुरको दम्पती, उनका फुपू र छोरी गाउँले आफन्तको विवाहपछि घर फर्किएका थिए।

दुर्घटनामा रामेछापका मात्र आठजनाको ज्यान गएको छ। त्यसमा पनि लिखु तामाकोशी गाउँपालिकाका मात्रै सातजना छन्। तामाङ परिवारका चार तथा बसधनी लिखु तामाकोशी- ४, कोटगाउँका २५ वर्षीय दीपेन्द्र बस्नेत, लिखु तामाकोशी- ६, खिम्तीका २८ वर्षीय दीपेश बस्नेत र ४५ वर्षीया मानकुमारी बरुवालको ज्यान गएको प्रहरीले जनाएको छ। यति ठुलो मानवीय क्षतिका कारण सिंगो गाउँपालिका नै शोकमा डुबेको लिखु तामाकोशी गाउँपालिकाका अध्यक्ष केशव महतले बताए।

दुर्घटनामा दोलखाको भीमेश्वर नगरपालिका- ७ की २५ वर्षीया बबि तामाङ र सोही नगरपालिका ८ का ६० वर्षीय मानबहादुर तामाङको मृत्यु भएको छ। त्यस्तै, सिन्धुलीको गोलञ्जोर गाउँपालिका- ६ का ३४ वर्षीय शिव श्रेष्ठको पनि मृत्यु भएको छ। दुई मृतकको सनाखत हुन बाँकी छ।

बसधनीको पनि गयो ज्यान

६ महिनाअघि मात्र किनेका थिए बस

दुर्घटनामा मृत्यु भएका लिखु तामाकोशी- ४, बिजुलीकोट कोटगाउँका दीपेन्द्र बस्नेत बसका धनी हुन्। बस्नेतले ६ महिनाअघि मात्र बस किनेका थिए। त्यसअघि उनी वैदेशिक रोजगारका लागि कतारमा थिए। उनी परिवारसहित काठमाडौंमा बस्दै आएका थिए।

■ नेकपाको चुनावी प्रतिबद्धतापत्र

पाँच वर्षमा पाँच लाखलाई रोजगारी, गरिबी दर ५% मा झार्ने

आर्थिक सुधारका लागि ६ प्राथमिक क्षेत्र र सात कार्यक्रम सार्वजनिक

■ चुनावी प्रतिबद्धतापत्रका यस्ता छन् मुख्य बुँदा

प्रेम गौतम / नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले नयाँ चरणको आर्थिक सुधारमार्फत समाजवादउन्मुख अर्थतन्त्रको आधार बनाउने नीतिसहितको चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गरेको छ। निजी, सहकारी र सार्वजनिक क्षेत्रबिच सन्तुलित तथा पूरक विकासको मोडलमार्फत समाजवादउन्मुख अर्थतन्त्रको ठोस आधार तयार पार्ने नेकपाको प्रतिबद्धता छ।

पार्टी कार्यालय पेरिसडाँडामा मंगलबार आयोजित कार्यक्रममा संयोजक पुष्पकमल दाहाल प्रचण्डले सार्वजनिक गरेको संक्षिप्त प्रतिबद्धतापत्रमा आगामी पाँच वर्षभित्र वार्षिक १० प्रतिशतभन्दा बढी आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य उल्लेख छ। वर्तमान अर्थतन्त्रको संरचनागत संकट सम्बोधन गर्ने तथा समाजवादका आधार तयार पार्ने काम क्रान्तिकारी कदम हुने उल्लेख छ।

स्रोत-साधनको प्रभावकारी परिचालनमार्फत आर्थिक तथा सामाजिक असमानता न्यूनीकरण गर्दै पाँच वर्षमा हालको बहुआयामिक गरिबीको दर २०.१५ बाट घटाएर पाँच प्रतिशतमा झार्ने उल्लेख छ। राज्य संरक्षित कृषि र औद्योगिकीकरणको नीतिमार्फत कृषि तथा उद्योगलगायत उत्पादनका क्षेत्रहरूलाई संरक्षण र प्रवर्द्धन गर्ने, उत्पादनमुखी, निर्यात प्रवर्द्धन तथा आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी आयात निर्भरता क्रमशः न्यूनीकरण गर्ने प्रतिबद्धता जनाइएको छ।

स्वदेशी निजी क्षेत्रको लगानी क्षमता अभिवृद्धि गर्दै वैदेशिक लगानीलाई उत्पादन, प्रविधि हस्तान्तरण र रोजगारी सिर्जनासँग जोड्दै वृद्धि गर्ने, कृषि, उद्योग, पर्यटन, ऊर्जा, सूचना प्रविधि र सेवा क्षेत्रमा उत्पादन तथा रोजगारीमा ठोस वृद्धि हासिल गर्ने नेकपाको प्रतिबद्धतापत्रमा छ। साथै, प्राकृतिक स्रोतको विवेकशील उपयोग गर्दै हरित तथा डिजिटल अर्थतन्त्रको जग बसाल्ने प्रतिबद्धता नेकपाको छ।

» पृष्ठ ११ मा क्रमशः



प्रतिबद्धतापत्र सार्वजनिक गर्ने नेकपाका संयोजक प्रचण्ड

▷ भ्रष्टाचार नियन्त्रण र सुशासनबारे नेकपाको प्रतिबद्धता

भ्रष्टाचार नियन्त्रणलाई पार्टीको आधारभूत मान्यता, सोच, नीति तथा कार्यक्रमको प्रस्थानविन्दु बनाउने नेकपाको प्रतिबद्धता छ। त्यसका लागि हालसम्म सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति तथा भ्रष्टाचार काण्डहरूको छानबिन गर्न अधिकारसम्पन्न स्वतन्त्र आयोग गठन गर्ने नेकपाको योजना छ। यस्तो छानबिन एक वर्षभित्र गरिनेछ। राज्यका सबै अंगमा हुने भ्रष्टाचार नियन्त्रण गर्न र भ्रष्टाचारीलाई कारबाहीको दायरामा ल्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण विभागसमेतलाई समाहित गरी अधिकारप्राप्त उच्चस्तरीय लोकपाल गठन गर्ने प्रतिबद्धता पनि नेकपाले जनाएको छ।

आउँदो पाँच वर्षभित्र सरकारी सेवामा ३० प्रतिशत नयाँ र सक्षम जनशक्ति भित्र्याउने, संवैधानिक तथा सार्वजनिक निकायमा दलगत नियुक्ति तथा भागबन्डा अन्त्य गर्न योग्यता प्रणाली लागू गर्ने, सार्वजनिक सेवामा टाइम कार्ड प्रणाली लागू गर्ने प्रतिबद्धता नेकपाको छ।

- ▷ आगामी पाँच वर्षभित्र वार्षिक १० प्रतिशतभन्दा बढी आर्थिक वृद्धिदर हासिल गर्ने, बहुआयामिक गरिबीको दर हालको २०.१५ प्रतिशतबाट घटाएर पाँच प्रतिशतमा झार्ने
- ▷ गरिबीको रेखामुनि रहेकामध्ये हाल करिब १०% मात्रै बिमामा समेटिएका छन्, ०८८ सम्म शतप्रतिशत पुऱ्याउने
- ▷ स्वास्थ्य बिमालाई स्वास्थ्य सुरक्षा प्रणालीको मुख्य आधार बनाउने, हाल करिब ३० प्रतिशतमा सीमित स्वास्थ्य बिमाको आबद्धतालाई ०८८ सम्म सबैलाई समेटिने
- ▷ पाँच वर्षमा कम्तीमा पाँच लाख नियमित रोजगारी, प्रतिवर्ष एक लाख ५० हजार थप रोजगारी सिर्जना गरिने
- ▷ विदेशबाट फर्किएका कम्तीमा एक लाखलाई उद्यमी बनाइने, वैदेशिक रोजगारीमा जानेको निःशुल्क स्वास्थ्य परीक्षण
- ▷ पूर्व-पश्चिम रेलमार्ग निर्माण र काठमाडौंमा मेट्रोरेल तथा मोनोरेल निर्माण प्रक्रिया अगाडि बढाउने
- ▷ मधेश क्षेत्रका लागि विशेष आर्थिक प्याकेज लागू गरिने
- ▷ आगामी दशकलाई 'कृषि लगानी दशक' घोषणा गरिने, दुई वर्षभित्र धान, गहुँ, तरकारी, फलफूल, दुध, मासु र माछामा पूर्ण आत्मनिर्भरता हासिल गर्ने
- ▷ एक वर्षभित्र सबै किसानलाई परिचयपत्र वितरण गर्ने
- ▷ पाँच वर्षभित्र १० हजार मेगावाट थप विद्युत् उत्पादन गर्ने
- ▷ पाँच वर्षभित्र हरेक नेपालीको घरमा सफा पिउनेपानी उपलब्ध गराउने
- ▷ पाँच वर्षभित्र २० वटा सहरलाई स्मार्ट सिटी बनाइने
- ▷ तलबी महिलालाई दुई सन्तानसम्म ६ महिनाको सुत्केरी बिदा प्रदान गरिने, स्तन क्यान्सर, पाठेघर खस्ने, फिस्टुला, पिसाब चुहिनेलगायत महिला विशेष रोगको निःशुल्क उपचार गरिने
- ▷ हरेक पालिकामा फास्ट ट्र्याक महिला न्याय युनिट स्थापना गरिने
- ▷ महिला उद्यमीलाई व्यावसायिक ऋणमा २५% ब्याज छुट दिइने
- ▷ सबै नागरिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने
- ▷ मुक्त कमैया तथा कमलरीको पुनर्स्थापना दुई वर्षभित्र सम्पन्न गरिने, आगामी दशकलाई दलित अधिकार दशक घोषणा गरिने
- ▷ बेरोजगारी बिमा व्यवस्था लागू गरिने
- ▷ विश्वविद्यालयलाई शैक्षिक, प्रशासनिक तथा वित्तीय स्वायत्तता प्रदान गर्ने, पदाधिकारी तथा प्राध्यापकहरूको नियुक्ति, बढुवा तथा मूल्यांकन पूर्ण रूपमा मेरिटका आधारमा गर्ने
- ▷ एक परिवार एक आवास अवधारणा कार्यान्वयन गरिने
- ▷ इ-शासन ब्लु प्रिन्ट कार्यान्वयन गरिने
- ▷ टाइम कार्ड प्रणालीमार्फत सेवा समय ग्यारेन्टी गरिने, कार्यसम्पादन सम्झौतामा आधारित मूल्यांकन प्रणाली लागू गरिने
- ▷ शिशु स्याहार केन्द्र हरेक स्थानीय तहमा विस्तार गरिने र ज्येष्ठ नागरिकमैत्री आवास प्रदेशस्तरमा निर्माण गरिने

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

आजदेखि चुनावी मैदानमा निर्वाचन प्रहरी



दशदिने तालिम पूरा गरेका एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी अब नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा फौजसँगै खटिँदै

(विस्तृत पृष्ठ २)



भ्रष्टाचारको अन्तर्राष्ट्रिय सूचकांकमा सुध्रिएन नेपाल

अंक अघिल्लो वर्षकै यथावत्, वरीयता झन् खस्कियो

४२ भन्दा जति कम अंक प्राप्त भयो त्यति नै धेरै भ्रष्टाचार भएको र जति बढी अंक पायो त्यति नै कम भ्रष्टाचार भएको मापन


सुवास भट्ट / नयाँ पत्रिका

भ्रष्टाचारको अन्तर्राष्ट्रिय सूचकांकमा नेपालको खराब अवस्था नसुध्रिएको रिपोर्ट आएको छ। ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई)ले विश्वमा व्याप्त भ्रष्टाचारको अवस्थाको मूल्यांकन गरी जारी गरेको भ्रष्टाचार अवधारणा सूचकांक (सिपिआई), २०२५ ले नेपाललाई भ्रष्ट मुलुकको श्रेणीमा सूचीकृत गरेको हो।

ट्रान्सपरेन्सी इन्टरनेसनलको नेपाल च्याप्टर टिआई नेपालले मंगलबार जारी गरेको प्रतिवेदनअनुसार सन् २०२५ मा सिपिआई अंक अघिल्लो वर्षकै यथावत् छ। विश्व वरीयतामा भने दुई स्थान तल खस्किएको छ। नेपालको सिपिआई स्कोर (अंक) ३४ छ भने वरीयतामा १०९औँ स्थानमा धकेलिएको छ। अघिल्लो वर्ष सन् २०२४ मा नेपालको स्कोर ३४ नै रहेकोमा वरीयता १०७औँ स्थानमा थियो। सन् २०२४ मा

» पृष्ठ ११ मा क्रमशः

दक्षिण एसियाको तथ्यांक



■ **सबैभन्दा कम भ्रष्टाचार हुने देश**

डेनमार्क : ८९ (पहिलो)। फिनल्यान्ड : ८८ (दोस्रो)। सिंगापुर : ८४ (तेस्रो)। न्युजिल्यान्ड र नर्वे : ८१/८१ (चौथो)। स्विडेन र स्विट्जरल्यान्ड : ८०/८० (छैटौँ)

■ **सबैभन्दा धेरै भ्रष्टाचार हुने देश**

साउथ सुडान र सोमालिया : ९/९ (१८१औँ)। भेनेजुयला : १० (१८०औँ)। यमन, लिबिया र एरिट्रिया : १३/१३ (१७७औँ)। सुडान र निकारागुवा : १४/१४ (१७५औँ)

■ 'जेन-जी आन्दोलनको कारक बढ्दो भ्रष्टाचार हो भन्ने आधारलाई सूचकांकको अवस्थाले पुष्टि गऱ्यो'

'यही भदौ २३ र २४ मा भएको जेन-जी आन्दोलन र देशले व्यहोर्नुपरेको अपूरणीय धनजनको क्षतिको कारक बढ्दो भ्रष्टाचार हो भन्ने आधारलाई सूचकांकको यस अवस्थाले पुष्टि गर्ने देखिएको छ,' ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको प्रतिवेदनमा उल्लेख छ।



● **मदनकृष्ण शर्मा**, अध्यक्ष, ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल

विश्वव्यापी रूपमै भ्रष्टाचार बढ्दो क्रममा छ। नेपालको सन्दर्भमा कुनै पनि सुधार देखिएको छैन। एकाध अंकको घटीबढीलाई सुधार भएको मानिँदैन। नेपालमा भ्रष्टाचार बढ्नु र सुशासनको अवस्था बिग्रिनुमा राजनीतिक नेतृत्वमा देखिएको ह्रास नै प्रमुख कारणका रूपमा औंल्याइएको छ। राजनीतिक इमानदारिता, आर्थिक कारोबारको पारदर्शिता, जवाफदेहिता खस्किएर गएको छ। भ्रष्टाचार बढ्दा त्यसको ठुलो मार नागरिकमाथि परेको छ। सुधारको आवश्यकता छ।

६० लाख डकैतीमा प्रहरीसहित चार पक्राउ

काठमाडौं / सस्तोमा सुन किन्न बोलाएर सुन पसलेको ६० लाख रुपैयाँ लुटपाट गरेको आरोपमा प्रहरीसहित चारजना पक्राउ परेका छन् । आफूहरू सिआइबी भएको भन्दै उनीहरूले लुटेका हुन् ।

गत १४ माघमा ललितपुरमा सुन पसल चलाउने विनोद लाम्दागेको ६० लाख रुपैयाँ काठमाडौं महानगरपालिका-१४ घ्याङखेलमा लुटपाट भएको हो । लुटपाटमा संलग्न प्रहरी हवल्दार कर्णबहादुर सुनारसहितलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको हो । हवल्दार सुनार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत थिए । उनी योजनाकार समूहमै रहेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्ने अन्यमा काभ्रेपलाञ्चोकका दीपक आले मगर, रसुवाका विक्रम तामाङ, नुवाकोटका जीवन तामाङलगायत छन् । उनीहरूले बिलसहितको सुन सस्तोमा बिक्री गर्ने भन्दै बोलाएर सुन पसलेले ल्याएको पैसा लुटेका थिए । आफूहरू प्रहरी भएको भन्दै लुटेका थिए । त्यसको भोलिपल्ट पीडित प्रहरीमा गएपछि अनुसन्धान सुरु भएको थियो । अवैध सुन किन्ने भन्दै धम्काएर पैसाका साथसाथै उनीहरूको मोबाइलसमेत उनीहरूले लुटेका थिए ।

आजदेखि चुनावी मैदानमा निर्वाचन प्रहरी

दशदिने तालिम पूरा गरेका एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी अब नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा फौजसँगै खटिँदै

नयाँ पत्रिका

निर्वाचन सुरक्षार्थ छनोट भएर दशदिने तालिम पूरा गरेका एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी बुधबारदेखि फिल्डमा खटिँदै छन् । उनीहरू नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा फौजसँगै चुनावी मैदानमा खटिनेछन् ।

नेपाल प्रहरीले एक लाख ३३ हजार ९८० र सशस्त्रले १५ हजार ११० निर्वाचन प्रहरीलाई १८ माघमा नियुक्तिपत्र दिएको थियो । उनीहरूले सम्बन्धित जिल्ला प्रहरी कार्यालय र गुल्महरूमा तालिम लिएका थिए । नेपाल प्रहरीका प्रवक्ता डिआइजी अविनारायण काफ्लेले तालिम पूरा भएका निर्वाचन प्रहरीलाई निर्वाचन सुरक्षार्थ खटाउन लागिएको बताए ।

'मुलुकभर छनोट भएका सबै निर्वाचन प्रहरीको तालिम पूरा भएको छ । १० दिनको तालिम लिएका छन् । उनीहरूले गत १८ माघमा नियुक्तिपत्र लिएका थिए । अब निर्वाचन सुरक्षार्थ फिल्डमा खटाइँदै छ,' उनले भने ।

चार हजार ६१४ सय मतदानस्थल अतिसंवेदनशील

निर्वाचन आयोगले देशभर १० हजार ९६७ निर्वाचनस्थल निर्धारण गरेको छ । यसभित्र २३ हजार ११२ निर्वाचन केन्द्र छन् । संवेदनशीलताका हिसाबले कतिपय एक निर्वाचन केन्द्रलाई एक निर्वाचन स्थलबराबरकै सुरक्षाकर्मी परिचालन गर्नुपर्ने सुरक्षा विश्लेषण छ । प्रहरीले चार हजार ६१४ निर्वाचनस्थललाई अतिसंवेदनशील मानेको छ । जुन कुल मतदानस्थलको ४२.०७ प्रतिशत हो । अतिसंवेदनशील मतदानस्थलमा बागमती र मधेश प्रदेशमा बढी छन् । बागमतीमा एक हजार २८८ र मधेशमा एक हजार २४६ गरी दुईहजार ५३४ मतदानस्थल अतिसंवेदनशील छन्, यो कुल अतिसंवेदनशीलको ५४.९१ प्रतिशत हो । बाँकी दुई हजार ८० अर्थात् ४५.०९ प्रतिशत अतिसंवेदनशील निर्वाचनस्थल अन्य प्रदेशमा छन् । उपत्यकामा १२, कोशीमा ४३९, गण्डकीमा ३२८, लुम्बिनीमा ४६२, कर्णालीमा ३५८ र सुदूरपश्चिममा ४८१ छन् ।



तस्बिर : **दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

त्यस्तै, चार हजार ४४२ मतदानस्थल सुरक्षा चुनौती विश्लेषणका आधारमा संवेदनशील सूचीमा राखिएका छन् । जसमध्ये काठमाडौं उपत्यकामा २३७, कोशीमा ८२१, मधेशमा ७५५, बागमतीमा ४९७, गण्डकीमा ५७७, लुम्बिनीमा ७३८, कर्णालीमा ४२२ र सुदूरपश्चिममा ३९५ छन् । बाँकी दुई हजार ८४५ स्थल भने सामान्य ठानिएका छन् छन् ।

कोइलाखानी विस्फोटमा मृत्यु हुने नेपालीको संख्या नौ पुग्यो

काठमाडौं / भारतको मेघालय राज्यको पूर्वी जयन्तिया हिल्समा रहेको एक कोइलाखानी विस्फोट हुँदा मृत्यु हुने नेपालीको संख्या नौ पुगेको छ । नयाँ दिल्लीस्थित नेपाली दूतावासका अनुसार घाइते सातजनाको अस्पतालमा उपचार भइरहेको छ । दूतावासले घाइतेहरूको उपचार, मृतकका परिवार तथा घाइतेहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने विषयमा भारतको विदेश मन्त्रालय, स्थानीय प्रशासन र प्रहरीसँग निरन्तर समन्वय गरिरहेको जनाएको छ । आवश्यक जानकारी वा सहजीकरणका लागि पीडित परिवारलाई दूतावासको हटलाइन नम्बरमा सम्पर्क गर्न अनुरोध गरिएको छ । जानकारीअनुसार कोइलाखानी अवैध रूपमा सञ्चालन हुँदै आएको बताइएको छ । गैरकानुनी रूपमा सञ्चालन भएका यस्ता कार्यस्थलमा दुर्घटना भएमा उद्धार, उपचार तथा क्षतिपूर्तिमा समस्या आउने भएकाले रोजगारीमा जानुअघि पर्याप्त जानकारी लिन दूतावासले नेपाली नागरिकलाई सचेत गराएको छ ।

■ भिजिट भिसा सेटिङ प्रकरण
बिचौलिया खड्का पाँच लाख धरौटीमा छुटे

काठमाडौं / अध्यागमनसँग मिलेर भिजिट भिसामा भएको लाखौं असुली काण्डमा ट्राभल एजेन्सीका सञ्चालक रहेका बिचौलिया बालकृष्ण खड्का पाँच लाख रुपैयाँ धरौटीमा छुटेका छन् । ग्रिनलाइन होलिडेज प्रालिका सञ्चालक खड्कासँग मंगलबार विशेष अदालतले धरौटी माग्ने आदेश दिएको हो । अख्तियार दुरुयोग अनुसन्धान आयोगले गत २५ मंसिरमा सहसचिव तीर्थराज भट्टराईसहित ६ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । जसमा प्रतिवादी रहेका भट्टराई यसअघि नै पाँच लाख रुपैयाँ धरौटीमा छुटिसकेका छन् । अख्तियारको अनुसन्धानमा खड्काले भिजिट भिसामा जाने मान्छे खोज्ने र भट्टराईले सोहीअनुसार प्रस्थान अनुमति दिने गरेको खुलेको छ। यसरी दिनमै अध्यागमनमा ५० लाख रुपैयाँभन्दा धेरै पैसा असुली हुने गरेको छानबिनमा खुलेको थियो । सहसचिव भट्टराई र बिचौलिया खड्काबिच नियमित रूपमा ह्वाट्सएपमा कुरा हुनुका साथै आर्थिक लेनदेन देखिएको थियो । यस प्रकरणमा अख्तियारले तत्कालीन गृहमन्त्री रमेश लेखक, सचिव गोकर्णमणि दुवाडी, लेखकका पिएहरू बद्री तिवारी र जनक भट्ट, अध्यागमन विभागका तत्कालीन महानिर्देशक गोविन्द रिजाल तथा गृह मन्त्रालयका अन्य अधिकारीमाथि दोस्रो चरणमा छानबिन गरिरहेको छ ।

■ बालिकालाई एचपिभी खोप



बालिका तथा किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप लगाइँदै । काठमाडौं महानगरपालिकाले मंगलबार महानगरभित्रका विद्यालयमा अध्ययनरत १० देखि १४ वर्षका बालिका तथा किशोरीलाई खोप लगाउन थालेको हो । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

हात्तीको निसानामा शुक्लाफाँटा आरक्षपीडित

कञ्चनपुरको लालझाडी गाउँपालिका- ६, चान्देवमा आइतबार हात्तीको आक्रमणबाट ज्यान गुमाएकी ६ वर्षीया रोजिना साउदको घर ।

कञ्चनपुरमा **मोहन विष्ट**

न्यायिक पुनर्स्थापनाको पर्खाइमा रहेका कञ्चनपुरका आरक्षपीडित केही समययता वन्यजन्तुको निसानामा परेका छन् । पीडितको पुनर्स्थापना नहुँदा जंगल, छेउछाउमा झुपडी बनाएर बसेकाहरू हात्तीको निसानामा परेका हुन् । तत्कालीन शुक्लाफाँटा आरक्ष, हाल (निकुञ्ज)बाट विस्थापित आरक्षपीडित हिँडडुल र घरमै बसेका वेला हात्तीको आक्रमणबाट ज्यान गुमाउन बाध्य छन् ।

कञ्चनपुरको जंगलछेउछाउका बस्तीदेखि गाउँसम्मै पुगेर जंगली हात्तीको बथानले बस्ती तथा मानिसमाथि आक्रमण गरिरहेको छ । २५ मंसिर ०७८ मा ४५ वर्षीया आरक्षपीडित युवक खगीराज रानाको हात्तीको आक्रमणबाट ज्यान गयो । ११ माघ ०७९ मा ५५ वर्षीया आरक्षपीडित रत्ना सार्कीलाई हात्तीले लखेटेर घाइते बनायो । गत २८ भदौमा आरक्षपीडित ४७ वर्षीया डम्बर विष्ट पनि हात्तीको आक्रमणमा परी घाइते बनेका छन् । सार्की र विष्टले उपचारपछि वैशाखी टेकेरे जीवन बिताइरहेका छन् ।

गत २ कात्तिकमा ६५ वर्षीय आरक्षपीडित श्रीप्रसाद आचार्यले समेत हात्तीको आक्रमणबाट ज्यान गुमाए । सो घटना भएको चार महिना नबित्दै आइतबार बिहान ६ वर्षीया नाबालिका रोजिना साउदले ज्यान गुमाएकी छिन् । साउदकी ५५ हजुरआमा पार्वती साउद हात्तीको आक्रमणमा परी घाइते भएकी छिन् । पार्वतीको सेती प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । रोजिनाको शव उनका बाबुआमाको पर्खाइमा छ । रोजिनाको बाबुआमा रोजगारीका लागि भारतमा भएकाले उनीहरू आएपछि मात्रै अन्तिम संस्कार हुनेछ ।

२५ माघको बिहानपख एकल हात्तीको आक्रमणबाट रोजिनाले ज्यान गुमाएकी हुन् । प्रत्यक्षदर्शी रतना कार्कीले जंगलबाट बस्तीतिर आएको एउटा हात्तीले सिधै साउदको घर भत्काउन सुरु गरेको बताइन् ।

Sahas Urja Ltd.

SAHAS URJA

Kathmandu-01, Hattisar

Unaudited Statement of Financial Position
As on 30th Poush, 2082 (i.e. 14th January, 2026) 2nd Quarter FY 2082/83

Amount In NRs.

Particulars	FY 2082/83 2nd Quarter Ending	FY 2082/83 1st Quarter Ending	FY 2081/82 2nd Quarter Ending
Assets			
Non-Current Assets			
Property, Plant and Equipments	296,671,053	293,797,920	155,328,520
Less: Accumulated Depreciation	(121,847,327)	(117,923,441)	(106,572,608)
Total Property, Plant and Equipments	**174,823,726**	**175,874,479**	**48,755,912**
Computer Software	317,020	317,020	317,020
Less: Accumulated Amortization	(304,513)	(303,294)	(294,520)
Project Cost	16,874,657,568	16,872,941,453	16,813,740,288
Less: Accumulated Amortization	(1,742,614,517)	(1,593,107,550)	(1,131,390,745)
Total Intangible Assets	**15,132,055,558**	**15,279,847,630**	**15,682,372,044**
Project Development Cost (BGHEP)	84,784,296	70,126,296	31,554,906
Prepayments	6,844,276	6,706,136	6,222,498
Right of Use Assets	13,538,332	14,384,478	-
Investment in Subsidiary	2,161,720,400	1,339,720,400	800,000,000
Total Non Current Assets	**17,573,766,588**	**16,886,659,418**	**16,568,905,360**
Current Assets			
Other Current Assets	761,152,332	924,615,632	625,508,311
Cash And Cash Equivalents	508,675,466	175,440,570	504,680,078
Financial Assets held at fair value through Profit or Loss	100,000	100,000	7,320,400
Total Current Assets	**1,269,927,798**	**1,100,156,202**	**1,137,508,788**
Total Assets	**18,843,694,386**	**17,986,815,621**	**17,706,414,148**
Equity & Liabilities			
Shareholder's Fund			
Share Capital	4,573,800,000	3,780,000,000	3,780,000,000
Reserve and Accumulated Profit/(Loss)	3,229,245,569	3,656,953,737	2,977,180,195
Total Shareholder's Fund	**7,803,045,569**	**7,436,953,737**	**6,757,180,195**
Revaluation Surplus	**5,396,290**	**5,396,290**	**5,396,290**
Non Current Liabilities			
Medium & Long Term Loan	8,693,071,087	8,932,215,267	8,914,672,121
Total Non Current Liabilities	**8,693,071,087**	**8,932,215,267**	**8,914,672,121**
Current Liabilities			
Accounts Payables	72,875,993	32,576,606	17,013,128
Provisions	33,576,152	40,169,305	22,356,552
Withholding & Retentions	53,914,948	53,914,948	51,631,674
Bridge Gap Loan	2,181,814,347	1,485,589,468	1,938,164,188
Total Current Liabilities	**2,342,181,440**	**1,612,250,327**	**2,029,165,543**
Total Equity & Liabilities	**18,843,694,386**	**17,986,815,621**	**17,706,414,148**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
For the Period from 1st Shrawan 2082 to 30th Poush, 2082 (i.e. 17th July, 2025 to 14th January, 2026)

Particulars	FY 2082/83 2nd Quarter Ending	FY 2082/83 1st Quarter Ending	FY 2081/82 2nd Quarter Ending
Revenue from Sale of Electricity	**1,704,918,319**	**924,636,987**	**1,615,657,719**
Less: Direct Expenses	(107,726,961)	(63,937,217)	(94,478,018)
Less: Amortisation of Project Cost	(305,697,839)	(156,190,872)	(304,479,157)
Gross Profit	**1,291,493,519**	**704,508,898**	**1,216,700,545**
Add: Other Income	-	-	1,889,562
Total Income	**1,291,493,519**	**704,508,898**	**1,218,590,107**
Less: Administrative Expenses	(38,142,403)	(23,173,423)	(41,258,847)
Less: Depreciation	(7,781,731)	(3,856,626)	(7,355,440)
Operating Profit/(Loss)	**1,245,569,385**	**677,478,849**	**1,169,975,820**
Finance income	1,612,684	691,749	-
Finance costs	(314,369,326)	(167,964,432)	(440,661,580)
Net Finance Cost	**(312,756,642)**	**(167,272,683)**	**(440,661,580)**
Profit Before Tax and Staff Bonus	**932,812,743**	**510,206,166**	**729,314,240**
Staff Bonus	(18,656,255)	(10,204,123)	(14,586,285)
Provision for Corporate Social Responsibility	(9,328,127)	(5,102,062)	(4,845,121)
Profit Before Tax	**904,828,360**	**494,899,981**	**709,882,834**
Deferred Tax - Surplus (Expenses)	-	-	-
Income Tax Expenses	-	-	-
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**904,828,360**	**494,899,981**	**709,882,834**

Notes:
1. The Financial Statements are prepared as per the Nepal Financial Reporting Standards (NFRS).
2. The Investment in Times Energy Pvt. Ltd. previously accounted for as Investment in Associates is now accounted for as Investment in Subsidiary.
3. The Financial Statements were authorised to be published by the Audit Committee Meeting held on 2082.10.27.

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ को अनुसुचि-१४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित
आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तिय विवरण**

(क) **त्रैमासिक अवधिको वासलात नाफा नोकसान विवरण :**

यस साहस उर्जा लि. को उपरोक्त त्रैमासिक अवधिसम्मको अपरिस्कृत वासलात र नाफा नोक्सान विवरण यसै साथ पेश गरिएको छ ।

(ख) **प्रमुख वित्तिय अनुपातहरू / परिसुचकहरू :**

प्रति शेयर आम्दानी (वार्षिकिकरण गरिएको)	३९.५७	पी.इ. रेसियो (वार्षिकिकरण गरिएको)	१३.८५
प्रति शेयर नेटवर्थ	१७०.७२	तरलता अनुपात	०.५४
प्रति शेयर कुल सम्पतिको मुल्य	४११.९९		

२) **व्यवस्थापकिय विश्लेषण :**

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण

समिक्षा अवधीमा परियोजनाबाट निरन्तर विद्युत उत्पादन निरन्तर भईरहेको छ । विद्युत उत्पादन नदी प्रवाहमा आधारित हने हुँदा नदी प्रवाह सँगै क्रमिक रुपमा विद्युत उत्पादनमा पनि कमी आएको । परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणसँग भएको PPA बमोजिम खरिद विक्री भई भुक्तानी प्राप्त भईरहेको छ ।

(ख) व्यवस्थापनको विश्लेषणात्मक विवरण

कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक साधारण सभा मिति २०८२/०८/२४ मा सम्पन्न भएको, उक्त वार्षिक साधारण सभाका लागि मिति २०८२।०८।०५ गते एक दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book Close) भएको र उक्त दिन कम्पनीको शेयरधनी दर्ता किताबमा कायम रहेका कम्पनीको शेयरधनीहरूलाई २१% का दरले वोनस शेयर तथा कर प्रयोजनको लागि १.१०५३% नगद लाभांस वितरण गर्ने प्रस्ताव वार्षिक साधारण सभाबाट पारित भएको । साथै प्रस्तावित बोनस शेयरका कारण कम्पनीको शेयर मुल्य रु. ६७२.०० बाट समायोजन भइ प्रति शेयर मुल्य रु ५५५.३७ कायम भएको । कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को साधारण सभाबाट प्रस्तावित १:१ हकप्रद शेयर जारी गर्ने निर्णय संसोधन गर्दै २०८१/०८२ को वार्षिक साधारण सभाले पारित गरेको बोनस शेयर पश्चात कायम हुने चुक्ता पुँजीको १:१ हकप्रद शेयर जारी गर्ने निर्णय भएको । वार्षिक साधारण सभाको निर्णय बमोजिम बोनस शेयर तथा हकप्रद शेयर निष्काशनको अनुमतीको लागि सम्बन्धित निकाय समक्ष निवेदन पेश गरीएको । शेयरको मुल्य तथा कारोवार वजारले निर्धारण गर्ने हुदाँ यस कम्पनीको व्यवस्थापन शेयरको मुल्य तथा कारोबार प्रति तटस्थ रहेको । साथै प्रचलित कानुन बमोजिम सम्बद्ध निकायहरूलाई उपलब्ध गराउनु पर्ने सुचना तथा जानकारी समयमा कम्पनीले उपलब्ध गराएको छ ।

३) **कानुनी कारवाही सम्बन्धी विवरण:**

(क) समिक्षा अवधिमा कम्पनीले वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर नभएको ।

(ख) कम्पनीको संस्थापक वा संचालकले वा कम्पनीको संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी कसुर गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कम्पनीको जानकारीमा नभएको ।

(ग) कम्पनी विरुद्ध कुनै आर्थिक अभियोग सम्वन्धमा कुनै मुद्दा नभएको तथा कम्पनीको संचालक विरुद्ध कुनै आर्थिक अभियोग दायर भएको कम्पनीलाई जानकारी नभएको ।

४) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको सेयर कारोवार सम्बन्धमा व्यवस्थापनको धारणाः शेयरको मुल्य तथा कारोवार वजारले निर्धारण गर्ने हुदाँ यस कम्पनीको व्यवस्थापन शेयरको मुल्य तथा कारोबार प्रति तटस्थ रहेको छ । साथै प्रचलित कानुन बमोजिम सम्बद्ध निकायहरूलाई उपलब्ध गराउनु पर्ने सुचना तथा जानकारी समयमा उपलब्ध गराएको छ ।

ख) त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विश्लेषणः यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या : नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com अनुसार ।

शेयरको अधिकतम मुल्य रु	७०४.००	कुल कारोबार संख्या	३६,७१३
शेयरको न्युनतम मुल्य रु	५३५.३०	कारोबार भएको कुल शेयर कित्ता	७२,८८,०५९
शेयरको अन्तिम मुल्य रु	५४७.९०	कारोबार भएको कुल दिन	५५

५) **समस्या तथा चुनौति :**

कम्पनीले निर्माण सम्पन्न गरी संचालनमा रहेको सोलुखोला (दुधकोशी) ८६ मे.वा. जलविद्युत परियोजना नदी प्रवाहमा आधारित भएको हुदाँ मौसमको प्रतिकुलताका कारण नदीको वहावमा आउने उतार चढावबाट श्रृजना हुन सक्ने समस्याहरू विद्यमान रहेको छ । निर्मित संरचना, उक्त संरचनामा जडान भएका उपकरणहरू, मौसमको प्रतिकुलतामा उत्पन्न हुन सक्ने समस्या तथा विद्युत उत्पादनको क्रममा आउने संभावित अन्य समस्या तथा चुनौतीहरूको सामना गर्न प्राविधिक रुपमा कम्पनी तयार रहेको छ ।

६) **संस्थागत सुशासन**

प्रचलित कानुन बमोजिमका प्रकृया पुऱ्याई कम्पनीको संस्थागत सुशासन कायम गरिएको छ ।

७) **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म संचालक व्यक्तिगत रुपमा उत्तरदायीत्व लिन्छु । मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र यथार्थपरक छन् ।

Mailung Khola Jal Vidhyut Company Ltd.

Kathmandu, Nepal

Unaudited Financial Reports for the Second Quarter of Fiscal Year 2082/083 ended on Poush 30, 2082 (January 14, 2026)

Unaudited Statement of Financial Position — Amount in Nepalese Rupees

Particulars	This Quarter Ending Poush End 2082	Previous Quarter Ending Ashwin End 2082	Corresponding Previous Quarter Ending Poush End 2081
Assets			
Non-Current Assets			
Property, Plant and Equipment	567,823	613,597	745,212
Intangible Assets	558,092,817	569,469,109	597,751,690
Intangible Assets Under Development	-	-	-
Investment Securities	76,084,299	76,991,607	90,588,273
Investment in Subsidiaries	-	-	-
Other Non-Current Assets	5,001,210	5,001,210	3,085,536
Total Non-Current Assets	**639,746,149**	**652,075,523**	**692,170,710**
Current Assets			
Inventories	-	-	-
Trade Receivables	137,825,516	139,449,692	141,063,837
Cash and Cash Equivalents	13,262,033	4,531,389	19,527,233
Other Financial Assets	1,029,197	999,197	2,748,973
Other Current Assets	4,735,336	5,178,261	3,983,055
Current Tax Assets	-	-	-
Total Current assets	**156,852,082**	**150,158,539**	**167,323,099**
Total Assets	**796,598,231**	**802,234,062**	**859,493,808**
Equity and Liabilities			
Equity			
Share Capital	376,319,800	376,319,800	376,319,800
Reserves	2,028,846	2,028,846	747,963
Retained Earnings	21,347,853	13,366,993	26,882,455
Total Equity	**399,696,499**	**391,715,639**	**403,950,218**
Non-Current Liabilities			
Borrowings	189,129,605	204,029,605	247,830,003
Other Non-Current Liabilities	60,390,449	61,127,824	65,096,528
Deferred Tax Liabilities	**46,816,383**	**45,824,627**	**50,883,318**
Total Non-Current Liabilities	**296,336,437**	**310,982,056**	**363,809,848**
Current Liabilities			
Short Term Borrowings	97,660,121	96,760,121	87,038,230
Trade Payables	-	-	-
Other Current Liabilities	1,641,266	1,802,710	4,217,414
Current Tax Liabilities	**1,263,908**	**973,536**	**478,098**
Total Current Liabilities	**100,565,295**	**99,536,367**	**91,733,743**
Total Equity and Liabilities	**796,598,231**	**802,234,062**	**859,493,808**

Unaudited Statement of Profit or Loss Account & Other Comprehensive Income

Particulars	This Quarter Ending Poush End 2082	Previous Quarter Ending Ashwin End 2082	Corresponding Previous Quarter Ending Poush End 2081
Revenue From Sales of Electricity	61,937,503	32,187,821	62,712,755
Cost of Sales	5,382,501	2,861,929	5,872,361
Gross profit	**56,555,003**	**29,325,891**	**56,840,394**
Other Income	1,521,002	752,721	1,063,998
Personnel Expenses	1,788,892	943,659	1,574,025
Other Operating and Administrative Expenses	1,746,607	1,339,346	2,411,922
Depreciation & Amortisation	22,844,132	11,422,066	22,631,934
Operating profit	**31,696,374**	**16,373,542**	**31,286,511**
Finance Cost	10,432,546	5,284,646	15,343,507
Fair Value Gain/ (Loss) on Investment through FVTPL	(661,039)	246,269	18,159,132
Other Operating Income/ (Loss)	-	-	
Profit Before Tax	**20,602,789**	**11,335,165**	**34,102,135**
Income Tax Expenses			
Current Tax	2,124,398	1,829,390	2,535,826
Deferred Tax income	(800,433)	191,323	5,364,154
Profit for the period	**17,677,959**	**9,697,099**	**26,202,156**
Other Comprehensive Income:			
Items that will not be Reclassified to Profit or Loss	-	-	-
Gains/ (losses) from Investments in Equity Instruments measured at Fair Value	-	-	-
Gains/ (losses) on Revaluation	-	-	-
Actuarial gains/ (losses) on Defined Benefit Plans	-	-	-
Income Tax relating to above Items	-	-	-
Other Comprehensive Gain/ (Loss) for the period, Net of Tax	-	-	-
Total Comprehensive Gain/ (Loss) for the period, Net of Tax	**17,677,959**	**9,697,099**	**26,202,156**

Note:
1. The Unaudited Financial figures are subject to change from external auditors and regulatory authorities.
2. The figures are regrouped and rearranged wherever necessary.

2nd QUARTER DISCLOSURE AS OF 2082.09.30
AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION
ANNEXURE-14 (RELATED TO SUB REGULATION 1 OF REGULATION 26)

1. Financial Statement

- The unaudited financial statements for the second quarter of FY 2082/83 have been published along with this report.
- **Transaction with Related Parties:** Mailung Khola Jal Vidhyut Company Limited (MKJC) has investment of NPR. 25,923,100 with Fair Value of NPR. 76,084,299 in Mathillo Mailung Khola Jalvidhyut Limited.
- Major Financial Indicators are as follows:

Earnings Per Share (EPS) (Annualized) (NPR)	Net-worth Per Share (NPR)	Market Value Per Share (NPR)	PE Ratio (Annualized)	Total Assets Per Share (NPR)	Current Ratio
9.40	106.21	515	54.82	211.68	1.56

2. Management Analysis

- **Any change in the stock, income and liquidity during the quarter and reason for change, if any:** Upto second quarter, Mailung Khola Jal Vidhyut Company Limited (MKJC) (5MW) has generated the invoice of NPR.61,937,503 from sale of electricity and gross operating profit decreased to NPR.56,555,003 with the decrease of NPR. 285,391 upto this quarter as compared to the corresponding period of last year's figure, which is mainly due to decrease in the generation of electricity and increase in cost of sales. When compared to corresponding quarter of previous fiscal year, other operating and administrative expenses has decreased by NPR. 665,315.
- **The statement of management analysis on the Upcoming business Plan:** The management is persistently working on improving internal control system and risk management practices.
- **The analytical statement on the possible effect on company's profitability, stock, and cash flow based on past experience:** The Company has maintained steady progress on profitability and there is no such other incident during the period which might have negative impact on the reserves, profit or cash flow position of the company.

3. Legal Proceedings

- Case filed by or against the Company during the quarter, if any: **None**
- Case filed by or against the Company or its Promoter or Director for violation of the prevailing regulation or committing the criminal offence, if any: **None**
- Case filed against the Promoter or Director on financial crime, if any: **None**

4. Analysis of Company's Share Transaction

The major highlights of Share transactions during the quarter are as follows:

Maximum price NPR.	594.00	**Total Transactions**	7,261.00
Minimum price NPR.	500.00	**No. of transaction Day**	55
Closing price NPR.	515.00	**Total traded volume**	1,557,994.00
Turnover NPR.	845,736,528.30		

5. Problems & Challenges

a. **Internal Challenges**
- Retention and optimization of skilled human resource.
- Fund management
- To maintain the operational efficiency.

b. **External Challenges**
- Inconsistent regulatory and policy level commitment from the government regulatory agencies in development of hydroelectric projects
- Fluctuating cost of capital and devaluating local currency.
- Delay of statutory approvals.
- Loss due to natural disaster –flood, Earthquake, force measure issue, etc.
- Lack of domestic suppliers and venders for hydropower equipment and spare parts.
- Inadequate existing transmission line network and delay in expansion for power evacuation of hydropower projects.

c. **Strategies followed by the management:**
- HR optimization plan will be implemented.
- Identification of different financial instruments along with risk assessment.
- Development of various internal policies and procedures.

6. Corporate Governance

The Board of Directors and Key management Personnel are committed to upholding good corporate governance practice in the company governance, by implementing various manuals, policies, rules & guidelines for proper functioning of the operation of the company. Various committees and sub-committee are in the process of formation in compliance with companies act, 2063 and corporate Governance guideline, 2074 issued by Security Exchange Board of Nepal.

7. Reporting

This Quarter's report has been made on the basis of Nepal Financial Reporting Standard (NFRS) and necessary adjustments has been made where ever required as per the standard and retrospective effect of the same has also been shown in the figures of previous quarters.

8. Declaration

I the General Manager of this Company, take the responsibility of accuracy of the information and that the information and details provided in this report are true, based on facts, and complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

कास्कीमा पुरानालाई नयाँको 'डर'

मुख्य प्रतिस्पर्धा कांग्रेस, एमाले, रास्वपा र नेकपाबिच हुने अनुमान

कास्कीमा **रोहितराज पराजुली**


२१ फागुनका लागि तय भएको प्रतिनिधिसभा सदस्यका लागि कास्कीमा तीन क्षेत्रमा निर्वाचन हुँदै छ। तीन सदस्यका लागि हुने निर्वाचनमा ६ स्वतन्त्रसहित ४९ जना मैदानमा उत्रेका छन्।

उम्मेदवारहरूमध्ये एकजना दोहोऱ्याउने दाउमा रहँदा अधिकांश उम्मेदवारहरू नयाँ छन्। कास्कीका तीनमध्ये क्षेत्र नम्बर ३ मा ०७९ को निर्वाचमा विजयी एमालेका दामोदर पौडेल दोस्रोपटक मैदानमा होमिदा ठुला दलसँगै अन्य सबै उम्मेदवार अधिकांश नयाँ छन्। उम्मेदवारमध्ये ६० वर्षमाथिका सात, ४० देखि ६० वर्षभित्रका ३७ र ४० वर्षभन्दा तलका पाँचजना छन्।

कास्कीमा दुई दर्जन हाराहारी दलका उम्मेदवार मैदान उत्रे पनि कांग्रेस, एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बिच मुख्य प्रतिस्पर्धा हुने अनुमान गरिएको छ। ०७९ को निर्वाचनमा एमाले, कांग्रेस, माओवादीलगायतका ठुला दललाई रास्वपाले चुनौती दिएको थियो। यसपटक उज्यालो नेपालसँगै श्रम संस्कृति पार्टी उदाउँदा दलका रूपमा देखिए पनि मुख्य प्रतिस्पर्धा भने तीन दलबिचमा हुने अनुमान कास्कीमा गरिएको छ। यसअघि कास्कीका तीन क्षेत्रमा एमालेले जित हात पार्दा प्राप्त गरेको मतका आधारमा दुई क्षेत्रमा १ र ३ मा कांग्रेस-माओवादी-समाजवादी गठबन्धनका उम्मेदवार दोस्रो हुँदा २ नम्बरमा भने रास्वपाका उम्मेदवार दोस्रो भएका थिए।

कास्कीका ४९ जना उम्मेदवारमध्ये ६० वर्षमाथिका सात, ४० देखि ६० वर्षभित्रका ३७ जना र ४० वर्षभन्दा तलका पाँचजना छन्। कास्की क्षेत्र १ बाट कांग्रेसका तिलक रानाभाट, एमालेका बैनबहादुर अधिकारी क्षेत्री, नेकपाका राजकाजी गुरुङ र रास्वपाका खडकराज पौडेल (गनेश), राप्रपाका बाबुराम थापा, राष्ट्रिय जनमोर्चाका रविमोहन ढकाल, उज्यालो नेपालका मनीषा द्वा, श्रम संस्कृतिका बिलबहादुर तामाङसहित १७ जना उम्मेदवार छन्।

क्षेत्र २ बाट कांग्रेसका माधवप्रसाद बास्तोला (मधु), एमालेका रश्मि आचार्य, नेकपाका हेमबहादुर थापा पराजुली, रास्वपाका उत्तमप्रसाद पौडेल, राप्रपाका हेमजंग गुरुङ, उज्यालो नेपालका कुशल गुरुङसहित १७ जना उम्मेदवार छन्। क्षेत्र ३ मा कांग्रेसका मनोज गुरुङ, एमालेका दामोदर पौडेल, नेकपाका गोपाल गिरी, रास्वपाकी विना गुरुङ, राप्रपाका अर्जुनप्रसाद खनाल, उज्यालो नेपालका तर्कबहादुर गुरुङ, श्रम संस्कृतिका हितकाजी गुरुङसहित १५ जना उम्मेदवार छन्।



■ महिलालाई उपेक्षा

कास्कीमा ठुलासँगै साना दलले प्रत्यक्षतर्फका उम्मेदवार चयन गर्दा महिलालाई उपेक्षा गरेका छन्। कास्कीका कुल ४९ उम्मेदवारमध्ये जम्मा पाँचजना मात्र महिला छन्। जसअनुसार कास्की १ बाट उज्यालो नेपालले मनीषा द्वा, कास्की २ बाट नेमकिपाले विनिता अवाल, कास्की ३ बाट रास्वपाले विना गुरुङ, नेमकिपाले मीना न्हिसुतु र नेसनल रिपब्लिक पार्टीले तिरथ गुरुङलाई उम्मेदवार बनाएको छ।

■ यस्तो थियो यसअघिको अवस्था

देश संघीय संरचनामा गएपछि ०७४ मा भएको निर्वाचनमा कास्कीमा एमाले र माओवादीले गठबन्धन गर्दा तीन क्षेत्रमै एमालेका उम्मेदवार विजयी भएका थिए। ०७९ को निर्वाचनमा कांग्रेस, माओवादी र एकीकृत समाजवादीले गठबन्धन गर्दै कास्कीको एक-एक क्षेत्रमा आ-आफ्नो उम्मेदवारी दिए पनि तीनै क्षेत्रमा एमालेका उम्मेदवार विजयी भएका थिए। निर्वाचनमा एमाले, कांग्रेस, माओवादीले प्रत्यक्षमा पाएको भन्दा समानुपातिकतर्फ कम मत ल्याउँदा रास्वपा र राप्रपाले प्रत्यक्षमा भन्दा समानुपातिकमा धेरै मत ल्याएका थिए।

कास्की १ मा प्रत्यक्षतर्फ विजयी एमालेले २५ हजार ७०८ मत ल्याउँदा, कांग्रेस २३ हजार १८९, रास्वपा १० हजार ९४१, राप्रपा तीन हजार आठ मत ल्याएका थिए। समानुपातिकतर्फ एमाले २१ हजार ४४३, कांग्रेस १६ हजार २८६, रास्वपा १५ हजार ८६४, माओवादी पाँच हजार १०८, राप्रपा तीन हजार ८६६ मत। त्यस्तै, कास्की २ मा प्रत्यक्षतर्फ विजयी एमालेले १६ हजार ९९८ मत ल्याउँदा, रास्वपा १२ हजार ४९५, एकीकृत समाजवादी नौ हजार ६५९, राप्रपा तीन हजार ९९३ मत।

समानुपातिकतर्फ एमाले १४ हजार दुई, रास्वपा १३ हजार ५४०, कांग्रेस १० हजार ५५३, राप्रपा चार हजार ४६५, माओवादी दुई हजार ४०४ मत। कास्की ३ मा प्रत्यक्ष तर्फ विजयी एमाले २२ हजार ९८० मत ल्याउँदा, माओवादी १७ हजार ५३६, रास्वपा १२ हजार १८०, राप्रपा दुई हजार ४४२ मत।

समानुपातिकतर्फ एमाले १९ हजार ३४६, कांग्रेस १५ हजार ८३१, रास्वपा १४ हजार १४३, माओवादी तीन हजार ९६३, राप्रपा दुई हजार ९४१ मत।

■ के भन्छन् प्रमुख दलका नेता ?



नवीन सिग्देल
प्रवक्ता, कांग्रेस कास्की

विशेष महाधिवेशनपछि पार्टीमा, स्थानीयस्तरसँगै टोलटोलमा पार्टीका नेता र कार्यकर्तामा उत्साह जागेको छ। पार्टीले अघि सारेका उम्मेदवारहरूलाई जनताले रुचाएका कारण परिणाम कांग्रेसको पक्षमा आउनेमा ढुक्क छौं।



● **दर्शन लामा**
सचिव, एमाले, कास्की

एमालेले ०७९ को निर्वाचनमा गठबन्धनलाई पछि पार्दै एक्लै निर्वाचनमा होमिएको अवस्थामा कास्कीमा क्लिनस्विप गरेको थियो। नेता, कार्यकर्ता र जनतामा एमालेप्रति यसअघि जुन विश्वास थियो, हाल घरदैलो गर्ने क्रममा त्यो अझै बढेको पायौं।



● **विश्वप्रकाश लामिछाने**
संयोजक, नेकपा, कास्की

पार्टीले अघि सारेका अभियान लिएर जनता र मतदाताका माझ जाँदा सकारात्मक प्रतिक्रिया आएका छन्। पार्टीमा जनलहरसमेत बढ्दो छ। सबै दृष्टिले भन्दा कास्कीमा हाल पार्टीको अवस्था मजबुत बनेकाले निर्वाचनमा विजयी हुनेमा विश्वस्त छौं।



● **यदु अधिकारी**
सभापति, रास्वपा, कास्की

पार्टीप्रति जनतामा व्यापक उत्साहसँगै जनलहर बढेको छ। घरदैलोको क्रममा मतदातासँग भेट गर्ने क्रममा मतदान गर्ने दिन कहिले आउला र घण्टीमा मत हालौंला भनी प्रतीक्षा गरेर बस्नुभएको छ। हामी नेताभन्दा पनि मतदातामा देखिएको उत्साहका कारण कास्कीमा पहिलो पार्टी बन्छ भन्नेमा ढुक्क छौं।



● **शालिग्राम धिमिरे**
उपाध्यक्ष, राप्रपा, कास्की

जनतामा पार्टीप्रतिको हेराइ एकदमै सकारात्मकसँगै अघिल्लो निर्वाचनको भन्दा बढेको पाएका छौं। पार्टीले उठाएका मुद्दा र एजेन्डा जनताले धेरै रुचाएका छन्। घरदैलोको क्रममा पार्टीका उम्मेदवारहरूप्रति जनताले यसले त केही गर्ला भन्ने किसिमले कुरा गरेको देख्दा यसपटक राम्रो नतिजा आउँछ भन्ने लागेको छ।

■ प्रहरी हवल्दार घर्ती हत्या प्रकरण

तीनजना पक्राउ, मुख्य आरोपी फरार

दार्चुलामा **नरेन्द्रसिंह कार्की**

दार्चुलाको खलंगास्थित बंगाबगड सामुदायिक प्रहरी सेवा केन्द्रमा कार्यरत प्रहरी हवल्दार योगेन्द्र घर्तीको हत्याका मुख्य आरोपी अझै फरार छन्। सोमबार राति महाकाली नगरपालिका- ४ स्थित पूजा बियरबारपछाडि मृत अवस्थामा घर्तीको शव फेला परेको थियो। प्रहरीले हत्या आरोपमा तीनजनालाई पक्राउ गरेको छ। सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक एसएसपी पदमबहादुर विष्टका अनुसार घर्तीको हत्यामा संलग्न रहेको आशंकामा महाकाली नगरपालिका- ४ बस्ने २० वर्षीया दीपिका पाल, २१ वर्षीया पायल लुहार र सुरेन्द्र बमलाई पक्राउ गरिएको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) पदमबहादुर विष्टले जानकारी दिए। उनका अनुसार घटनामा संलग्न देखिएका मुख्य आरोपित चारजना भने फरार छन्।


योगेन्द्र घर्ती

फरार हुनेमा अस्मिता बियरबार होटेलका सञ्चालक मालिकार्जुन गाउँपालिका- ६ की ३९ वर्षीया जानकी बम, २१ वर्षीय आशिष पाल, १९ वर्षीय मनीष पाल र दुहुँ गाउँपालिका- २ का ४२ वर्षीय राजेन्द्रसिंह डडाल रहेको प्रहरीले जनाएको छ। पक्राउ परेकी दीपिका भने आशिक पालकी कान्छी श्रीमती भएको प्रहरीले जनाएको छ। घटनालगत्तै उनीहरू भारत भागेको हुन सक्ने प्रहरीको अनुमान छ। 'खोजीकार्य व्यापक भइरहेको छ,' एसएसपी विष्टले भने, 'तर, घटनास्थल र भारतीय सीमा नजिकै भएको हुँदा भारततर्फ भागेको हुन सक्छन्।' प्रहरीले फरार रहेकाहरूको खोजीका लागि तस्बिरसहित नामावली सबै प्रहरी पोस्टलाई पठाएको छ।

घर्तीको हत्याको कारण खुल्न सकेको छैन। 'उनको राति १० देखि २ बजेसम्म ड्युटी थियो भन्ने जानकारी आएको छ,' एसएसपी विष्ट भन्छन्, 'तर, पोसाक भेटिएको छैन। मुख्य आरोपित पक्राउ परे मात्रै घटनाबारे विस्तृत विवरण आउन सक्छ।' उनका अनुसार घर्तीको टाउकोमा धारिलो हतियार प्रहार गरिएको छ। शरीरका कपडा फुकालिएको छ। घटनाबारे प्रहरीले मंगलबार बिहान मात्रै सूचना पाएको थियो।


आफन्त विजयसिंह ऐरीले दुई-तीन महिनाअघि मात्रै काजसरुवा मिलाएर घर्ती दार्चुला आएको बताए। 'बैतडी दरबन्दी रहेका घर्ती घरायसी समस्याका कारण काजसरुवा मिलाएर आएका थिए। निर्मम तरिकाले हत्या गरिएको छ। छानबिनको माग गरेका छौं, प्रहरीले आरोपितलाई चाँडो समातोस्,' उनले भने।

मृतकका दाजु ज्ञानेन्द्र घर्तीले घटनाको निष्पक्ष अनुसन्धान गर्न माग गरे। एमाले दार्चुला अध्यक्षसमेत रहेका घर्तीले प्रश्न गर्दै भने, 'सदरमुकाम खलंगामै यस्ता जघन्य अपराधका घटना हुनु सामान्य विषय होइन। जनताको सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई मारिन्छ भने सर्वसाधारणले बजारमा कसरी सुरक्षाको अनुभूति गर्न सक्छन् ?'

■ प्रधानमन्त्रीको निर्देशन-

सुरक्षा समन्वयमा त्रुटि नहोस्

काठमाडौं/ प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचनलाई शान्तिपूर्वक सम्पन्न गर्न सुरक्षा समन्वयमा त्रुटि नगर्न निर्देशन दिएकी छिन्। नेपाली सेनाको पृतनापति समन्वयात्मक बैठक- २०८२ को उद्घाटन सत्रलाई मंगलबार सम्बोधन गर्दै उनले यसअघिका चुनावको समेत अनुभव र आसन्न चुनावका विविध आयामहरूबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायहरूसँग समन्वय गरी त्रुटिरहित ढंगले काम गर्नुपर्नेमा जोड दिएकी हुन्।



उनले भनिन्, 'विगतमा सुरक्षा संयन्त्रहरूबिच समन्वयमा कतै त्रुटि र रिक्तता भएका रहेछन् भने अब त्यो अवस्था दोहोरिन नदिन र चुनावी सुरक्षामा कत्ति पनि चुक हुन नदिनेतर्फ सतर्क हुनुहोस्।' निर्वाचनलाई सुरक्षित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारबाट स्वीकृत भएको 'प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२' अनुसार नेपाली सेनालाई प्राप्त जिम्मेवारीहरू उत्कृष्ट ढंगबाट सम्पादन गर्नेमा आफू विश्वस्त रहेको उनको भनाइ थियो।

'जनतालाई सुरक्षाको प्रत्याभूति दिन, प्रहरी कारबाहीलाई सहजीकरण, सहयोग र सुरक्षित गर्न तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिहरूलाई विनाअवरोध सञ्चालन गर्ने वातावरण सिर्जना गर्न अन्य निकायहरूसँगको सहकार्यमा स्पष्ट कार्ययोजनासहित अघि बढ्न म तपाईंहरूलाई निर्देशन दिन्छु,' उनले भनिन्।

Ganapati Laghubitta Bittiya Sanstha Limited

("D" Class Financial Institution Licensed by Nepal Rastra Bank)
Ward No.4, Suklagandaki Municipality, Dulegauda, Tanahun
Phone No: 065-414247,414297, Email: info@ganapatimicro.com.np

Unaudited Condensed Statement Of financial position

As on poush 30, 2082 (January 14, 2026) (Amount In NPR)

Particulars	This Quarter Ending	Corresponding Previous Year
Assets		
Cash & Cash Equivalent	102,183,208.04	178,732,278.36
Statutory Balances and due from Nepal Rastra Bank	-	-
Placement with Bank & financial institutions	-	-
Derivative financial Instruments	-	-
Other trading Assets	-	-
Loan & Advances to MFIs & cooperatives	-	-
Loan & advances to Customers	2,301,192,950.89	2,117,351,501.92
Investment Securities	-	-
Current Tax Assets	21,942,917.60	17,689,460.36
Investment Property	-	-
Property and Equipment	7,630,562.88	6,235,956.16
Goodwill and Intangible Assets	688,725.89	411,602.50
Deferred Tax Assets	4,169,180.63	13,230,092.34
Other Assets	110,692,175.59	76,537,767.05
Total Assets	**2,548,499,721.52**	**2,410,188,658.69**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative financial Instrument	-	-
Deposit from Customers	504,023,861.13	471,912,398.00
Borrowing	1,635,884,907.76	1,620,501,992.26
Current Tax Liabilities	-	-
Provisions	17,924,753.13	16,062,787.43
Deferred Tax Liabilities	-	-
Other Liabilities	109,899,315.13	101,544,329.39
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**2,267,732,837.15**	**2,210,021,507.08**
Equity		
Share Capital	151,554,532.50	151,554,532.50
Share Premium	-	-
Retained Earnings	41,565,610.77	8,330,240.48
Reserves	87,646,741.10	40,282,378.63
Total Equity	**280,766,884.37**	**200,167,151.61**
Total Liabilities and Equity	**2,548,499,721.52**	**2,410,188,658.69**

Unaudited Condensed Statement Of Profit or Loss

As on poush 30, 2082 (Amount In NPR)

Particulars	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto this Quarter(YTD)	This Quarter	Upto this Quarter(YTD)
Interest Income	86,190,675.68	173,083,608.80	79,202,476.08	159,689,869.36
Interest Expenses	33,371,691.73	71,132,919.03	39,892,773.99	84,606,659.65
Net Interest Income	**52,818,983.95**	**101,950,689.77**	**39,309,702.09**	**75,083,209.71**
Fee and Commission Income	445,349.49	687,010.68	533,597.59	661,592.81
Fee and Commission Expenses	205,358.00	373,595.45	240,181.33	490,002.60
Net Fee and Commission Income	**239,991.49**	**313,415.23**	**293,416.26**	**171,590.21**
Net Interest,Fee and Commission Income	**53,058,975.44**	**102,264,105.00**	**39,603,118.35**	**75,254,799.92**
Net Trading Income	-	-	-	-
Other Operating Income	1,978,469.45	4,019,823.87	2,183,227.07	4,085,641.38
Total Operating Income	**55,037,444.89**	**106,283,928.87**	**41,786,345.42**	**79,340,441.30**
Impairment Charge reversal for loans and other losses	44,328,324.74	42,344,030.23	(8,237,795.46)	(5,337,874.12)
Net Operating Income	**10,709,120.15**	**63,939,898.64**	**50,024,140.88**	**84,678,315.42**
Operating Expenses	-	-	-	-
Personnel expenses	22,363,642.41	52,858,109.36	26,306,712.13	51,035,707.12
Other Operating Expenses	7,994,072.06	13,599,044.06	6,896,794.06	14,798,957.84
Depreciation and Amortization	525,727.66	1,052,209.08	655,828.47	1,200,630.27
Operating Profit	**(20,174,321.98)**	**(3,569,463.86)**	**16,164,806.22**	**17,643,020.19**
Non Operating Income	-	-	-	-
Non Operating Expenses	-	-	-	-
Profit Before Income Tax	**(20,174,321.98)**	**(3,569,463.86)**	**16,164,806.22**	**17,643,020.19**
Income Tax Expense	-	-	-	-
Current Tax	-	-	4,849,441.87	5,292,906.06
Deferred Tax	-	-	-	-
Profit for the Period	**(20,174,321.98)**	**(3,569,463.86)**	**11,315,364.35**	**12,350,114.13**
Unaudited Condensed Statement Of Comprehensive Income				
Profit for the Period	**(20,174,321.98)**	**(3,569,463.86)**	**11,315,364.35**	**12,350,114.13**
Other Comprehensive Income	-	-	0	0
Total Comprehensive Income	**(20,174,321.98)**	**(3,569,463.86)**	**11,315,364.35**	**12,350,114.13**
Basic Earning Per Share	-26.62	-4.71	14.93	16.30
Diluted Earning Per Share	-26.62	-4.71	14.93	16.30

Ratio As per NRB Directive

Ratios	Current Year		Corresponding Previous Year	
	This Quarter	Up to This Quarter End	This Quarter	Up to This Quarter End
Capital Fund to RWA		8.06%		8.24%
Non-Performing Loan(NPL) to total Loan		14.37%		4.13%
Total loan Loss Provision to total NPL		34.08%		92.59%
Cost Of Fund		6.06%		8.33%
Credit to Deposit and Borrowing Ratio		107.54%		101.19%
Base Rate		12.58%		14.81%
Interest Rate Spread		8.32%		6.67%

Statement of Distributable Profit or Loss

For the Quarter Ended poush, 2082
(Amount In NPR)

Particulars	NPR
Net profit or (loss) as per statement of profit or loss	**-3569463.86**
Appropriations:	**0.00**
a. General Reserve	
b. Foreign Exchange Fluctuation fund	
c. Capital redemption reserve	
d. Corporate social responsibility fund	
e. Employees training fund	
f. Client Protection Fund	
g. Other	
Profit or (loss) before regulatory adjustment	**-3569463.86**
Regulatory adjustment :	
a. Interest receivable (-)/previous accrued interest received (+)	-12138191.82
b. Short loan loss provision in accounts (-)/reversal (+)	
c. Short provision for possible losses on investment (-)/reversal (+)	
d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+)	
e. Deferred tax assets recognised (-)/ reversal (+)	
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	
g. Bargain purchase gain recognised (-)/resersal (+)	
h. Actuarial loss recognised (-)/reversal (+)	
i. Other	
Net Profit for the Quarter ended on poush 2082 available for distribution	**-15707655.68**
Opening Retained Earning as on Shrawan 01, 2082	**26408628.65**
Adjustment (+/-)	
Distribution:	
Bonus shares issued	
Cash Dividend Paid	
Total Distributable profit or (loss) as on Quater end poush 2082	**10700972.96**

Notes to interim Financial Statements:

1. The above figures are subject to change as per the direction of the Regulatory body i.e. NRB.
2. The interim financial statement have been prepared in accordance with Nepal Financial Reporting Standards as issued by the Accounting Standards Board, Nepal and the carve out issued by ICAN.
3. Loans and Advances to Clients are presented as a net amount of impairment allowances.
4. Loan and Advances to Customers and staff lending are measured at amortized cost.
5. Bonus payable to employees have been taken as 10% of profit before bonus adjustment.
6. Overdue interest and accrued interest has been transferred to Regulatory reserve after adjustment for tax and bonus.
7. Last year amount have been reclassified, restated & corrected wherever necessary for the purpose for comparability with NFRS balances.
8. The interim Financial Statements has been updated in the Microfinance website: www.ganapatimicro.com.np

**** Interest Rate On Loan & Advances: 14.38% and Deposits: 7.5% to 8.55%***

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि १४
(नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०८२/८३ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यस वित्तीय संस्थाको दोस्रो त्रैमासिक नाफा नोक्सान तथा २०८२ साल पौष मसान्तसम्मको वासलात सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरू :

प्रतिशेयर आम्दानी अनुपात (वार्षिक)	मूल्य आम्दानी अनुपात (P/E Ratio)	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
-४.७१	-३१८.२१	१८५.२६	१६८१.५७	४.७८

२. व्यवस्थापकीय विश्लेषण :

(क) मौज्दात, आम्दानी र तरलतामा भएको परिवर्तन सम्बन्धी विवरण : त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको, मौज्दात र तरलतामा वित्तीय संस्थाले अनुमान गरे अनुसारको स्थिरता कायम रहेको छ। हाल देखिएको आर्थिक संकुचन, लघुवित्त वित्तीय क्षेत्रमा देखिएको उतार चढाव तथा विषम परिस्थितिले देशको वैकिंक तथा लघुवित्त सेवा प्रभावित भएको छ। आम्दानी तर्फ वित्तीय संस्थाले अनुमान गरे अनुरुप प्रगती नभएको साथै केहि सूचकहरू सुधार गर्नु पर्ने भएकोले विशेष ध्यान दिई सुधार गरीने गरीनेछ। साथै अन्य वित्तीय सूचकहरूमा सन्तोष गर्न सकिने अवस्था रहेको छ।

(ख) आगामी अवधिको कार्य योजना सम्बन्धी विश्लेषणात्मक विवरण : राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले स्वभाविक वृद्धि (Natural Growth) लाई आफ्नो प्रमुख लक्ष्यको रुपमा अगाडि सारेको छ। फलस्वरुप हालसम्म ४३ वटा शाखा कार्यालय मार्फत ग्राहक सदस्यहरूलाई आधुनिक तथा गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको छ। सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा विस्तार कार्यकुशलता तथा उत्पादकत्वमा अभिवृद्धि गरीनेछ साथै प्रविधिमा थप लगानी गर्दै जानेमा व्यवस्थापनको सोच रहेको छ। लघुवित्त बजारको बर्तमान अवस्थालाई मध्यनजर गरी अन्य चुनौतिहरूको सामना गर्दै नकारात्मक प्रभावलाई न्यूनिकरण गर्दै लैजान हरसम्भव प्रयासहरू गरिने छ।

(ग) विगतको अनुभववाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा उल्लेख्य असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विवरण : विगतको अनुभववाट यस वित्तीय संस्थाले विकास गरेका सेवामुखी सुविधा तथा ग्राहक सदस्यहरूले वित्तीय संस्था प्रति देखाएको उत्साहले हालसम्म यस वित्तीय संस्थालाई आफ्नो सेवा विस्तार गर्न सहजता प्राप्त भएको छ। जसको कारण यस वित्तीय संस्थाको आम्दानी सकारात्मक रहेको छ। हाल देखिएको आर्थिक संकुचनको असर, लघुवित्त क्षेत्रमा देखिएको उतार चढाव तथा विषम परिस्थीतिले सृजना गरेको किस्ता नतिर्ने प्रवृति, कोषको श्रोतमा सीमितता तथा त्यसले निम्त्याएको अवस्थाले लघुवित्त क्षेत्रमा उल्लेख्य असर गरेको छ। अन्य चुनौतीहरू जस्तैः लघुवित्त वित्तीय संस्थाहरू बिच अस्वस्थ प्रतिस्पर्धा, कर्जामा बहुपना, बढ्दो सञ्चालन लागत आदि कारणले समेत वित्तीय संस्थालाई प्रभाव पार्न सक्ने भएता पनि वित्तीय संस्थाले विकास गरेको आन्तरिक नियन्त्रण प्रणाली, न्यून आय भएका वर्गलाई वित्तीय पहुँच पुऱ्याउँदै सदस्यमा वृद्धि, कृषि तथा पशुपालन क्षेत्रमा आधारीत कर्जालाई प्राथमिकता, कर्मचारीको क्षमता अभिवृद्धि साथै वित्तीय संस्थासंग रहेको मौज्दात र सोको उचित व्यवस्थापनको कारण सम्पूर्ण परिसुचकहरूमा सुधार गर्दै तुलो नकारात्मक असर नपर्ने देखिन्छ। यसको साथै भविष्यमा पनि यस्तो नकारात्मक असर पर्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिहरूको तर्जुमा गरी अगाडी बढ्दै जाने नीति यस वित्तीय संस्थाले लिएको छ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

(क) त्रैमासिक अवधिमा यस वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) सेयर कारोवार धितोपत्र बजारबाट निर्देशित हुने हुँदा व्यवसायको बृद्धिसँगै कारोवार मूल्य सकारात्मकता तर्फ उन्मुख हुनु स्वभाविक हो। विविध कारणहरूको असर स्वरुप मूल्यमा उतार चढाव आएता पनि हालसम्मको कारोवार सन्तोषजनक रहेको छ।

(ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइटअनुसार दोस्रो त्रैमासिक अवधिमा यस संस्थाको सेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार दिन	कारोवार संख्या
१६२१	१४५४.५	१४९८.९	५५	११३२

५. समस्या तथा चुनौती : आन्तरीक समस्या तर्फ दक्ष जनशक्तिको अभाव, भौगोलिक कठिनाईले कर्मचारीको उत्पादकत्व क्षमतामा ह्रास, बढ्दो संचालन लागत, कर्मचारीहरु पलायन हुने आदी जोखिम रहेको छन्। बाह्य समस्या तर्फ लघुवित्त क्षेत्रमा देखिएको उतार चढाव तथा विषम परिस्थीतिले सृजना गरेको किस्ता नतिर्ने प्रवृति, कामको खोजीको लागि सदस्यहरु विदेश जाने क्रम बढ्दो, सदस्यको समुह दायित्व प्रतिको उदासिनता, सदस्यहरुद्धारा उत्पादित वस्तु तथा सेवाको अल्पवस्थीत बजार व्यवस्थापन, लघुवित्तमा अस्वस्थ प्रतिस्पर्धा, सदस्यमा बहुपना लगायतका जोखिमहरु प्रमुख चुनौतिका रुपमा देखिएका छन्।

६. संस्थागत सुशासन : संस्थागत सुशासनका लागि संस्था सदैव प्रतिवद्ध रहेको छ। संस्थागत सुशासनमा विशेष ध्यान दिईएको छ। यस वित्तीय संस्थाले विद्यमान ऐन कानून तथा नीति नियम र नियमनकारी निकायहरूबाट प्राप्त निर्देशनहरू मुताबिक आफ्नो व्यवसाय संचालन गर्दै आएको छ। साथै वित्तीय संस्थाका शेयरधनीहरू प्रति वित्तीय संस्थाको संचालक समिति पूर्ण रुपमा जवाफदेही र उत्तरदायी रहेको छ। नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार संस्था संचालनमा रही आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षकले दिएको सुझाव क्रमोजिम कार्यान्वयन गर्दै आएको छ। कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था, सदस्यहरूलाई अप्रेरो परेको बेला सहयोग पुऱ्याउने उद्देश्यले स्थापित ग्राहक संरक्षण कोष जस्ता कोषहरूको व्यवस्था गरेको छ। यस वित्तीय संस्थाको संचालक समितिले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन विभिन्न उपसमितिहरू गठन गरी कार्य संचालन गर्दै आएको छ। आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा हुने निरीक्षणबाट प्राप्त सुझावहरूको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन संचालक समिति कटिबद्ध रहे अनुसार कारोवारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरू तर्जुमा गरी लागू गरिएको छ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य,तथ्य र पूर्ण छन्। लगानीकर्ताहरूलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारी लुकाइएको छैन।

'गरिबी निवारणमा तपाईको परिश्रम, हाम्रो साथ'

नेपालका लागि आगामी दशक

आगामी दशकलाई स्वर्णिम बनाउन नेपालले स्वदेशमै कम्तीमा वार्षिक पाँच लाख थप मर्यादित रोजगारी सिर्जना गर्नुपर्छ



● ललितकुमार यादव

अग्रलेख

इतिहासको कुनै कालखण्डमा हरेक राष्ट्र एक न एकपटक यस्तो घुम्तीमा उभिएकै हुन्छ, जहाँबाट राष्ट्रले सही बाटो समात्न खोज्छ। तैपनि, सही बाटो पहिल्याउन नसकी ऊ अल्मलिइरहेको हुन्छ। यस्तो अवस्थामा राष्ट्रलाई सही दिशा दिने काम राजनीतिक नेतृत्वको हो। नेतृत्वले लिने सही निर्णयबाटै राष्ट्रको भविष्य निर्धारित हुन्छ। आज नेपाल ठ्याक्कै त्यही घुम्तीमा उभिएको छ। आगामी समयलाई स्वर्णिम बनाउँदै भविष्य सुन्दर बनाउन सही बाटो खोज्दै छ।

सात दशकभन्दा लामो राजनीतिक संघर्ष, पटक-पटकको व्यवस्था परिवर्तन र संविधानसभाबाट घोषित संघीय लोकतान्त्रिक गणतन्त्रको बलियो जगमा यतिखेर नेपाल उभिएको छ। नेपालले अब एउटै प्रश्नको जवाफ खोजिरहेको छ। त्यो हो, के राजनीतिक नेतृत्व राजनीतिक क्रान्ति र त्यसका उपलब्धिलाई आगामी दिनमा आर्थिक समृद्धिमा रूपान्तरण गर्न तयार छन् ? आगामी दशक नेपालका लागि केवल समयको अन्तराल मात्र हुनेछैन। आगामी दशक नेपालका लागि सम्भावनाको परीक्षण र चुनौतीको सामना गर्ने स्वर्णिम दशकसमेत हो। सामाजिक परिवर्तन तथा रूपान्तरणको दशक हो। समृद्ध नेपालका अनिवार्य आवश्यकता पनि यिनै हुन्।

● जनसांख्यिक लाभांश

नेपाल अहिले आफ्नो इतिहासकै सबैभन्दा अनुकूल 'डेमोग्राफिक विन्डो' (जनसांख्यिक लाभांशको समय) बाट गुज्रिरहेको छ। कुल जनसंख्याको करिब ६० प्रतिशतभन्दा बढी हिस्सा क्रियाशील उमेर समूहको जनसंख्याले ओगटेको छ। यस्तो अवस्था कुनै पनि राष्ट्रको विकासका लागि स्वर्णिम समय मानिन्छ। आगामी दशक नेपालका लागि त्यही स्वर्णिम समय हो। तर, यथार्थ भने तितो छ। नेपालका विश्वविद्यालयले शैक्षिक डिग्रीका प्रमाणपत्र त बाँडिरहेका छन्। तर, ती प्रमाणपत्रले स्वदेशमै रोजगारीको सुनिश्चितता गर्न सकेको देखिँदैन।

प्रत्येक दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा होनहार नेपाली युवाको लस्कर देखिन्छ। होनहार युवाको लस्करले देशको भविष्य कता जाँदै छ भन्ने गम्भीर प्रश्न उठाइरहेको छ। रेमिट्यान्सले विदेशी मुद्राको सञ्चिति त बढाएको छ। तर, उपभोगवादी संस्कृति मौलाउँदै गएको छ। आगामी दशकलाई स्वर्णिम दशक बनाउन नेपालले कम्तीमा वार्षिक पाँच लाख थप मर्यादित रोजगारी स्वदेशमै सिर्जना गर्नैपर्ने हुन्छ। नभए यो जनसांख्यिक लाभांश जनसांख्यिक विपत्तिमा परिणत हुनेछ। अबको शिक्षा केवल प्रमाणपत्रमुखी हुनुहुँदैन। शिक्षा सीपयुक्त र बजारमुखी हुनुपर्छ।

● ऊर्जा र हरित अर्थतन्त्र

नेपालको जलविद्युत् क्षेत्र अहिले सुखद सफलताको अवस्थामा पुगेको छ। १० वर्षमा १० हजार मेगावाट निर्यात गर्ने लक्ष्य र भारत तथा बंगलादेशसँगको बिद्युत् व्यापार सम्झौताले आशाको सञ्चार गराएको छ। तर, समृद्धिको साँचो केवल बिजुली निर्यातमा मात्र सीमित छैन। समृद्ध नेपालको साँचो विद्युत्को आन्तरिक खपतमा निहित छ।

अब नेपालको ऊर्जा रणनीतिलाई परिमार्जन गर्नुपर्ने समय आएको छ। कच्चा पदार्थका रूपमा बिजुली बेचेर मात्र नेपाल समृद्ध हुन सक्दैन। अब आन्तरिक खपतका लागि सस्तोमा बिजुली उपलब्ध गराउनुपर्छ। उद्योगहरू सञ्चालन गर्ने वातावरण बनाउनुपर्छ। विद्युतीय यातायातको शतप्रतिशत विस्तार हुनुपर्छ। 'ग्रिन हाइड्रोजन' (हरित हाइड्रोजन) को उत्पादनमा विश्वको नेतृत्व लिने दिशामा अघि बढ्नुपर्छ। स्वदेशमै सम्मानित रोजगारीको व्यवस्था गर्नुपर्छ। जलविद्युत्लाई आधार बनाएर गरिने औद्योगिकीकरणले मात्र व्यापार घाटा कम गर्न सकिन्छ। यसरी नै दिगो आर्थिक विकासको जग बसाल्न सकिन्छ।

● सूचना प्रविधि

नेपालका लागि भूपरिवेष्टित राष्ट्र हुनु अभिशापका रूपमा र व्यापारिक लागत महँगो हुनु अवरोधका रूपमा रहिआएको छ। तर, सूचना प्रविधि क्षेत्रका लागि भूगोल गौण विषय हो। हालैका वर्षमा नेपाली युवाले काठमाडौंका गल्लीबाटै विश्वका ठुल्ठुला कम्पनीका लागि सफ्टवेयर बनाइरहेका छन्। यो सूचना प्रविधिको क्षेत्रमा नेपालले प्राप्त गर्न सक्ने सफलता र हात पार्दै गएको उपलब्धिको प्रमाणका रूपमा रहेको छ।

आगामी दशकमा नेपालले सूचना प्रविधिलाई राष्ट्रिय गौरवको आयोजनासरह प्राथमिकता दिनुपर्छ। डिजिटल अर्थतन्त्रले केवल रोजगारीको नयाँ अवसरको सिर्जना मात्र गर्दैन, यसले देशलाई भ्रष्टाचारमुक्त र सुशासनमा अभ्यस्त बनाउन ठुलो मद्दत गर्छ। राज्यले उच्च गतिको इन्टरनेट, भरपर्दो बिजुली र आइटी स्टार्टअपका लागि कर सहुलियत सुनिश्चित गर्न सक्नुपर्छ। नेपाललाई दक्षिण एसियाकै 'डिजिटल हब' का रूपमा विकास गर्नुपर्छ। यसले मात्र नेपालको बौद्धिक पलायनलाई रोक्न सक्छ। बिदेसिएका युवालाई स्वदेशमै फर्काएर उनीहरूले विदेशमा सिकेको सिप र कमाएको पुँजी सदुपयोग गर्ने वातावरण निर्माण गर्नुपर्छ।



● कृषि र पर्यटन

नेपाल कृषिप्रधान देश भनेर चिनिन्छ। तर, अधिकांश नेपालीको थालमा छिमेकी मुलुकबाट आयात गरिएको चामल, दाल र तरकारी पस्किइन्छ। नेपालको हरेक भान्साका लागि भुटनदेखि मसलासम्म आयात गर्नुपर्ने अवस्था छ। कृषिप्रधान देशका लागि योभन्दा ठुलो दुर्भाग्य के हुन सक्छ ? आगामी दशकमा कृषिलाई निर्वाहमुखी अवस्थाबाट व्यावसायिक पेसा बनाउनुको विकल्प छैन। खेतीयोग्य जमिनको चक्लाबन्दी, मल व्यवस्थापन, बिउबिजनको सहज उपलब्धता, सिँचाइ, आधुनिक शीत भण्डारको सञ्जाल र कृषि उपजको उचित मूल्य तथा बजारको ग्यारेन्टी गर्ने प्रणालीको विकास अपरिहार्य छ। मुलुकको समृद्धिको मूल आधार कृषि नै हो। कृषिमा आत्मनिर्भर हुनु भनेको मुलुक स्वाधीन हुनु हो। यसतर्फ अगाडि नबढी विकासको गाडी अगाडि बढ्न सक्दैन।

> आगामी दशकमा नेपालले सूचना प्रविधिलाई राष्ट्रिय गौरवको आयोजनासरह प्राथमिकता दिनुपर्छ। डिजिटल अर्थतन्त्रले केवल रोजगारीको नयाँ अवसर सिर्जना मात्र गर्दैन, यसले देशलाई भ्रष्टाचारमुक्त र सुशासनमा अभ्यस्त बनाउनसमेत ठुलो मद्दत गर्छ।

पर्यटन क्षेत्रमा पनि नेपाल पुरानो 'ब्याकप्याकर' शैलीबाट माथि उठ्न सक्नुपर्छ। नेपाललाई केवल हिमाल चढ्ने मुलुकका रूपमा मात्र सीमित राख्नु हुँदैन। यो नेपालको परिचयलाई नै साँघुरो बनाउने काम हो। नेपाललाई अब अध्यात्मको केन्द्र, साहसिक पर्यटनको राजधानी र 'वेलनेस रिट्रिट'का रूपमा 'ब्रान्डिङ' गर्न सक्नुपर्छ। नेपाललाई विश्व बजारमा चिनाउन जरुरी छ। सगरमाथा, पशुपतिनाथ, जनकपुरधाम र लुम्बिनीको ओजलाई आर्थिक लाभमा रूपान्तरण गर्ने योजना चाहिएको छ। यसका लागि गुणस्तरीय पूर्वाधार विकास र विश्वस्तरीय हवाई सेवा विस्तारलाई आगामी दशकको मुख्य कार्यभारका रूपमा राख्नुपर्छ।

● चुनौतीहरू

नेपालको विकासमा अवरोध स्रोतको अभाव होइन, असल थितिको अभाव हो। संघीयता कार्यान्वयनमा आए पनि प्रशासनिक प्रक्रिया अझै झन्झटिला छन्। राज्यका नीति केन्द्रमुखी नै देखिन्छन्। विनियोजित बजेटसमेत खर्च हुन सकेको अवस्था छैन। सार्वजनिक वित्त व्यवस्थापन र सार्वजनिक खरिद व्यवस्थापनको अवस्था नाजुक छ। खर्च क्षमताको विकास अझै हुन सकेको छैन। असारे विकास संस्कृतिले पूर्वाधारको गुणस्तरलाई नै कमजोर बनाउँदै लगेको छ। सरकार फेरिएसँगै सरकारी नीति पनि फेरिन्छ। लगानीकर्ता निरुत्साहित छन्। आगामी दशकको आर्थिक नीति सबै राजनीतिक दलको साझा नीति बन्नुपर्छ। राजनीतिक दलले सहमति गर्दै साझा प्रतिबद्धता जाहेर गर्नैपर्ने हुन्छ। राजनीतिक दल एकताबद्ध भएको 'राष्ट्रिय आर्थिक एजेन्डा' नै आगामी आर्थिक विकासको मार्गचित्र हो। राज्यका निकाय पारदर्शी हुनुपर्छ। भ्रष्टाचार गर्नेले उन्मुक्ति पाउनुहुँदैन। समृद्धिको नारालाई केवल कागजमा सीमित राख्नुहुँदैन।

● भू-राजनीतिक सन्तुलन

नेपाल दुई ठुला उदीयमान आर्थिक शक्ति भारत र चीनको बिचमा अवस्थित छ। नेपालको यो भौगोलिक अवस्थिति नेपालका लागि समस्या होइन। यो त रणनीतिक लाभका दृष्टिले एउटा दुर्लभ अवसर हो। नेपाललाई 'दुई ढुंगाबिचको तरुल' का रूपमा चिनिँदै आएको छ। आगामी समयमा नेपाल 'दुई ठुला बजारबिचको गतिशील पुल' बन्नुपर्छ। दुई ठुला छिमेकी मुलुकलाई लिएर नेपाललाई दिँदै आएको परिचय फेर्न ढिला गर्नुहुँदैन। चीनको बिआरआई र भारतसँगको घनिष्ठ व्यापारिक सम्बन्धलाई सन्तुलित रूपमा नेपालले आफ्नो हितमा प्रयोग गर्न सक्नुपर्छ। परिपक्व कूटनीति प्रदर्शन गर्न सक्नुपर्छ। यो आगामी दशकको मात्र माग होइन, नेपालका लागि सर्वैंको अपरिहार्यता हो। उत्तर-दक्षिण जोड्ने द्रुतमार्ग र पूर्व-पश्चिम रेलमार्गको विकासलाई आगामी दशकमा गति दिनैपर्ने हुन्छ। नेपाललाई क्षेत्रीय व्यापारको केन्द्र बनाउने गरी काम अगाडि बढाउनुपर्छ।

● अबको निकास

आगामी दशकलाई नेपालले 'गर या त मर'को दशकका रूपमा लिनुपर्छ। नेपालसँग विकासका अपार सम्भावना छन्। कच्चा पदार्थदेखि जल, जमिन, जडीबुटी र ऊर्जावान् युवाशक्ति सबै उपलब्ध छन्। कमी छ त केवल दृढ इच्छाशक्ति र कर्तव्य तथा कामप्रतिको इमानदारीको। नेपाललाई आफ्ना स्रोतलाई जोड्ने सोच र सकारात्मकता चाहिएको छ। समृद्धि कुनै जादुको छडीले आउँदैन। प्रत्येक नागरिकको पसिनाको मूल्य र राज्यको सही नीतिबिच तालमेल मिलाएर निरन्तरको प्रयासबाट सजिलै नेपाललाई समृद्ध बनाउन सकिन्छ।

आगामी दशकका लागि नेपालले निम्न पाँचवटा संकल्प गर्नैपर्ने हुन्छ- १. उत्पादनमुखी अर्थतन्त्रको विकास, २. प्रविधिमैत्री सरल र सुलभ सार्वजनिक सेवाको विस्तार, ३. श्रमको सम्मान गर्दै स्वदेशमै पसिना बगाउने वातावरण निर्माण, ४. वातावरणीय सन्तुलन मिलाउँदै जलवायु परिवर्तनका असरहरूसँग जुध्ने क्षमताको विकास र ५. भ्रष्टाचारमुक्त प्रशासन तथा लगानीमैत्री वातावरणको सुनिश्चितता।

नेपालले आगामी दशकका लागि नीतिगत साहस देखाउनुपर्छ। राजनीतिक नेतृत्वले काम गराइको आफ्नो पुरानो ढर्रा त्याग्नुपर्छ। यस्तो गर्न सम्भव भएन भने समृद्ध नेपालको सपना सकार हुन सक्दैन। भविष्यका लागि दुर्घटना साबित हुन सक्छ। समृद्धि आकाशको फल होइन, पसिना र मस्तिष्कको उपज हो। आगामी दशक नेपालका लागि रूपान्तरणको दशक बन्न सक्छ। आशाका किरण राजनीतिक नेतृत्वको भाषणमा मात्र सीमित रहनुहुँदैन। हरेक नेपालीको भान्छा र जीविकामा प्रतिबिम्बित हुनुपर्छ। हरेक नेपालीको जीवनस्तरले पुष्टि गर्दै जानुपर्छ।

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **शारदाप्रसाद त्रिताल**लाई



हामीकहाँ सुशासनको अवस्था कस्तो छ ?

समग्रमा सरकार, संसद्, न्यायालय, प्रशासन तथा संवैधानिक निकायले गर्ने राम्रा कामलाई सुशासन भन्न सकिन्छ। कानुनी शासन लागू हुनु, कानुन सबैको पहुँचमा पुगु, निजी क्षेत्रसहित सार्वजनिक पदधारण गर्ने व्यक्ति र संस्थाहरू पारदर्शी हुनु तथा राज्यको सेवा प्रवाहमा विश्वसनीयता, जिम्मेवारी र जवाफदेहिता हुनु पनि सुशासन हो। हामीकहाँ समग्र सुशासनको अवस्था सन्तोष गरिहाल्ने स्थितिमा छैन। यसका लागि गर्न बाँकी धेरै छ।

सुशासन प्रवाहमा अख्तियारजस्ता संस्थाहरू कति प्रभावकारी छन् ?

सामान्यतः भ्रष्टाचार नियन्त्रणका दुइटा पाटा हुन्छन्। पहिलो हो- भ्रष्टाचार हुनुअगावै त्यसको रोकथाम गर्नु। सुशासन कायम राख्ने सन्दर्भमा यसको भार झन्डै ७० प्रतिशत हुन्छ। भ्रष्टाचार हुने नदिने दायित्व सरकारको हो। त्यसको नेतृत्वकर्ताको हैसियतमा प्रधानमन्त्री नै यसको मुख्य जिम्मेवार हो। तर, हामीकहाँ प्रधानमन्त्री बन्ने व्यक्तिमा त्यस्तो इच्छाशक्ति नदेखिँदा अहिलेको समस्या आएको हो। दोस्रो हो- भ्रष्टाचार भइसकेपछि गरिने उपचारात्मक व्यवस्था। सुशासन प्रवाहमा जसको भार करिब ३० प्रतिशत हुन्छ। अख्तियारले गर्ने यही ३० प्रतिशत काम मात्र हो। तर, हाम्रा अख्तियारलगायत संस्थामा सरकारको हस्तक्षेप बढी नै छ। उनीहरू स्वतन्त्र छैनन्। यी संस्था साधन, स्रोत र प्रविधिमा पनि कमजोर छन्। सरकारले खटाएका कर्मचारीले सरकारबाटै हुने भ्रष्टाचारविरुद्ध कसरी प्रभावकारी छानबिन गरोस् ?

यी संस्थालाई थप सशक्त र प्रभावकारी बनाउन के गर्नुपर्ला ?

यसका लागि सबैभन्दा पहिले संवैधानिक परिषद् स्वच्छ हुनुपर्छ। उसले अख्तियारमा प्रमुख आयुक्त र आयुक्तहरू पठाउँदा भागबन्डा गरेर होइन, निश्चित मापदण्ड तयार गरी निश्चित विधि र प्रक्रियाबाट छनोट भएकामध्येबाट सबैभन्दा योग्य व्यक्तिलाई पठाउनुपर्छ। कर्मचारी पठाउँदा पनि आवश्यकताअनुसार अख्तियार स्वयंले छनोट गरेकालाई पठाउने व्यवस्था गरिनुपर्छ। सरकारले हस्तक्षेपकारी होइन, सहयोगी भूमिका निर्वाह गर्नुपर्छ।

प्रेरक प्रसंग

हिम्मतको परिणाम

गाउँको गोठनजिकै एउटा भ्यागुतो खुसीले उफ्रिँदै यताउता गरिरहेको थियो। त्यहाँ नजिकै केही घर र गोठ थिए। भ्यागुतोलाई गोठको वरिपरि घुमेर हेर्न मन लाग्यो। ऊ गोठको वरिपरि के रहेछ भनेर जान्न चाहन्थ्यो। भ्यागुतो खुसीले बुरुकबुरुक उफ्रिँदै यताउता दौडिन थाल्यो। खुसीले उफ्रिँदा उसले कहाँ के छ र कता जाँदा कस्तो खतरा हुन सक्छ भन्नेतिर ध्यान दिएन। परिणामतः ऊ दही घोलेर राखिएको एउटा अलि गहिरो र ठुलो ठेकीभित्र खस्यो।



ठेकीमा खसेपछि उसको सातो गयो। उसले ठेकीबाट बाहिर निस्कने भरमग्दुर प्रयत्न गऱ्यो। तर, ठेकी उसको आकारका आधारमा हेर्दा निकै गहिरो र ठुलो पनि भएकाले ऊ बाहिर निस्कन सक्ने सम्भावना थिएन। जतिसुकै प्रयत्न गरे पनि ऊ ठेकीबाट बाहिर निस्कन सकेन। बाहिर निस्कन नसके पनि उसले हिम्मत भने हारेन। उसले बाहिर निस्कने प्रयत्न जारी नै राख्यो। ऊ जसरी पनि बाहिर निस्कन चाहन्थ्यो। त्यसैले, उसले आफ्नो प्रयासलाई निरन्तरता दियो। ऊ यता घुम्यो, उता घुम्यो। कहिले यता गयो, कहिले उता। तर, उसको प्रयास सब बेकार भयो। ऊ बाहिर निस्कन सकेन।

तर, भ्यागुताले जतिजति यताउता गर्दै गयो, त्यति नै त्यो दहीबाट नौनी निस्कँदै गयो। अनि बिस्तारै सबै नौनी एकै ठाउँमा जम्मा हुँदा ठेकीभित्र नौनीको ठुलै डल्लो तयार भयो। उसले यताउता गर्दागर्दै नौनीको डल्लो कडा पनि हुँदै गयो। जब नौनीको ठुलै डल्लो तयार भयो, त्यसपछि त्यो भ्यागुतो सोही नौनीमाथि टेकी बलैले उफ्रेर ठेकीबाहिर निस्कियो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

महिला मतदाता किन कम ?

राष्ट्रिय जनगणनाअनुसार देशमा पुरुषको भन्दा महिलाको जनसंख्या साढे ६ लाखभन्दा बढी देखिन्छ। तर, मतदाता नामावलीमा भने महिलाको भन्दा पुरुषको संख्या झन्डै साढे चार लाखले बढी देखिन्छ। के यसले देशमा लैंगिक असन्तुलनको संकेत गर्दैन ? के यसले महिलामा राजनीतिप्रति कम चासो रहेको संकेत गर्छ हो ? होइन भने यो संख्यामा किन यति ठुलो अन्तर आयो ? अहिले देशमा स्थानीय तहमा समेत सरकारको अभ्यास भइरहेको छ। स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका प्रत्येक घरधुरीको तथ्यांक लिई महिलालाई मतदाता नामावलीमा नाम समावेश गराउने अभियान चलाउनुपर्दैनथ्यो ?

● **सुप्रदीप्ति खतिवडा**, मैतीदेवी, काठमाडौं

सरकारले ठिकै गऱ्यो

सरकारले जेन-जी आन्दोलनसम्बन्धी जाँचबुझ आयोगको म्याद आगामी २५ फागुनसम्मका लागि थप गरेर ठिक गरेको छ। अहिले यो आयोगको प्रतिवेदन सार्वजनिक भएको भए यसले समाजमा ठुलो तरंग ल्याउने थियो र २१ फागुनमा सम्पन्न हुने गरी अन्तिम तयारी चलिरहेको निर्वाचनसमेत भाँडिन बेर थिएन। त्यसैले, सरकारले सुझबुझसाथ आयोगको म्याद थप गरिदिएपछि अब निर्वाचनपछि नै प्रतिवेदन आउने र निर्वाचनपछि बन्ने सरकारले नै त्यसबारे निर्णय लिने अवस्था बनेको छ।

● **सुमित कपाली**, दक्षिणढोका, काठमाडौं

विद्युत् खपतमा जोड दिऊँ

नेपालमा विद्युत् उत्पादनको सम्भावना निकै उच्च छ। आफ्नै देशको पानीबाट उत्पादित स्वच्छ ऊर्जा प्रयोगमा आमसर्वसाधारणलाई आकर्षित गर्नु आजको आवश्यकता पनि हो। तर, हामी स्वदेशी बजारको खोजी गर्नुभन्दा पनि विदेश निर्यातलाई बढ्ता महत्त्व दिइरहेका छौं। वास्तवमा पहिले स्वदेशी बजारमा विद्युत्को अधिकतम खपत गराई बचेको बिजुली मात्र निर्यात गर्नुपर्छ। यस्तो भएमा मात्र महँगो आयातीत ग्यासको उपभोगमा कमी आई निर्यातको अवस्थामा सुधार हुन सक्छ।

● **विशाल थापा**, **कौशलटार**, भक्तपुर

देश चिनाउने खेलाडीलाई सलाम !

देशलाई विश्वसामु चिनाउने खेलाडीले नै हो। तर, हाम्रो देशको खेल जगत्लाई जहिल्यै राजनीतिले ग्रस्त बनाएको छ। एक समय फुटबलमा सार्क राष्ट्रमा नेपाली टोली नम्बर एक थियो। विश्वकप छनोट खेलमा ह्याट्रिक हानेर रेकर्ड राखेको थियो। अहिले आएर राजनीतिले फुटबल सिध्यायो। विगत केही वर्षदेखि नेपाली क्रिकेटले निकै राम्रा खेलाडी उत्पादन गरिरहेको छ, क्यानले लगानी पनि सकेजति गरीरहेकै छ। यसैका कारण क्रिकेटले उपलब्धि पनि हासिल गरिरहेको छ। क्रिकेट खेलाडीले पनि आफ्नो खेल कौशलले नेपालीको शिर विश्वसामु उच्च बनाएका छन्। सलाम छ क्रिकेट खेलाडीलाई !

खेलमा हार या जित स्वाभाविक हो। सम्मानपूर्वक हार्नु पनि जितबराबर नै हो। अहिले विश्वकप खेलिरहेको नेपाली टिमले जुन प्रदर्शन गरिरहेको छ, त्यसले विश्वको आँखा नेपाल र नेपाली खेलाडीतिर तानिएको छ। इंग्ल्यान्डजस्तो टी-२० क्रिकेटको शक्तिराष्ट्रसँग अन्तिम समयमा चार रनले हार्नु भनेको हारेको होइन, नेपाली टिमले जितेकैबराबर हो। दुईपटक विश्वकप जितिसकेको राष्ट्रसँग सम्मानपूर्वक हार्नु अनौठो होइन।

भारतलगायत देशका क्रिकेट खेलाडीले नेपाली खेलाडीको खुलेरै प्रशंसा गरेका छन्। यो हाम्रा लागि सानको विषय हो। हाम्रो देशको सरकार पनि खेलप्रति वेलैमा चनाखो भइदिएको भए अझ राम्रो हुने थियो। सरकारले भ्युटावर बनाउन लगानी गर्नुको साटो देशका विभिन्न भूभागमा क्रिकेट रंगशाला बनाएको भए कति राम्रो हुँदो हो।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

सुशासन : देश विकासको मेरुदण्ड

अख्तियारको दायित्व भ्रष्टाचारविरुद्ध अनुसन्धान गर्नु मात्र नभई राज्य संयन्त्रभित्र अनुशासन, चेतना र जिम्मेवारीको संस्कार विकास गर्नु पनि हो



● हेमराज कार्की

आज अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो ३५औं स्थापना दिवस मनाइरहेको छ। धेरैका लागि यो एउटा औपचारिक दिवस मात्र हुन सक्छ, तर यथार्थमा यो हामी सबैका लागि आत्मसमीक्षाको दिन हो। देशको शासन प्रणाली कत्तिको प्रभावकारी छ, भ्रष्टाचार नियन्त्रणमा हामी कहाँ छौं र त्यसमा नागरिकको भूमिकाले कति अर्थ राख्छ ? यी प्रश्न सोध्ने समय पनि यही हो।

अख्तियारको स्थापना कुनै साधारण प्रशासनिक निर्णय थिएन। यो सुशासन, जवाफदेहिता र कानुनी शासनप्रति राज्यले लिएको संकल्पको प्रतिविम्ब हो। तर, ३५ वर्षपछि आज प्रश्न उठ्छ- के त्यो संकल्प व्यवहारमा उतारिएको छ, कि कागज र भाषणमै मात्र सीमित छ ?

हामीले वर्षौंदेखि 'हुनुपर्छ', 'गर्नुपर्छ', 'नीति बनाइनेछ' जस्ता शब्द सुन्दै आएका छौं। नीति, योजना र रणनीतिका दस्ताबेज प्रशस्त छन्। तर, ती कागज आमनागरिकको जीवनसँग जोडिँदा किन यति कमजोर देखिन्छन् ? किन सेवा प्रवाह अझै जटिल, सुस्त र झन्झटिलो छ ? यसको उत्तर खोज्दा दुइटा गहिरा समस्या सतहमा आउँछन्- राजनीतिमा कमजोर उत्तरदायित्व र प्रशासनमा मौलाएको पदमा हुँदा पन्छाउन सम्भव भएसम्म कलम नचलाउने र दण्डहीनता।

आज नेपालमा राजनीति सेवाभन्दा बढी शक्ति, पहुँच र भागबन्डाको माध्यम बन्दै गएको देखिन्छ। सरकार फेरिन्छ, मन्त्री फेरिन्छन्, नीति फेरिन्छ, तर कार्यशैली उस्तै रहन्छ। एक मन्त्रालयले अर्कोलाई दोषी देखाउँछ, एक निकायले अर्काको कमजोरी औंल्याएर आफू जिम्मेवारीबाट उम्किन खोज्छ। यसरी जिम्मेवारी घुमाइरहँदा अन्ततः पीडित हुने आमनागरिक नै हुन्। यसको असर नागरिकको दैनिकीमा स्पष्ट देखिन्छ। सानो प्रशासनिक कामका लागि पनि महिनौं कुर्नुपरेको अवस्था छ। भनसुन, पहुँच र चिनजानविना काम हुँदैन भन्ने धारणा सामान्य बन्दै गएको छ। इमानदारीपूर्वक काम गर्दा घाटा हुने र गलतसँग सम्झौता गर्दा सजिलो हुने सोचले समाजमा गहिरो जरा गाडेको छ।

आज धेरै नेपालीको मनमा एउटा खतरनाक विश्वास बसिसकेको छ। सरकारी काम इमानदारीले हुँदैन। लोकतन्त्रका लागि यो सोच अत्यन्तै घातक हो, किनकि लोकतन्त्र नागरिकको विश्वासमै टिकेको व्यवस्था हो। समस्या कानुनको अभाव होइन। नेपालमा आवश्यक कानुन पर्याप्त छन्। समस्या कानुन कार्यान्वयन गर्ने नियत, संस्कार र जवाफदेहिताको हो। कानुन नागरिकको सेवाका लागि नभई आफू जोगिने ढालका रूपमा प्रयोग हुन थालेपछि राज्य क्रमशः कमजोर बन्दै जान्छ। आज 'राजनीति नै सबैभन्दा ठुलो व्यापार हो' भन्ने भनाइ समाजमा सामान्यजस्तै सुनिन थालेको छ। यो केवल एउटा भनाइ मात्र होइन, यसले लोकतन्त्रको आत्मामाथि नै गहिरो चोट पुऱ्याइरहेको छ। जब राजनीतिलाई सेवा होइन, लगानी र प्रतिफलको माध्यमका रूपमा हेरिन्छ, तब नीति जनताको हितका लागि होइन, सीमित स्वार्थ संरक्षणका लागि बन्न थाल्छ।

यस्तोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका अत्यन्तै निर्णायक हुन्छ। अख्तियारलाई केवल भ्रष्टाचार भएपछि कारबाही गर्ने निकायका रूपमा बुझ्नु यसको सीमित व्याख्या हो। यसको वास्तविक भूमिका भनेको राज्य संयन्त्रभित्र अनुशासन, चेतना र जिम्मेवारीको संस्कार विकास गर्नु हो। जब अख्तियार प्रभावकारी हुन्छ, तब सरकारी कार्यालयमा बस्ने व्यक्तिले 'यो काम गर्न मिल्छ कि मिल्दैन ?' भनेर दुईपटक सोच्न थाल्छ। यही सोच नै सुशासनको



प्रारम्भिक बिन्दु हो। अख्तियारले डर होइन, जिम्मेवारीको भावना सिर्जना गर्न सके मात्र यसको उपस्थिति सार्थक हुन्छ।

पछिल्ला दिनमा अख्तियारले देखाइरहेको सक्रियता आशा जगाउने खालको छ। 'हुनुपर्छ' भन्ने भाषाबाट 'अब गर्ने' भन्ने सोचतर्फको संकेत सकारात्मक हो। तर, यो सक्रियता केही व्यक्तिमा सीमित भएर हुँदैन। यो संस्थागत संस्कार बन्नुपर्छ। व्यक्ति फेरिन्छन्, तर संस्कार बलियो भए मात्र दीर्घकालीन परिवर्तन सम्भव हुन्छ। अख्तियार जति सक्रिय भए पनि, नागरिक मौन रहेसम्म भ्रष्टाचार नियन्त्रण सम्भव हुँदैन। गलत देख्दा बोल्ने साहस, उजुरी गर्ने आत्मविश्वास र सार्वजनिक चासोको निरन्तर दबाबविना सुशासन अधुरै रहन्छ।

सुशासन नारा होइन, प्रणाली हो। सुशासन 'स्मुथ' हुनु भनेको प्रक्रिया छिटो हुनु मात्र होइन, नियम स्पष्ट हुनु, निर्णय पारदर्शी हुनु र सेवा प्रवाहमा अनावश्यक अवरोध नहुनु हो। जब सुशासन स्मुथ हुन्छ, त्यसको प्रत्यक्ष असर देशको विकासमा पर्छ। निजी क्षेत्र लगानी गर्न हौसिन्छ, रोजगारी सिर्जना हुन्छ, विदेशी लगानी आकर्षित हुन्छ र राज्यको राजस्व बढ्छ। सुशासन विकासको मेरुदण्ड हो। मेरुदण्ड कमजोर भयो भने शरीर जस्तोसुकै भए पनि उभिन सक्दैन।

सुशासनलाई विकल्प होइन, अनिवार्य तत्त्व बनाउनुपर्छ। अख्तियारलाई बलियो, स्वतन्त्र र विश्वसनीय बनाउनु कुनै राजनीतिक एजेन्डा होइन, यो राष्ट्रिय आवश्यकता हो। सुशासन स्मुथ भयो भने विकासले आफैं गति लिन्छ र देश समृद्धिको बाटोमा अघि बढ्छ। सुशासन कुनै सपना होइन, सही नियत, कडा कार्यान्वयन र साझा जिम्मेवारीबाट सम्भव हुने यथार्थ हो। अख्तियार त्यस यात्राको एउटा महत्त्वपूर्ण आधार हो, तर अन्तिम जिम्मेवारी हामी सबै नागरिकको काँधमा छ।

पछिल्ला दिनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देखाएको सक्रियता सुशासनतर्फको सकारात्मक संकेतका रूपमा लिन सकिन्छ। लामो समयसम्म अख्तियारमाथि 'ठुला माछा जोगिन्छन्, साना मात्र जालमा पर्छन्' भन्ने आरोप लाग्दै आएको सन्दर्भमा पछिल्ला कदमले त्यो धारणामा क्रमशः चुनौती दिँदै लगेका छन्। अनुसन्धानको दायरा फराकिलो बनाउने, उजुरीहरूलाई गम्भीरतासाथ लिने र सार्वजनिक चासोका विषयमा मौन नबस्ने प्रवृत्तिले अख्तियारप्रति हराएको विश्वास पुनः जाग्न थालेको अनुभूति हुन्छ।

(कार्की सुशासन अभियन्ता हुन्)

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LIMITED

'नेपाल राष्ट्र बैंकबाट 'घ' बर्गको ईजाजत प्राप्त संस्था'

Head Office
Butwal Sub Metropolitan City-10, Kalikanagar, Rupandehi, Nepal
Phone: 071-437530, 438954, Fax: 071-438954
Email: info@gblbs.com.np

UNAUDITED CONDENSED STATEMENT OF FINANCIAL POSITION
As on Quarter ended 30th Poush 2082

Unaudited Condensed Statement of Financial Position
As on Quarter ended 30th Poush 2082

Figures in NPR

PARTICULARS	This Quarter Ending	Immediate Previous Year Ending
ASSETS		
Cash and cash equivalents	717,386,784	796,961,106
Statutory Balances and Due from Nepal Rastra Bank	324,035	324,035
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and advances to MFIs & Cooperatives	-	-
Loans and advances to customers	13,783,577,206	12,310,794,569
Investment securities	2,025,000	2,025,000
Current tax assets	239,589,586	250,891,233
Investment property	-	-
Property and Equipment	83,922,030	88,628,577
Goodwill and Intangible assets	1,878,309	2,357,504
Deferred Tax Assets	376,802,943	456,472,836
Other assets	192,745,105	184,367,016
TOTAL ASSETS	**15,398,250,999**	**14,092,821,875**
LIABILITIES		
Due to Bank and Financial Institutions	8,039,782,535	7,247,481,441
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from customers	3,911,601,626	3,560,713,376
Borrowings	89,826,800	89,826,800
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	561,425,243	671,658,210
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
TOTAL LIABILITIES	**12,602,636,204**	**11,569,679,827**
EQUITY		
Share Capital	1,005,350,000	982,500,000
Share Premium	68,270,092	68,270,092
Retained Earnings	(37,872,836)	(249,618,831)
Reserves	1,759,867,539	1,721,990,787
TOTAL EQUITY ATTRIBUTABLE TO EQUITY HOLDERS	**2,795,614,795**	**2,523,142,048**
NON-CONTROLLING INTEREST		
TOTAL EQUITY	**2,795,614,795**	**2,523,142,048**
TOTAL LIABILITIES AND EQUITY	**15,398,250,999**	**14,092,821,875**
CONTINGENT LIABILITIES AND COMMITMENT	6,764,478	6,764,478
Net Assets Value Per share	278	257

UNAUDITED CONDENSED STATEMENT OF PROFIT OR LOSS
For the Quarter Ended 30th Poush, 2082

Figures in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Interest income	526,582,276	1,054,426,944	487,925,351	1,030,683,016
Interest expense	(197,863,512)	(390,146,286)	(211,294,720)	(431,762,526)
Net interest income	**328,718,763**	**664,280,658**	**276,630,631**	**598,920,491**
Fees and commission income	29,985,499	50,813,854	20,618,894	51,748,049
Fees and commission expense	(5,417)	(18,104)	(1,253,538)	(2,049,160)
Net fee and commission income	**29,980,082**	**50,795,751**	**19,365,356**	**49,698,889**
Net interest and commission income	**358,698,845**	**715,076,409**	**295,995,987**	**648,619,379**
Net trading income	-	-	-	-
Other operating income	-	-	5,183	5,183
Total operating income	**358,698,845**	**715,076,409**	**296,001,170**	**648,624,562**
Impairment charge/(reversal) for loans and other losses	(45,105,500)	(29,459,127)	78,397,841	58,292,714
Net operating income	**403,804,345**	**744,535,536**	**217,603,329**	**590,331,848**
Operating expense	**201,374,010**	**429,136,430**	**164,399,940**	**386,665,216**
Personnel expenses	149,757,968	342,112,695	124,932,311	296,780,695
Other Operating expenses	40,961,254	66,544,171	29,002,963	69,761,121
Depreciation and Amortization	10,654,788	20,479,563	10,464,667	20,123,401
Operating Profit	**202,430,335**	**315,399,106**	**53,203,389**	**203,666,631**
Non operating Income	(443,624)	-	182,806	665,317
Non operating expense	352,322	352,322	-	-
Profit before income tax	**201,634,389**	**315,046,784**	**53,386,195**	**204,331,948**
Income tax expense	**(103,755,042)**	**(95,139,913)**	**(1,946,130)**	**(64,968,292)**
Current Tax Expense	15,470,020	15,470,020	38,375,909	71,987,880
Deferred Tax Expense (Income)	88,285,021	79,669,893	(36,429,779)	(7,019,589)
Profit for the period	**97,879,347**	**219,906,871**	**51,440,065**	**139,363,657**
Profit attributable to:				
Equity holders of the Bank	97,879,347	219,906,871	51,440,065	139,363,657
Non-controlling interests	-	-	-	-
Profit for the period	**97,879,347**	**219,906,871**	**51,440,065**	**139,363,657**
Earnings Per Share (EPS)				
Basic Earnings Per Share		21.9		14.18
Diluted Earnings Per Share		21.9		14.18

STATEMENT OF COMPREHENSIVE INCOME

Figures in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Profitor Loss for the Period	97879347.08	219906870.7	51440065.06	139363656.6
Other Comprehensive Income, net of income tax				
a Items that will not be reclassified to Profit or Loss	-	-	-	-
Gains / (Losses) from investment in equity instruments measured at fair value	-	-	-	-
Gains / (Losses) on revaluation	-	-	-	-
Actuarial Gains / (Losses) on defined benefit plans	-	-		
Income tax relating to above items	-	-		
Net other Comprehensive Income that will not be reclassified to Profit or Loss				
b Items that are or may be reclassified to Profit or Loss				
Gains (Losses) on cash flow hedge	-	-	-	-
Exchange gains (Losses) (arising from translation financial assets of foreign operation	-	-	-	-
Income tax relating to above items	-	-	-	-
Reclassify to Profit or Loss	-	-	-	-
Net other Comprehensive Income that are or may be reclassified to Profit or Loss				
Other Comprehensive income for the year, net of income tax	-	-	-	-
Total Comprehensive income for the year	97,879,347	219,906,871	51,440,065	139,363,657
Total Comprehensive income for the period	97,879,347	219,906,871	51,440,065	139,363,657

RATIOS AS PER NRB DIRECTIVE

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Capital fund to RWA		9.40%		10.10%
Non Performing Loan (NPL) to Total Loan		4.76%		4.15%
Total loan loss provision to Total NPL		170.64%		226.83%
Cost of Funds		6.76%		8.00%
Deposit to Credit Ratio		26.68%		27.54%
Base Rate		13.18%		10.76%
Interest Rate Spread		8.84%		6.83%
Liquidity Ratio		13.37%		19.09

Statement Of Distributable Profit or Loss
For the Quarter Ended 30th Poush, 2082

Figures in NPR

Particulars	Current Year	Corresponding PY this Quarter
Opening Retained Earning	**(249,618,831)**	**(433,369,023)**
Adjustment w.r.t Reserves	**31,641,980**	
Adjustment :Prior Period Errors	-	-
Opening Retained Earning (Adjusted)	(217,976,851)	(433,369,023)
Net Profit/(loss) as per Statement of Profit or Loss	219,906,871	139,363,657
Appropriation		
a. General Reserve	(43,981,374)	(27,872,731)
b. Foreign Exchange Fluctuation Fund	-	-
c. Capital Redemption Reserve	-	-
d. Corporate Social Responsibility Fund	(2,199,069)	(1,393,637)
e. Employees Training Fund	(9,845,584)	12,431,645
f. Client Protection Fund	(4,398,137)	(1,393,637)
g. Other: Employee Welfare Fund	(6,597,206)	-
h. Other	-	-
Profit/(loss) before regulatory adjustment	(65,091,351)	(312,233,726)
Regulatory Adjustments:		
a. Interest Receivable (-)/previous accrued interest received(+)	(52,451,377)	(81,523,195)
b. Short loan loss provision in accounts(-)/reversal(+)		
c. Short provision for possible losses on investment(-)/ reversal(+)		
d. Short provision for possible losses on Non-Banking Assets (-)/reversal(+)		
e. Deferred Tax Assets recognized(-)/reversal(+)	79,669,893	(7,019,589)
f. Goodwill recognized (-)/Impairment of Goodwill(+)	-	-
g. Bargain purchase gain recognized (-)/reversal(+)	-	-
h. Actuarial Loss recognized (-)/reversal(+)	-	-
i. Other (+/-)	-	-
Investment Provision as per NRB Directive no. 8		
Total regulatory adjustments	**27,218,516**	**(88,542,784)**
Profit or (Loss) after Regulatory Adjustments	**(37,872,836)**	**(400,776,510)**

Notes:

1. The above financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRSs) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN). The above figures are subject to change as per the direction of regulators/ supervisors and external auditors.
2. The detailed interim financial report has been published in the website (www.gblbs.com.np)
3. The Loans & Advances include interest receivables and staff loans are presented net of impairment loss.
4. Acturial Valuation will be done for Employee benefits and will be adjusted on audited financial statements.
5. Personnel expenses include provision of staff bonus which is computed in line with the Bonus Act.
6. Income tax liabilities has been shown after netting of with advance tax amount.
7. All lease contracts have been accounted for as per NFRS 16, accordingly right of use of assets and lease liabilities have been recognised along with right of use assets being depreciated of straight line basis and interest calculated on lease liabilities.
8. Previous period figures are regrouped/restated/rearranged whereever necessary for consistant presentation and comparison.
9. Immediate Previous year ending figures are unaudited.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को
अनुसुची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.ब.२०८२/८३ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **प्रमुख वित्तीय विवरण:**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ ।

ख) **प्रमुख वित्तीय अनुपातहरू :**

प्रति शेयर आम्दानी (वार्षिक): रू.४३.७४	मूल्य आम्दानी अनुपात : १७.२७	प्रति शेयर नेटवर्थ : रू. २७८.०७
प्रति शेयर कूल सम्पत्ति : रू.१५३१.६३	तरलता अनुपात :१३.३७ प्रतिशत	पूँजीकोष अनुपात : ९.४० प्रतिशत

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:** समीक्षा अवधिमा संस्थाको मौजुदा सदस्य संख्या, लगानीमा रहेको कर्जा, बचत कारोबार, संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ । आर्थिक शिथिलताले कर्जाको मागमा अपेक्षितरुपमा बृद्धि हुन नसकेको । गत आ.व.को सोही अवधिको तुलनामा समीक्षा अवधिमा ब्याज आम्दानीमा बृद्धि भएको । यसैगरी ब्याज तथा सञ्चालन खर्चमा कमी हुन गई समीक्षा अवधिमा मुनाफामा बृद्धि भएको छ । समीक्षा अवधिको कर्जा, बचत तथा मुनाफाको स्थिति सम्बन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:** राष्ट्रियस्तरको कार्यक्षेत्र रहेको यस संस्थाले लघुवित्त सेवाको पहुँच क्रमशः बाँकी जिल्लाहरूमा संस्थाको वार्षिक कार्ययोजना अनुसार विस्तार गर्दै जाने लक्ष्य रहेको छ । आगामी दिनमा संस्थाले प्रदान गर्ने सेवालाई ग्राहक सदस्यहरूको आवश्यकता र चाहना अनुसार भौगोलिक उपयुक्तता, संभाव्यता विश्लेषण तथा स्थानिय आर्थिक अवस्थालाई आधार मानी सेवा तथा कार्यक्रमलाई समय सापेक्ष अझ परिष्कृत गर्दै लैजान र कार्यक्रम विस्तार गर्न बाँकी रहेका जिल्लाहरूमा संभाव्यताको आधारमा कार्यक्रम विस्तार गर्न व्यवस्थापन प्रतिवद्ध रहेको छ । यसले संस्थाको दिगो व्यवसायिक बृद्धि, वित्तीय समावेशीकरण तथा सामाजिक उद्देश्य प्राप्तीमा थप सहयोग पुग्ने विश्वास लिइएको छ ।

ग) **बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:** बिगतको अनुभवको आधारमा संस्थाको मौज्दात, नाफा तथा नगद प्रवाहमा प्रत्येक्ष वा अप्रत्येक्षरुपमा प्रभाव पार्न सक्ने विभिन्न अवस्थाहरू विद्यमान छन् । हालको परिस्थितिमा बैंक तथा वित्तीय संस्थाहरूको आधारदर (Base Rate) मा कमी आएको कारणले लघुवित्त वित्तीय संस्थाहरूले लिने थोक कर्जा सापट रकमको ब्याजदरमा कमी आएको छ । जसले संस्थाको ब्याज खर्चमा कमी आएको छ । लघुवित्त संस्थाहरू बीच अस्वस्थ प्रतिस्पर्धा र बहुबैंकिङ्ग अभ्यासले गर्दा जोखिम अझै कायम रहेको छ । जसले गर्दा कर्जाको गुणस्तर कायम गर्न चुनौती थपिएकोछ । मुलकमा श्रृजना हुने विभिन्न किसिमका राजनैतिक, आर्थिक, प्राकृतिक घटना परिघटनाले यस संस्थामा केही असर परेको छ । आर्थिक गतिविधिमा आएको कमीले ग्राहक सदस्यहरूको आम्दानीमा कमी आँउदा कर्जाको साँवा र ब्याज नियमितरुपमा असुली गर्न कठिनाई उत्पन्न भएको छ । यसैगरी देशको सवैजसो क्षेत्रमा लघुवित्त वित्तीय संस्थाहरूको कर्जा नतिर्ने भन्ने अवान्छीत प्रबृत्तिले समेत ग्राहक सदस्यहरू कर्जाको किस्ता र ब्याज नियमित भुक्तानी गर्न आलटाल गरिरहेको अवस्था रहेकोले नियमित कर्जा असुलीमा समस्या कायमै रहेकोछ । निष्कृय कर्जा न्यूनीकरणका लागि अवलम्वन गरिएको रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति लिइएको छ । सोही अनुरुप कर्जाको गुणस्तर सुधार, कार्यक्रम विस्तार नगद प्रवाह तथा व्यावसाय बृद्धि कायम राख्न सम्पूर्ण कर्मचारीहरूलाई परिचालन गर्दै संस्थाले जोखिम व्यवस्थापन र असुलीलाई थप प्रभावकारी बनाउन व्यवस्थापन क्रियाशील रहेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) गत त्रैमासिक अवधिमा संस्थालाई प्रतिवादी बनाई मुद्दा दायर गरेको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन ।

ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित कानुनको उल्लघन वा फौजदारी कसुर वा अन्य कुनै कानुनी कारवाही सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

ग) संस्थाका कुनैपनि संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध सम्बन्धी कुनै मुद्दा दायर भएको वा कारवाही अघि बढाइएको कुनै जानकारी प्राप्त भएको छैन ।

४) **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) यस संस्थाका शेयरहरू नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोवार भइरहेको छ । शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ । प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरूलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले समयमै उपलब्ध गराएको छ ।

ख) नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार गत त्रैमासिक अवधि मिति २०८२।०७।०१ देखि २०८२।०९।३० सम्म यस संस्थाको शेयरको कारोवार देहाय बमोजिम रहेको छ :

शेयरको अधिकतम मूल्य: रू ८६८	शेयरको न्यूनतम मूल्य: रू.७५५.५०	शेयरको अन्तिम मूल्य: रू.७५५.५०
कारोवार भएको कुल दिन: १४ दिन	कारोवार भएको कुल शेयर संख्या: १६०१५७	कारोवार संख्या : २३६६

५) **समस्या तथा चुनौती :**

समस्या:

(क) अपेक्षितरुपमा ग्रामीण क्षेत्रमा कर्जाको माग बढ्न नसक्नु ।

(ख) कोभिड–१९ संक्रमण पछिको प्रभाव पूर्णरुपमा समाप्त नभएकोले ग्राहक सदस्यहरूको परियोजनाहरू पूर्ववतरुपमा सञ्चालन हुन नसक्दा कर्जा किस्ता तथा ब्याज भुक्तानीमा कठीनाई उत्पन्न हुनु ।

(ग) लघुवित्त संस्था विरुद्ध देखिएका अवाञ्छित गतिविधि तथा नकारात्मक प्रचार प्रसारका लघुवित्त वित्तीय संस्थाहरूको कर्जा नतिर्ने प्रवृत्ति बढनुका साथै केन्द्र बैठक सञ्चालनमा अवरोध सृजना हुनु ।

(घ) लघुवित्त वित्तीय संस्थाहरू बीच अस्वस्थ्य प्रतिस्पर्धाले बहुबैंकिङ्गको समस्या कायम रहनु ।

(ङ) सदस्यहरूले संस्था त्याग गर्ने प्रवृत्ति क्रमशः बृद्धि हुँदै जानु ।

(च) आर्थिक गतिविधिमा आएको सुस्तताको कारण ग्राहक सदस्यहरूको आम्दानीमा कमी आउदा कर्जाको साँवा र ब्याज नियमितरुपमा असुलीमा समस्या उत्पन्न हुनु ।

(छ) एकै ग्राहकले दुई वा दुई भन्दा लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिने प्रवृत्तिका कारण कर्जा अनुशासन कायम गर्न कठिनाई हुनु ।

रणनीति:

(क) श्रोतको उचित व्यवस्थापन तथा सुरक्षित लगानीलाई उच्च प्राथमिकता दिदै संस्थाको काम कारवाहीलाई थप चुस्त दुरुस्त र प्रतिस्पर्धात्मक ढंगले कार्य अघि बढाइएको छ ।

(ख) खर्चमा मितव्ययिता अपनाई सञ्चालन लागत नियन्त्रयामा ध्यान दिइएको छ ।

(ग) कारोवारलाई पूर्णरुपमा यान्त्रिकीकरण गरिएकोले सुरक्षित बनाँउदै लगिने ।

(घ) कर्मचारीहरूको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिम तथा सञ्चालन अभिवृद्धि कार्यक्र सञ्चालन गर्ने गरेको ।

(ङ) कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गर्दै जाने नीति रहेको ।

(च) कर्जा असुलीमा विशेष जोड दिई कर्जाको गुणस्तर कायम राख्न व्यवस्थापन क्रियाशील रहेको ।

(छ) आन्तरिक श्रोत परिचालन बृद्धि गर्न सदस्यहरूबाट नियमितरुपमा बचत संकलन गर्ने नीति प्रभावकारीरुपमा कार्यान्वयन गरिएको ।

(ज) वर्तमान समयमा देखिएको वाह्य गतिविधिहरूबाट उत्पन्न हुन सक्ने आर्थिक तथा भौतिक जोखिम न्यूनीकरण गर्दै कारोवारलाई सुरक्षित बनाउने तर्फ सजगता अपनाइएको छ ।

(झ) ग्राहक/ ऋणी सदस्य बृद्धि गरी र संस्थाको व्यवसाय बृद्धिलाई निरन्तरता दिइने लक्ष्य लिएको छ ।

६) **संस्थागत सुशासन :**

संस्थागत सुशासन सुदृढ र प्रभावकारीरुपमा कायम गर्न संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति लगायत विभिन्न आन्तरिक समितिहरू कृयाशील रहेका र सम्पादन गरिएका कार्यहरूको नियमित मूल्याङ्कन गर्ने र सोही आधारमा उपयुक्त नीति तथा रणनीति अवलम्वन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूका लागि जारी गरिएका निर्देशनहरू, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३, लगायत प्रचलित कानुन अन्य सम्बन्धित ऐन ,नियम र कानूनको अनुपालना गरिएको साथै समायानुकल .संस्थाको कार्यक्रमलाई सुदृढ बनाउन आवश्यक नीति नियम तथा कार्यविधिहरू तयार गरी पूर्णरुपमा लागू गरिएको छ ।

७) **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित सम्पूर्ण सूचना तथा विवरणहरूको शुद्धता र विश्वाशनियतका सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरूलाई शुसूचित गर्ने तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन । यस प्रतिवेदन नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित नियामक निकायमा लागू निर्देशन, ऐन, नियम तथा मापदण्ड अनुसार तयार गरिएको छ ।

ब्याजदर

१. बचतमा ७.५-८.५ प्रतिशत, २. कर्जामा १३.७५-१४.७२ प्रतिशत

गगन र बालेन मधेशका जिल्लाको चुनावी अभियानमा





लहानमा मणिलाल विश्वकर्मा

आगामी २१ फागुनको निर्वाचनपछि बन्ने सरकारको प्रधानमन्त्री घोषित कांग्रेस सभापति गगन थापा र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह मधेशको चुनावी अभियानमा छन् । मोरङको विराटनगर ओर्लिएर सुनसरीको चारवटै निर्वाचन क्षेत्रका उम्मेदवार र कार्यकर्ता भेटघाट गर्दै सभापति थापा मंगलबार दिउँसो सप्तरीको १, २, ३ र ४ नम्बर क्षेत्रका उम्मेदवारसहित कार्यकर्ता र स्थानीय बासिन्दालाई सम्बोधन गरेपछि अपराह्न करिब ४ बजेतिर लहान आइपुगेका थिए ।

कांग्रेस सिरहाका सभापति रामचन्द्र यादवका अनुसार थापा सिरहा १ मा पर्ने लहानमा आयोजित स्वागत तथा कार्यकर्ता भेटघाटपछि २ नं. क्षेत्रको जिरोमाइल, ३ नं. को गोलबजार र ४ नं. को मिर्चैयामा संक्षिप्त कार्यक्रमपछि महोत्तरीको बर्दिवासतर्फ लागेका छन् । महोत्तरीको चारवटा निर्वाचन क्षेत्रका नेता, कार्यकर्तासँग भेटघाट गर्दै सभापति थापा बुधबार अपराह्नसम्म आफ्नो निर्वाचन क्षेत्र सर्लाही ४ मा पुग्ने कार्यक्रम रहेको उनले बताए ।

कांग्रेसका सभापति थापाले लहानस्थित पुरानो बजारमा आयोजित स्वागत तथा कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै आफ्नो पार्टीले सबैलाई समेटेर देश सम्हाल्ने जिम्मेवारी बहन गर्ने गरी चुनावमा होमिएको बताए । 'हामी नयाँ सोच र संकल्पसहित आएका छौं,' उनले भने, '२३ र २४ भदौको आन्दोलनलाई घुसपैठ मात्र देख्ने र आगोमा घिउ थप्ने दुवै प्रवृत्ति गलत र घातक छ । कांग्रेसको चरित्र, संस्कृतिको कारणले आफूहरू गल्ती कमजोरी सच्याउँदै अघि बढेको हो ।' त्यसअघि सभापति थापाले लहान चोकमा रहेको मधेश आन्दोलनका प्रथम सहिद रमेश महतोलगायतको प्रतिमामा माल्यार्पण गरेका थिए ।

पुर्ख्यौली घर पुगे बालेन

रास्वपा वरिष्ठ नेता बालेन महोत्तरीको एकडारा गाउँपालिकास्थित आफ्नो पुर्ख्यौली घरमा पुगेका छन् । चुनावलक्षित यात्रामा रहेका बालेन जनकपुरबाट जलेश्वर हुँदै सिधा गाउँको घर पुगेका हुन् । सुरुमा जनकपुरबाट धनुषाके नगराइन र महोत्तरीको मटिहानी हुँदै जलेश्वर र एकडारा पुग्ने कार्यक्रम रहे पनि रुट परिवर्तनपछि उनी जनकपुरबाट जलेश्वरको बाटो गाउँ पुगेका हुन् । महोत्तरी ३ मा पार्टीका उम्मेदवार उज्ज्वल झाको घरअगाडि गाडीबाटै उनले घन्टी बजाउँदै मतदातालाई अभिवादन गरेका थिए । यद्यपि उनले कुनै सम्बोधन गरेनन् । त्यसपछि आफ्नो घर पुगेर कुल देउता ढोगेर उनी अघि बढे। गाउँपालिका कार्यालय रहेको घरको दुईवटा कोठा बालेनकै परिवारले प्रयोग गर्दै आएका छन् । सम्सीको बाटो हुँदै गौशाला पुगको बालेन मंगलबार बर्दिवास पुग्ने कार्यक्रम रहेको रास्वपाको महोत्तरी जिल्ला सभापति शुभम्कुमार यादवले बताए । उनी बुधबार सर्लाहीका निर्वाचन क्षेत्र पुग्ने कार्यतालिका छ ।

कांग्रेस सभापति थापा पूर्व-पश्चिम लोकमार्ग हुँदै चुनावी कार्यक्रममा सरिक भइरहेका वेला रास्वपा वरिष्ठ नेता बालेन भने हुलाकी सडककेन्द्रित जनसम्पर्क तथा घन्टी अभिवादन कार्यक्रममा सरिक भइरहेका थिए । सुनसरी हुँदै सप्तरीको पूर्वउत्तरी क्षेत्रमा पर्ने सप्तकोशी नगरपालिका क्षेत्रमा मंगलबार बिहान साढे ८ बजे प्रवेश गरेका उनी बिहान पौने १२ बजेसम्म कञ्चनरुप, हनुमाननगर, राजविराज, डाकनेश्वरी, बोदेबर्साइन र सिरहाको भगवानपुर, नवराजपुर, बरियारपट्टि र औरही आइपुगेको रास्वपाका मधेश प्रदेश सभापति तपेश्वर यादवले बताए ।

उनका अनुसार त्यसपछि बालेन सुखीपुर, जिरोमाइल, गोलबजार, चोहर्वा, मिर्चैया, कल्याणपुर, सिरहा बजारमा स्थानीय समर्थकलाई अभिवादन गर्दै कमला नदी पार गरी धनुषाको यदुकुहा, जलेश्वर हुँदै पुर्ख्यौली गाउँ एकडारा पुगेर बलावा, सरपल्लो हुँदै बर्दिवासमा रहने कार्यक्रम तय भएको छ । बालेन मंगलबार सिरहा, सप्तरी, धनुषा र महोत्तरीका १० वटा निर्वाचन क्षेत्रस्थित घन्टीघर पुगेको र बाँकी ठाउँमा समर्थक र स्थानीयसँग अभिवादन गरेको उनले बताए । प्रायः सबै ठाउँमा उनले घन्टी हल्लाएर अभिवादन गर्नुबाहेक कतै पनि सम्बोधन गरेनन् ।

■ 'तराईमा उम्मेदवारी : गगन र बालेनको साहस'

कुल ३६ लाख ३५ हजार बढी मतदाता र ३२ वटा निर्वाचन क्षेत्र रहेको मधेशबाट निर्वाचनपछि प्रधानमन्त्री बन्ने गरी थापा र बालेन अघि बढ्नुलाई साहसको रूपमा लिइनुपर्ने मधेश मामिलाका जानकार प्राध्यापक डा. विजयप्रसाद मिश्रले बताए । 'गगन मैथिली भाषा बोल्न जान्दैनन्, तर सामान्य बुझ्छन्, सहज जित निकाल्न सकिने काठमाडौं छाडेर गगन मधेश भरे,' उनले भने, 'बालेन भने भाषण गर्दैनन्, तर नयाँ पुस्तासहित हजारौंको संख्या देखाएर उत्साह थपिरहेका छन् ।'

माओवादी शान्ति प्रक्रियामा आएपछि र मधेश विद्रोहपछि मधेशकेन्द्रित दलका अनुहारसमेत नदेखिएका उम्मेदवारलाई पनि जनताले मत दिएर जिताएको विगतको प्रवृत्तिलाई हेर्ने हो भने बालेनको मधेश यात्राले प्रधानमन्त्री बन्ने ढोका नखोल्लान् भन्न नसकिने उनले बताए । 'कांग्रेस संगठित जनाधार रहेको पार्टी भएकाले गगनलाई पनि कम आँक्न हुँदैन,' उनले भने ।

नेपाल-भारत सुरक्षा सहकार्यबारे छलफल

नयाँ पत्रिका

नेपाल-भारत सुरक्षा सहकार्यबारे दुई देशका चिन्तन संस्थानका प्रतिनिधि एवं विज्ञहरूबिच छलफल भएको छ । नेपालको चिन्तन संस्था नेपाल इन्स्टिच्युट अफ इन्टरनेसनल को-अपरेसन एन्ड इन्गेजमेन्टद्वारा मंगलबार आयोजित कार्यक्रममा दुवै देशका प्रमुख संस्थानका विज्ञहरू सहभागी थिए । भारतीय सेनाको सबैभन्दा पुरानो थिंकट्यांक युनाइटेड सर्भिस इन्स्टिच्युट अफ इन्डियाका महानिर्देशक सञ्जय जसजित सिंहले भने, 'भारतीय सैन्य शक्ति र राष्ट्रिय सुरक्षाको अग्रपंक्तिमा नेपाली साहस र वीरता सधैं रहेको छ ।'

भारतका पूर्व राष्ट्रिय सुरक्षा सल्लाहकार तथा चिन्तन संस्था नेटस्ट्र्याटका संयोजक पूर्वराजदूत पंकज शरणले नेपालका युवासँगको अन्तर्क्रियाबाट आफू निकै प्रभावित भएको बताए । उनले नेपाल र भारत दुवै देशका युवाले भविष्यको नेपाल-भारत सम्बन्ध निर्माणमा सक्रिय भूमिका खेल्नुपर्ने धारणा राखे ।

इन्डिया फाउन्डेसनका कार्यकारी उपाध्यक्ष आलोक बन्सलले भारत सीमापार आतंकवादको प्रमुख पीडित रहेको र यसले नेपालमा पनि गम्भीर प्रभाव पार्ने बताए । जवाहरलाल नेहरू विश्वविद्यालयकी प्राध्यापक संगीता थपलियालले भारत-नेपाल सम्बन्ध थिंकट्यांक र शैक्षिक केन्द्रहरूको कार्यबाट लाभान्वित भएको उल्लेख गर्दै सहकार्य सुदृढ गर्न प्रशस्त सम्भावना रहेको बताइन् । काउन्सिल फर स्ट्राटेजिक एन्ड डिफेन्स रिसर्चका सहसंस्थापक डा. गौरव सैनीले भारत-नेपाल सीमा गहिरो व्यापारिक, सांस्कृतिक र जन-जनबिचको सम्बन्धका कारण विशिष्ट रहेको तर सीमाको खुला स्वरूपले उत्पन्न गरेको साझा सुरक्षा चुनौती मिलेर समाधान गर्नुपर्नेमा जोड दिए । सेनाका पूर्वउपरथी तथा सामरिक मामिलाविज्ञ बिनोज बस्न्यातले नेपालमा जेन-जीद्वारा भएका प्रदर्शन अप्रत्याशित नभए पनि त्यसको स्वरूप चकित पार्ने खालको रहेको बताए । निर्वाचनको महत्त्व स्वीकार गर्दै उनले निर्वाचनले मात्र रणनीतिक स्थायित्व सुनिश्चित गर्छ कि गर्दैन भन्ने प्रश्न उठाएका थिए । निर्वाचनपछिको अवस्थालाई उनले रणनीतिक समाधानभन्दा बढी रणनीतिक विरामको रूपमा व्याख्या गरे ।

आयोजक संस्थानकी निर्देशक सुमित्रा कार्कीले नेपाल र भारतबिच सम्बन्ध सुदृढ गर्न शैक्षिक तथा नीतिगत संलग्नता आवश्यक रहेको बताइन् ।

बंगलादेशमा चुनावको पूर्वसन्ध्यामा अर्का हिन्दुको हत्या

ढाका/ दक्षिण एसियाली देश बंगलादेशमा अज्ञात आक्रमणकारीले एक हिन्दु व्यापारीको निर्मम हत्या गरेको छ। राष्ट्रिय संसदीय चुनावको मतदान हुनुभन्दा दुई दिनअघि हिन्दु व्यापारीको हत्या भएको हो। यो घटना बंगलादेशको मयमनसिंह जिल्लामा भएको हो, जहाँ अर्का हिन्दु पुरुष दिपु चन्द्र दासलाई पनि कुटपिट गरी जलाइएको थियो। पीडित ६२ वर्षीय सुषेन चन्द्र सरकार एक सामान्य चामल व्यापारी थिए।

नेपाल पे कार्ड जारी गर्ने पहिलो बैंक बन्यो सिटिजन्स



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल नेपाल पे कार्ड जारी गर्ने पहिलो बैंक बनेको छ। बैंक र नेपाल क्लियरिङ हाउस (एनसिएचएल)बिच एनपिएस-नेपाल कार्ड स्विचअन्तर्गत डोमेस्टिक कार्ड स्किममार्फत नेपाल पे कार्ड सञ्चालन गर्न मंगलबार सम्झौतासमेत भएको छ। सम्झौतापत्रमा बैंकका सिइओ गणेशराज पोखरेल र एनसिएचएलका सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका हुन्।

सम्झौताअन्तर्गत बैंकले एनसिएचएलको इलेक्ट्रोनिक फन्ड ट्रान्सफरभित्र नेपाल पे जारी गर्ने पहिलो बैंक बनेको छ। यसपश्चात् बैंकका एटिएम तथा पोसहरूमा नेपाल पे कार्डका साथै डिस्कभर, डिनर्स, पल्सजस्ता अन्तर्राष्ट्रिय कार्ड पनि चल्नेछन्। बैंकका ग्राहकले छिट्टै एनसिएचएलद्वारा जारी गरिने नेपालको आफ्नै कार्ड स्किम नेपाल पे कार्ड पनि प्राप्त गर्न सक्ने बैंकले जनाएको छ।

जेहेनदार ७५ विद्यार्थीलाई एनआइसी एसियाको छात्रवृत्ति



काठमाडौं/ एनआइसी एसिया बैंकले ७५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ। बैंकले काठमाडौं उपत्यकाबाहिरका सरकारी तथा सामुदायिक विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत विद्यार्थीबाट आएका आवेदनबाट छनोट गरी ७५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको हो। संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले सातै प्रदेशमा सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको प्रतिनिधित्व हुने गरी छात्रवृत्तिका लागि आवेदन आह्वान गरेको थियो। प्राप्त आवेदनबाट छनोट गरी विभिन्न सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा विपन्न, पिछडिएका वर्ग तथा अपांगता भएका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको बैंकले जनाएको छ। बैंकले यस्तो सहयोग विगतका वर्षमा पनि गर्दै आएको थियो। साथै, सातै प्रदेशमा पुस्तकालय भवन निर्माण गरी पुस्तकालय स्थापना गरिएको पनि बैंकले जनाएको छ।

सेन्सेईको वासिङ मेसिन बजारमा



काठमाडौं/ सेन्सेई ब्रान्डले नयाँ फ्रन्टलोड वासिङ मेसिन बजारमा ल्याएको छ। आधुनिक प्रविधि, स्मार्ट डिजाइन र उच्च कार्यक्षमतासहित सशक्त संयोजन गरिएको वासिङ मेसिन बजारमा ल्याइएको कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार यस वासिङ मेसिनमा जडान गरिएको बिएलडिसी इन्भर्टर मोटरले कम बिजुली खपत, न्यून आवाज र दीर्घकालीन प्रदर्शन सुनिश्चित गर्छ। १० किलो क्षमताको यो मेसिन मध्यमदेखि ठुलो परिवारका लागि उपयुक्त हुने बताइएको छ। उक्त वासिङ मेसिनलाई बजारमा अझै विशिष्ट बनाउने मुख्य विशेषता यसको स्मार्ट बटम फंक्सन र वास प्लस फंक्सन हो, जुन यो मोडेलका लागि पूर्ण रूपमा युनिक फिचरका रूपमा प्रस्तुत गरिएको कम्पनीको भनाइ छ।

स्मार्ट बटनले प्रयोगकर्ताको धुलाइ बानीलाई बुझेर आवश्यक सेटिङ स्वतः अनुकूल बनाउँछ। जसले गर्दा धुलाइ प्रक्रिया अझ सहज र स्मार्ट हुनेछ। त्यस्तै, वास फंक्सनले कपडाको कडा र कठिन दाग हटाउने बताइएको छ। कम्पनीका अनुसार यो मेसिन आधुनिक नेपाली घरपरिवारको व्यस्त जीवनशैलीलाई ध्यानमा राखेर डिजाइन गरिएको हो, जसले गर्दा समयको बचत, ऊर्जा दक्षता र कपडाको उत्कृष्ट हेरचाह प्रमुख प्राथमिकता हुन्।

सूर्यज्योति लाइफलाई 'इमर्जिङ इन्स्योरेन्स अवार्ड'



काठमाडौं/ सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीले 'इमर्जिङ इन्स्योरेन्स अवार्ड' प्राप्त गरेको छ। इन्डियन च्याम्बर अफ बैंककमा आयोजित छैटौं इमर्जिङ एसिया इन्स्योरेन्स अवार्ड-२०२५ मा कम्पनीलाई सो अवार्ड प्रदान गरिएको हो। कम्पनीले 'बेस्ट इनोभेसन्स लेड बार्ड टेक्नोलोजी एन्ड इन्स्योरटेक्स-नेपाल' विधामा अवार्ड पाएको हो।

कार्यक्रममा नेपालसहित भारत, बंगलादेश, भुटान, श्रीलंका, म्यानमार, थाइल्यान्डलगायत अन्य देशका इन्स्योरेन्स कम्पनीका पदाधिकारीको उपस्थिति थियो। चार्टर्ड एकाउन्टेन्सी तथा कन्सल्टेन्सी संस्था पिलडब्लुसी, इन्डियन इन्स्टिच्युट अफ इन्स्योरेन्स, अन्तर्राष्ट्रिय बिमाविज्ञलगायतका संस्थाबाट मूल्यांकन गरी वित्तीय सूचकांकमा उत्कृष्ट कार्यसम्पादनका आधारमा अवार्ड प्रदान गरिएको कम्पनीले जनाएको छ।

अवार्ड कम्पनीका अध्यक्ष केशवप्रसाद भट्टराईले ग्रहण गरेका थिए, जहाँ कम्पनीका सञ्चालक चूडामणि देवकोटा, नायब प्रमुख कार्यकरी अधिकृत फर्शुराम मरासिनी र चिफ सपोर्ट सर्भिसेज उमेशप्रसाद मैनालीको पनि उपस्थिति रहेको थियो। हरेक सूचकांकमा उत्कृष्टता हासिल गर्दै नवप्रवर्तन र डिजिटलीकरणमा अलग्गै पहिचान बनाउँदै आइएको कम्पनीको दाबी छ।

पाँच वर्षमा...

पृष्ठ १ बाट क्रमशः

नेकपाले आफ्नो प्रतिबद्धतापत्रमा आर्थिक सुधारका ६ प्राथमिक क्षेत्र पनि उल्लेख गरेको छ। जसमा कृषि तथा ग्रामीण अर्थतन्त्र रूपान्तरणअन्तर्गत व्यावसायिक तथा सामूहिक खेती, उन्नत प्रविधि, सिँचाइ तथा बजार सुनिश्चितता, खाद्यमा पूर्ण निर्भरता, प्राकृतिक स्रोतको विवेकपूर्ण उपयोग गर्ने उल्लेख छ।

यस्तै, ऊर्जा तथा पूर्वाधार विकासमा जलविद्युत, नवीकरणीय ऊर्जा तथा एकीकृत कोरिडोर निर्माण गर्ने, औद्योगिक तथा उद्यमशीलता प्रवर्द्धनमा स्वदेशी उद्योग, नवप्रवर्तन-स्टार्टअप, साना तथा मझौला उद्यमलाई प्रोत्साहन र प्रादेशिक विशिष्ट आर्थिक अभियान चलाउने उल्लेख छ।

यसबाहेक सूचना प्रविधि तथा डिजिटल अर्थतन्त्रअन्तर्गत डिजिटल पूर्वाधार, इकमर्स तथा आइटी उद्योग विकास, नीतिगत सुधार गर्ने, पर्यटन तथा सेवा क्षेत्रको गुणस्तरीय विकासमा साहसिक, सांस्कृतिक तथा पर्यावरणीय पर्यटन प्रवर्द्धन गर्ने र सामाजिक क्षेत्रतर्फ शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा समावेशी विकासमा लगानी गर्ने उल्लेख छ।

यस्तै, नयाँ चरणको आर्थिक सुधारका लागि नेकपाले प्रमुख सातवटा कार्यक्रम अघि सारेको छ। जसमा उत्पादनमूलक रोजगारी, निजी क्षेत्र प्रवर्द्धन र साझेदारी, सामूहिकता र सहकारिता, अर्थतन्त्रको पुनर्संरचना, सामाजिक क्षेत्रमा लगानी, प्राकृतिक स्रोत-साधनको विवेकपूर्ण उपयोग र संघीय प्रणालीको प्रभावकारी प्रयोग छन्।

प्रतिबद्धतापत्रमा सार्वजनिक तथा निजी स्वामित्वको बाँझो जमिन, नदी-नाला, वन, खनिज र जैविक स्रोतलाई उत्पादनमूलक रूपमा उपयोग गरी युवा जनशक्तिलाई स्वदेशमै रोजगारी उपलब्ध गराइने उल्लेख छ। जनसांख्यिक लाभको उच्च उपयोग गर्ने गरी प्रतिवर्ष एक लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक पाँच लाख रोजगारी सुनिश्चित गरिने प्रतिबद्धता नेकपाको छ।

यस्तै, विदेशमा रहेका जनशक्तिको ज्ञान, सिप, अनुभव र पुँजीलाई रोजगारी-स्वरोजगारी तथा लगानीका लागि अनुकूल वातावरण बनाउन रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई उद्यमी बनाइने प्रतिबद्धता छ। पुँजी र उद्यमका लागि सरकारको साथ कार्यक्रम सञ्चालन गर्ने, विपन्न, पिछडिएका र सीमान्तकृत समुदायका लागि विशेष रोजगारी कार्यक्रम लागू गरिने प्रतिबद्धता छ।

निजी क्षेत्र प्रवर्द्धन र साझेदारी कार्यक्रमअन्तर्गत निजी लगानी प्रवर्द्धन र सुरक्षा सुनिश्चित गर्न विधि, संरचना र प्रक्रिया सरल बनाइने, प्रभावकारी एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराइने प्रतिबद्धता छ। यसबाहेक नेकपाले संघ, प्रदेश र स्थानीय तहले निजी क्षेत्रसँग साझेदारीमा पूर्वाधार निर्माण, उद्योग स्थापना र बजार व्यवस्थापन गर्ने प्रतिबद्धता जनाएको छ। बजारमा प्रतिस्पर्धा प्रवर्द्धन गर्दै सिन्डिकेट हटाउने र समान खेलमैदान सुनिश्चित गर्ने, निजी क्षेत्रको मनोबल उच्च राख्न कानुनी सुधार गर्दै स्वदेशी-वैदेशिक लगानी प्रोत्साहनमार्फत वैदेशिक लगानी बढाइने प्रतिबद्धता नेकपाको छ।

सामूहिकता र सहकारिताअन्तर्गत स-साना भूमिमा खेतीपाती र पशुपन्छी पालन गर्ने किसान परिवारको जमिन एकीकृत गरी ठुला कृषि, पशुपन्छी र जडीबुटी फार्म सञ्चालन गर्ने, उत्पादन उद्योग, पर्यटन र सूचना-प्रविधिमा सहकारी/सामूहिक कम्पनी स्थापना र सञ्चालन प्रोत्साहित गर्ने, उत्पादनमूलक उद्योगमा नमुना परियोजना सञ्चालन गर्न तिनै तहका सरकारले लगानी गर्ने उल्लेख छ। यससँगै अर्थतन्त्रका तीन खम्बालाई सुदृढ गर्दै सामुदायिक क्षेत्रलाई चौथो खम्बा बनाउने प्रतिबद्धता नेकपाको छ।

अर्थतन्त्रको पुनर्संरचनाअन्तर्गत उत्पादन लागत कम गर्ने नीति तथा संरचनात्मक सुधार गर्ने, स्वदेशी उत्पादन मूल्य प्रतिस्पर्धी बनाउने, अर्थतन्त्रलाई डिजिटल बनाउने, पहुँच, गति, पारदर्शिता र लागत दक्षता सुधार्ने, अवैध कारोबार नियन्त्रण गर्दै अनौपचारिक क्षेत्रलाई समावेशी रोजगारी र सामाजिक सुरक्षासँग जोड्ने, कृषि र उद्योग क्षेत्रको विकासबाट उत्पादन र रोजगारी बढाउने एवं आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने नेकपाको प्रतिबद्धता छ। यस्तै, खाद्यान्नलगायत रणनीतिक वस्तु तथा सेवामा आत्मनिर्भरता सुनिश्चित गर्ने, व्यापार घाटालाई नियन्त्रणमा ल्याउन प्रतिस्पर्धात्मक लाभका उच्च मूल्यका वस्तुहरूको उत्पादन बढाई निर्यात बढाउने र वैदेशिक व्यापारको देशगत विविधीकरण गर्ने प्रतिबद्धतापत्रमा छ।

यस्तै, नेकपाको प्रतिबद्धतापत्रमा निश्चित उत्पादनहरूमा केन्द्रित रही सरकारी, निजी तथा सहकारी क्षेत्रको एकल र साझेदारीमा निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योग खोल्ने तथा सबै मुख्य नाकाहरूमा आधुनिक सुविधायुक्त क्वारेन्टिन प्रयोगशाला स्थापना गर्ने उल्लेख छ।

सामाजिक क्षेत्रमा लगानीअन्तर्गत गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न लगानी बढाउने, सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्ने, स्वास्थ्य पूर्वाधार, दक्ष जनशक्ति, औषधि-उपकरण उपलब्ध बढाउने, शिक्षा र स्वास्थ्यलाई सेवामूलक व्यवसायमा विकसित गर्ने तथा विशिष्टीकृत सेवामा निजी क्षेत्रको लगानी आकर्षित गर्ने प्रतिबद्धता नेकपाको छ।

प्राकृतिक स्रोत-साधनको विवेकपूर्ण उपयोगअन्तर्गत जमिन, जल, जंगल र खनिजको विवेकसम्मत प्रयोग गर्ने, वनको पूर्ण उपयोग गरी गुणस्तर अभिवृद्धि गर्दै पुनर्विकास गर्ने, ढुंगा, मार्बल, ग्रेनाइटलगायत खानी स्थापना, व्यवस्थित उत्खनन, प्रयोग र निर्यात गर्ने तथा स्रोत-साधनलाई उत्पादन, रोजगारी र गरिबी निवारणसँग जोड्ने उल्लेख छ।

संघीय प्रणालीको प्रभावकारी प्रयोगअन्तर्गत संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण गर्ने, प्रत्येक प्रदेशमा विशेषतामा आधारित औद्योगिक र कृषि करिडोर निर्माण गर्ने, हालसम्म निर्मित पूर्वाधारको सदुपयोग गर्दै तीनै तहका सरकारको सहकार्यमा उत्पादन, रोजगारी, गुणस्तरीय शिक्षा स्वास्थ्य सेवा र सार्वजनिक सेवा प्रवाह नयाँ स्तरमा पुऱ्याउने नयाँ मोडेल लागू गर्ने प्रतिबद्धता नेकपाको छ।

गुणस्तरीय जनमुखी जनस्वास्थ्य

स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय, जनमुखी, समावेशी तथा दिगो बनाई स्वस्थ तथा समुन्नत नेपाल निर्माण गर्ने लक्ष्यका साथ नीतिगत तथा कार्यगत सुधार गर्ने प्रतिबद्धता नेकपाको छ। जनस्वास्थ्य सेवा पूर्ण रूपमा निःशुल्क संविधानप्रदत्त स्वास्थ्यको मौलिक हक पूर्ण कार्यान्वयन गर्ने, खोप, सुरक्षित मातृत्व, सरुवा रोग नियन्त्रण, प्रजनन स्वास्थ्य तथा आधारभूत स्वास्थ्य सेवालाई राज्यको पूर्ण दायित्वमा राखी निःशुल्क प्रदान गर्ने, प्रजनन स्वास्थ्यसँग सम्बन्धित कानुनमा समयानुकूल परिमार्जन गर्ने, नागरिकले आफ्नो खल्तीबाट तिर्नुपर्ने स्वास्थ्य खर्च हाल करिब ५४ प्रतिशत रहेको अवस्थालाई ०८८ सम्म ३५ प्रतिशतभन्दा कममा झार्ने प्रतिबद्धता जनाइएको छ।

स्वास्थ्य बिमालाई स्वास्थ्य सुरक्षा प्रणालीको मुख्य आधार बनाउने, हाल करिब ३० प्रतिशतमा सीमित स्वास्थ्य बिमाको आबद्धतालाई सबैलाई अनिवार्य गरी ०८८ सम्म शतप्रतिशत पुऱ्याउने, गरिबीको रेखामुनि रहेका नागरिकमध्ये हाल करिब १० प्रतिशत मात्रै बिमामा समेटिएको अवस्थालाई ०८८ सम्म शतप्रतिशत पुऱ्याउने प्रतिबद्धता नेकपाको छ। गरिब, अशक्त, दीर्घरोगी र ज्येष्ठ नागरिकको बिमा प्रिमियम राज्यले बेहोर्ने व्यवस्थालाई परिणाममुखी, तथ्यांकित र पारदर्शी बनाउनले उल्लेख छ।

हरेक वडा, समुदाय तथा विद्यालयमा मिड-लेभल स्वास्थ्य टोली परिचालन गरी नियमित स्वास्थ्य जाँच, जीवनशैली परामर्श तथा रोकथाम सेवा प्रदान गर्ने, सरकारी अस्पतालहरूमा बहिरंग सेवा वर्षभरि बिहान ७ देखि बेलुका ७ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने, स्वास्थ्य चौकीहरूमा पनि ३६५ दिन सेवा विस्तार गरिने उल्लेख छ।

वैदेशिक रोजगारीमा जाने युवाको स्वास्थ्य परीक्षण निःशुल्क गरिने, ज्येष्ठ नागरिक, अपांग, गर्भवती, नवजात शिशु तथा विपन्न वर्गलाई ग्रिन च्यानलमार्फत प्राथमिकता तथा विशेष सहुलियत प्रदान गरिने प्रतिबद्धता नेकपाको छ।

विज्ञान तथा प्रविधि

विज्ञान तथा प्रविधि र नवप्रवर्तनलाई देशको समग्र रूपान्तरणको प्रमुख आधार बनाउने प्रतिबद्धता नेकपाको छ। यसले रोजगारी सिर्जना, प्रतिस्पर्धात्मकता विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण योगदान दिने नेकपाको विश्वास छ। नेपाली युवा तथा वैज्ञानिकहरूको सिर्जनशीलता, ज्ञान र सिपलाई स्वदेशमै उपयोग गर्न योजनाबद्ध काम गर्ने प्रतिबद्धता नेकपाको छ।

विद्यालयदेखि विश्वविद्यालय तहसम्म विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षालाई व्यावहारिक, अनुसन्धानमुखी तथा रोजगारीसँग जोड्ने गरी पाठ्यक्रम र शिक्षण प्रणाली सुधार गर्ने, युवा वैज्ञानिकलक्षित युवा नेतृत्व नवप्रवर्तन कार्यक्रम सञ्चालन गरी अनुसन्धान, स्टार्टअप र प्रविधि उद्यम प्रवर्द्धन गर्ने, प्रत्येक प्रदेशमा इनोभेसन तथा इन्क्युबेसन केन्द्र र टेक्नोलोजी पार्क स्थापना गरी विचारदेखि उत्पादन र बजारसम्मको संरचनागत सहयोग सुनिश्चित गर्ने प्रतिबद्धता नेकपाको छ।

कृत्रिम बुद्धिमत्ता, डेटा साइन्स, साइबर सुरक्षा, फिनटेक, बायोटेक र नवीकरणीय ऊर्जाजस्ता उदीयमान प्रविधिमा युवालाई दक्ष बनाउने राष्ट्रिय कार्यक्रम सञ्चालन गर्ने, विदेश पलायन भइरहेका युवा वैज्ञानिक इन्जिनियर र प्राविधिकलाई स्वदेशमा रोक्न अनुसन्धान अनुदान, कर सहुलियत, सुरक्षित करियर मार्ग र सम्मानजनक पारिश्रमिकको व्यवस्था गर्ने प्रतिबद्धतापत्रमा उल्लेख छ। यस्तै, डिजिटल शासन प्रणाली सुदृढ गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, सरल र नागरिकमैत्री बनाउने, विज्ञान तथा प्रविधि क्षेत्रमा नियुक्ति, अनुदान र निर्णय प्रक्रिया पूर्ण रूपमा योग्यता, प्रतिस्पर्धा र पारदर्शितामा आधारित बनाउने उल्लेख छ।

यसबाहेक प्रत्येक प्रदेशमा एक अनुसन्धान केन्द्र स्थापना गरी प्रत्येक केन्द्रमा कम्तीमा १० देश सय वैज्ञानिक राख्ने व्यवस्था मिलाउने, वैज्ञानिकहरूबाट निश्चित संख्यामा प्रोडक्ट तथा पेटेन्ट दर्ता गर्ने वातावरण निर्माण गर्ने प्रतिबद्धता नेकपाको छ। यस्तै, विज्ञान तथा प्रविधि र नवप्रवर्तनको भरपूर उपयोग गरी रोजगारी र राष्ट्रिय उत्पादन वृद्धिमा जोड दिने जनाइएको छ।

भ्रष्टाचारको...

पृष्ठ १ बाट क्रमशः

१८० मुलुकको दाँजोमा नेपाल १०७औँ स्थानमा रहेकामा सन् २०२५ मा १८२ मुलुकको सूचीमा १०९औँ स्थानमा पुगेको हो।

विख्यात ६ अन्तर्राष्ट्रिय संस्थाले विभिन्न क्षेत्र समेटेर तयार गरेको सर्वेक्षणका आधारमा ट्रान्सपरेन्सीले औसत सिपिआई अंक तयार गरेको छ। ती संस्थाहरूद्वारा १५ भदौ ०८२ अर्थात् सन् २०२५ को अगस्ट महिनासम्मका सुशासनसम्बन्धी तथ्यांकलाई आधार बनाई नेपालको अंक निर्धारण गरिएको ट्रान्सपरेन्सीले उल्लेख गरेको छ।

संसारभरका १८२ मुलुकको भ्रष्टाचार अवधारणा सर्वेक्षण गर्दा ट्रान्सपरेन्सीले सन् २०२५ का लागि औसत अंक ४२ कायम गरेको थियो। औसतभन्दा कम अंक प्राप्त गर्ने मुलुकलाई तुलनात्मक रूपमा भ्रष्टाचार बढी व्याप्त भएको मानिन्छ। नेपालले औसतभन्दा पनि आठ अंक कम प्राप्त गरेको छ। सरकारले भ्रष्टाचार नियन्त्रणमा काम नगरेको ट्रान्सपरेन्सीले प्रतिवेदनमा औंल्याएको छ। नेपालको सन्दर्भमा ट्रान्सपरेन्सीले भनेको छ, 'लामो समयदेखि नेपालले ३५ भन्दा कम अंक पाउँदै आएको सन्दर्भमा सूचकांकमा तल्लो तहमा रहेको यस अंकले नेपालमा पटक-पटक सत्तामा रहेका सरकारहरूद्वारा भ्रष्टाचारविरुद्ध ठोस काम गर्न नसकेको देखाएको छ।'

'जेन-जी आन्दोलनको कारक बढ्दो भ्रष्टाचार हो भन्ने आधारलाई सूचकांकको अवस्थाले पुष्टि गऱ्यो'

ट्रान्सपरेन्सीले सन् २०२५ को अगस्ट (१५ भदौ)सम्मको सुशासनसम्बन्धी तथ्यांकलाई आधार बनाई नेपालको सिपिआई तयार गरेको छ। त्यसपछिको समयमा नेपालमा गत २३ र २४ भदौमा जेन-जी आन्दोलन भयो। राष्ट्रिय योजना आयोगको प्रतिवेदनअनुसार जेन-जी आन्दोलनमा ७७ जनाको मृत्युसहित ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ मूल्यबराबरको भौतिक क्षति भएको छ।

तर, जेन-जी आन्दोलनको घटनालाई पनि ट्रान्सपरेन्सीले नेपालसम्बन्धी आफ्नो मूल प्रतिवेदनमा जोडेर उल्लेख गरेको छ। जेन-जी आन्दोलन मूल रूपमा भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रमुख माग राखेर उठेको थियो। यो विषयलाई प्रतिवेदनले औंल्याएको छ। 'यही भाद्र २३ र २४ मा भएको जेन-जी आन्दोलन र देशले व्यहोर्नुपरेको अपूरणीय धनजनको क्षतिको कारक बढ्दो भ्रष्टाचार हो भन्ने आधारलाई सूचकांकको यस अवस्थाले पुष्टि गर्ने देखिएको छ,' ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको प्रतिवेदनमा उल्लेख छ।

भ्रष्टाचार एक प्रवृत्तिको रूपमा बढ्दै जानु चिन्ताजनक भएको ट्रान्सपरेन्सीले औंल्याएको छ। स्थापित प्रजातान्त्रिक मुलुकहरूमा नेतृत्व ह्रासका कारण भ्रष्टाचार बढ्न गई लोकतन्त्र र प्रजातन्त्र कमजोर भएको तथा नागरिक स्वतन्त्रता साँघुरो हुँदै गई अन्ततः देश र जनताको विकाशको गति अपेक्षित रूपमा अघि नबढेको अवस्था सिर्जना भएको पनि प्रतिवेदनमा उल्लेख छ।

तामाकोशीमा...

पृष्ठ १ बाट क्रमशः

प्रत्यक्षदर्शीले तीव्र गतिका कारण बस दुर्घटनामा परेको बताएका छन्। त्यसै क्षेत्रमा मध्यपहाडी लोकमार्गमा काम गरिरहेका निर्माण व्यवसायी दीपककुमार थापाले भने, 'तामाकोशी नदीपारि साइटमा काम भइरहेको ठाउँमा थियौँ। खुर्कोटबाट बस मन्थलीतिर तीव्र गतिमा थियो। विपरीत दिशाबाट एउटा बोलेरो खुर्कोटतर्फ तीव्र गतिमा हुइँकिँदै गएको थियो। साँघुरो सडकमा बस नियन्त्रणमा आउन सकेन र सडकछेउका डिभाइडर हान्दै एकैछिनमा हेर्दाहेर्दै नदीमा खस्यो।'

चालक सुशान्त थापामगरले गाडीको स्टेयरिङ नकार्दिँदा दुर्घटना भएको प्रारम्भिक बयान दिएको प्रहरी नायब उपरीक्षक भोलाकुमार भट्टले बताए। 'साँघुरो सडकमा गाडी दुर्घटना भएको देखिन्छ। बस तीव्र गतिका कारण दुर्घटना भएको हुन सक्ने आशंका छ,' उनले भने, 'यस विषयमा थप अनुसन्धान भइरहेको छ।'

दुर्घटनाग्रस्त गाडीमा कति यात्रु थिए भन्ने निश्चित छैन। जिल्ला प्रहरी कार्यालय रामेछापका अनुसार २१ देखि २३ यात्रु रहेको अनुमान छ। मृतकका आफन्तले पूर्व-अरनिको यातायात सेवा समितिका पदाधिकारीलाई रामेछाप झिकाउनुपर्ने माग गरेका छन्। अरनिको यातायात सेवा समितिका जिल्ला इन्जार्च सुवास फुयाँलले मृतकका आफन्तले समितिका पदाधिकारी झिकाएपछि मात्रै क्षतिपूर्तिको विषयमा कुरा गर्ने अडान राखेको बताए।

बस दुर्घटनामा घाइते भएका चालकबाहेक सातजनालाई काठमाडौं र धुलिखेल रेफर गरिएको छ। खाँडादेवी गाउँपालिका- ३ का २१ वर्षीय समीर श्रेष्ठ, मन्थली नगरपालिका- १२ की ३३ वर्षीया देवकी खड्का, उमाकुण्ड गाउँपालिका- ७ की निष्मा शेर्पा र सोही वडाका ५२ वर्षीय सोम देण्डी शेर्पा, लिखु तामाकोशी गाउँपालिका- ४ का ५१ वर्षीय ओलकबहादुर थापा घाइते छन्। त्यस्तै, ओखलढुंगाको खिजीदेम्बा गाउँपालिका- २ का ४५ वर्षीय जयबहादुर तामाङ र दोलखा भीमेश्वर नगरपालिका- ७ की १६ वर्षीया निलिमा तामाङ पनि घाइते छन्। घाइतेमध्ये गाडीचालक सुशान्त थापामगरलाई मन्थलीस्थित तामाकोशी अस्पतालमा सामान्य उपचारपछि डिस्चार्ज भएसँगै प्रहरीले नियन्त्रणमा लिएको छ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/१०/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८२/०८/२८ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०२/२८ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व पछुयाँट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/०८/२८ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. २, हेडम्बी हाईट स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय हेटौंडा, मकवानपुरमा मिति २०६५ साल भदौ महिना २ गते २ रोजमा प्रा.फ.र.नं. १५६८/५४/०६५/६६ तथा आन्तरिक राजश्व कार्यालय, हेटौंडामा मिति २०६५/०५/०३ मा स्थायी लेखा नम्बर (PAN) ३०१४९३३७० अन्तर्गत दर्ता कायम भएको **आस्था इन्टरप्राइजेज**।

प्रोप्राईटर : अनिल भक्त श्रेष्ठ

व्यक्तिगत जमानीकर्ताको विवरण

१. अष्टमान श्रेष्ठको नाति, शम्भु भक्त श्रेष्ठको छोरा, मकवानपुर जिल्ला, साविक बज्रबाराही गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. २ बस्ने **अनिल भक्त श्रेष्ठ** (ना.प्र.नं. ३१ बज्र २/११४, जारी मिति २०४६/१०/२०, जि.प्र.का. मकवानपुर)।

२. अष्टमान श्रेष्ठको बुहारी, शम्भु भक्त श्रेष्ठको पत्नी, मकवानपुर जिल्ला, साविक हेटौंडा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. २ बस्ने **विद्या देवी श्रेष्ठ** (ना.प्र.नं. ७०४२, जारी मिति २०४०/११/१९, जि.प्र.का. मकवानपुर)।

३. शम्भु भक्त श्रेष्ठको बुहारी, अनिल भक्त श्रेष्ठको पत्नी, रौतहट जिल्ला, साविक पौराई गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. २ बस्ने **संगीता श्रेष्ठ** (ना.प्र.नं. २४९२, जारी मिति २०४६/०३/०५, जि.प्र.का. मकवानपुर)।

धितोको विवरण

१. आस्था इन्टरप्राइजेजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

२. विद्या देवी श्रेष्ठ (ना.प्र.नं. ७०४२, जारी मिति २०४०/११/१९, जि.प्र.का. मकवानपुर) को नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, साविक हेटौंडा गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. १६९२ र १७०५ को क्षेत्रफल क्रमशः ०-०-१० र ०-०-१९ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/११/१३ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बुझाई सक्नु पर्नेछ।

३. प्राप्त बोलपत्रहरु मिति २०८२/११/१४ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माद्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदातालै धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय हेटौंडा, मकवानपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank | शाखा कार्यालय : हेटौंडा, मकवानपुर | फोन नं. ०५७-५२६७६७ | Website : www.siddharthabank.com

Liberty Energy Company Ltd.
लिबर्टी ईनर्जी कम्पनी लि.
रजिष्टर्ड कार्यालय : का.म.न.पा.-१०, बुढनगर, काठमाडौं
Email: liberty@libertyenergy.com.np | Web:www.libertyenergy.com.np

UNAUDITED FINANCIAL STATEMENTS FOR THE SECOND QUARTER, FISCAL YEAR 2082/83 ENDED 30th POUSH, 2082 (14th JANUARY, 2026)

(In NPR)

Particulars	Current Quarter Ending Poush end 2082	Previous Quarter Ending Ashoj end 2082	" Corresponding Previous Quarter ending Poush end 2081 "
Assets			
Non-Current Assets			
Property, plant and equipment	50,377,391.38	49,259,342.36	18,847,701.97
Intangible Assets	5,598,372,332.58	5,659,036,569.39	5,786,786,658.95
Project work-in progress	-	-	48,812,849.45
Financial Assets			
Other Investments	170,409,000	170,409,000	121,529,000.00
Other non-current assets	331,802.03	8,045,000.00	545,000.00
Total Non-Current Assets	**5,819,490,525.

का.जि.द.नं.१२८/०६३/६४, म.के.हु.नि.द.न. १७/०६९/०७०

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

टेस्ट राष्ट्रलाई नेपालमा सिरिज खेल्न रोहितको आग्रह

मुम्बईमा **रमेश सुवेदी**

नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडेलले विश्व क्रिकेटका शक्तिशाली राष्ट्रहरू अस्ट्रेलिया, इंल्यान्ड र भारतलाई कीर्तिपुरको त्रिवि मैदानमा आएर सिरिज खेल्न आग्रह गरेका छन्। इटालीविरुद्धको खेलअगाडि मंगलबार वानखेडे रंगशालामा भएको प्रिम्याच कन्फरेन्समा रोहितले तीन राष्ट्रलाई आतिथ्य गर्दै नेपाली क्रिकेट विकासमा योगदान गर्न अनुरोध गरेका हुन्। 'भारत, अस्ट्रेलिया, र इंल्यान्डलाई कीर्तिपुर मैदानमा खेल्न आउन आग्रह गर्दछु,' उनले भने, 'यस्तो अवस्थामा विश्व क्रिकेटको नजर नेपालमा रहँदा नेपाली क्रिकेट अझै राम्रो हुनेछ।'

> भारत, अस्ट्रेलिया र इंल्यान्डजस्ता विश्व क्रिकेटकै शक्तिशाली राष्ट्रहरूलाई त्रिवि क्रिकेट मैदानमा प्रतिस्पर्धा गरी नेपाली क्रिकेटको विकासमा सहयोग गर्न रोहितले आग्रह गरेका छन्



नेपालले आइसिसीको पूर्ण सदस्य दक्षिण अफ्रिका, वेस्ट इन्डिज, पाकिस्तान, बंगलादेश र इंल्यान्डसँग खेलेको छ। भारतमा चलिरहेको टी-२० विश्वकपअन्तर्गत समूह 'सी'मा नेपालले दुईपटकको विजेता इंल्यान्ड बहादुरी प्रदर्शन गरेको थियो। नेपाल झिनो चार रनले इंल्यान्डबाट पराजित भएको थियो। सन् २०२४ मा नेपालले एसिया कपमा एउटै समूहमा भारत र पाकिस्तानविरुद्ध प्रतिस्पर्धा गरेको थियो। गत अक्टोबरमा नेपालले वेस्ट इन्डिजविरुद्धको ऐतिहासिक टी-२० आई सिरिज २-१ ले जितेको थियो। सन् २०२४ को विश्वकपमा नेपाल दक्षिण अफ्रिकासँग एक रनले स्तब्ध भयो। पछिल्लो दुई वर्षमा नेपालले विश्व क्रिकेटकै शक्तिशाली राष्ट्रविरुद्ध प्रतिस्पर्धामा मात्र गरेको छैन, उनीहरूविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको थियो।

पत्रकार सम्मेलनमा टेस्ट राष्ट्रसँग नियमित प्रतिस्पर्धा गर्न अवसर पाउँदा विश्व क्रिकेटमा नेपाल पनि अगाडि आउने उनले प्रतिक्रिया दिए। 'हामीले नियमित रूपमा उनीहरूसँग प्रतिस्पर्धाको अवसर पाउँदा नेपाल पनि एसोसिएट राष्ट्रबाट अगाडि बढ्नेछ,' रोहितले भने, 'अन्तर्राष्ट्रिय शृंखला खेल्ने अवसर पाए नेपाली खेलाडीहरूको क्षमता अझ परीक्षण हुन्छ र विकासमा पनि सहयोग पुग्छ।' कप्तान रोहितले विश्वकपजस्तो ठुलो प्लाटफर्ममा दबाब वहन गर्न नसक्दा चुकेको बताएका छन्। दुई वर्षअघिको विश्वकपमा दक्षिण अफ्रिकासँग खेलेपछि गत सेप्टेम्बरमा मात्रै वेस्ट इन्डिजसँग खेल्ने अवसर पाएको बताए। 'टेस्ट राष्ट्रसँगै नियमित खेल भएको अवस्थामा नेपाली क्रिकेटको भविष्य उज्जल हुनेछ,' उनले भने, 'हामीले दक्षिण अफ्रिकासँग खेलेपछि एकैपटक वेस्ट इन्डिजसँग धेरै पछि खेल्यौं। त्यसले पनि गाह्रो बनायो, नियमित खेल भएको अवस्थामा हामीले राम्रो गर्नेछौं।'

आजका खेल

अफगानिस्तान	बिहान ११:१५ बजे	द.अफ्रिका		
आयरल्यान्ड	दिउँसो ३:१५ बजे	अस्ट्रेलिया		
इंल्यान्ड	राति ७:१५ बजे	वेस्ट इन्डिज		

रोकिएको छैन नेपालको चर्चा

आइसिसी टी-२० वरीयताको तेस्रो स्थान तथा उपाधि दाबेदार इंल्यान्ड र नेपालबिचको सनसनीपूर्ण खेलको चर्चा अहिले पनि चलिरहेको छ। इंल्यान्डसँग खेलअघि प्रिम्याच प्रेस कन्फरेन्समा वेस्ट इन्डिजका प्रशिक्षक ड्यारेन सामीले नेपालजस्तो टोलीलाई सहयोग गर्न तयार रहेको बताए। उनले विश्वमा क्रिकेट विस्तार गर्न नेपाललाई साथ दिनुपर्ने बताएका छन्। 'हामी टेस्ट राष्ट्रको जिम्मेवारी भनेकै क्रिकेटलाई फराकिलो बनाउनु हो,' सामीले भने, 'हामीले नेपालजस्तो एसोसिएट राष्ट्रलाई साथ दिनुपर्छ र क्रिकेट विकासमा योगदान पुऱ्याउनुपर्छ।'

वानखेडेमा १९ हजार नेपाली समर्थक उपस्थित

नेपाल र इंल्यान्डबिच वानखेडे रंगशालामा भएको प्रतिस्पर्धामा १९ हजार नेपाली समर्थक रहेको आइसिसीले जनाएको छ। आइसिसीले खेल हेर्न १९ हजार ३६९ समर्थक उपस्थित भएको आइसिसीले जनाएको छ। आइसिसीको तथ्यांकअनुसार भारत र अमेरिकाबिचको खेलमा सर्वाधिक २८ हजार ७२६ समर्थक उपस्थित भएका थिए। यो खेल पनि वानखेडे रंगशालामै भएको थियो। पाकिस्तान र नेदरल्यान्ड्सबिच सबैभन्दा कम पाँच हजार दर्शक रहे। यो खेल श्रीलंकाको कोलम्बोमा भएको थियो।

भारत र पाकिस्तानबिच खेल हुने

पाकिस्तानले आइसिसी टी-२० विश्वकपअन्तर्गत भारतविरुद्धको समूह चरणको खेल खेल्ने भएको छ। यसअघि पाकिस्तानले १५ फेब्रुअरीमा कोलम्बोमा हुने खेल नखेल्ने निर्णय गरेको थियो। विश्वकपमा पाकिस्तानले आफ्ना सबै खेल श्रीलंकामा खेल्दै छ। यसअघि पाकिस्तानले बंगलादेशले भारतमा गएर नखेल्ने निर्णयको समर्थन गर्दै आफूले पनि भारतसँग नखेल्ने निर्णय लिएको थियो। पाकिस्तान सरकारको आधिकारिक सामाजिक सञ्जाल एक्सले मित्र राष्ट्रहरूको अनुरोधलाई ध्यानमा राख्दै भारतविरुद्धको खेल खेल्न टोलीलाई अनुमति दिएको उल्लेख गरेको छ। पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी), बंगलादेश क्रिकेट बोर्ड (बिसिबी) र अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)बिच त्रिकोणात्मक द्वन्द्व चलिरहेको थियो।

■ खेलअगाडि नेपालको तयारी



मुम्बईस्थित वानखेडे रंगशालामा मंगलबार नेपाली खेलाडीहरूले प्रशिक्षण गरेका छन्। विश्वकपअन्तर्गत समूह 'सी' मा बिहीबार नेपाल पहिलोपटक युरोपियन राष्ट्र इटालीसँग भिड्न लागेको हो। दुवैले आ-आफ्ना पहिलो खेल गुमाएका छन्। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

पुरस्कार राशि एक करोड १२ लाख अमेरिकी डलर

मुम्बई/ अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले विश्वकप २०२६ को पुरस्कार राशि सार्वजनिक गरेको छ। आइसिसीले कुल एक करोड १२ लाख अमेरिकी डलरभन्दा बढी पुरस्कार राशि वितरण गर्ने जनाएको छ। पुरस्कार राशि एक करोड १२ लाख ५० हजार डलर रहेको छ। विजेताले २३ लाख ४० हजार डलर, उपविजेताले ११ लाख ७० हजार डलर र सेमिफाइनलिस्टले ६ लाख ७५ हजार डलर पाउनेछन्। पाँचौंदेखि आठौं स्थानमा रहने टोलीले दुई लाख ७० हजार डलर पाउने आइसिसीले जनाएको छ। १३ देखि २०औं स्थानमा रहनेले एक लाख १२ हजार पाँच सय डलर पाउनेछन्।

न्युजिल्यान्ड १० विकेटले विजयी

न्युजिल्यान्ड र नेदरल्यान्ड्सले आइसिसी टी-२० विश्वकपमा सानदार सुरुवात गरेको छ। मंगलबार चेन्नईमा भएको खेलमा न्युजिल्यान्डले युएईलाई १० विकेटले हरायो। नेदरल्यान्ड्सले नामिबियालाई पराजित गऱ्यो। टस जितेर ब्याटिङ गरेको युएईले ६ विकेट गुमाउँदै एक सय ७३ रन बनाएको थियो। न्युजिल्यान्डले विनाविकेटको क्षतिमा १५.२ ओभरमा जित निकालेको हो। न्युजिल्यान्डका सेफफर्टले ८९ रन र फिन एलेनले ८४ रन बनाए। यसअघि युएईका लागि कप्तान मोहम्मद वासिमले सर्वाधिक ६६ रन बनाउन ४५ बलमा चार चौका र ३ छक्का हिर्काएका हुन्।

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
Rasuwagadhi Hydropower Company Limited

महाराजगंज, काठमाण्डौ, नेपाल, फोन न. ०१-४३७१७४४, ४३७१७९४
इमेलः info@rghpcl.com.np, वेभसाइटः www.rghpcl.com.np

Statement of Financial Position (Unaudited)
As at 30th Poush 2082 (14th Jan 2026)

(NRs. "000")

Particulars	This Quarter Ending Poush 2082	Previous Quarter Ending Ashwin 2082	Corresponding Previous Year Quarter Ending Poush 2081
Assets			
Non Current Assets			
Property, Plant & Equipment	22,382,769	22,672,524	23,290,554
Intangible Assets	169	220	197
Capital Work in Progress	14,306	11,745	14,745
Total Non - Current Assets	**22,397,243**	**22,684,489**	**23,305,496**
Current Assets			
Inventory	60,213	69,223	2,149
Prepayments	45,657	48,186	5,370
Advances & Deposits	329,067	330,609	365,490
Trade Receivables	245,245	-	100,191
Cash & Cash Equivalents	372,768	208,358	136,093
Total - Current Assets	**1,052,949**	**656,376**	**609,294**
TOTAL ASSETS	**23,450,192**	**23,340,865**	**23,914,790**
EQUITY AND LIABILITIES			
Equity			
Share Capital	6,842,100	6,842,100	6,842,100
Retained Earnings	(1,892,642)	(1,537,997)	(414,548)
Total Equity	**4,949,458**	**5,304,103**	**6,427,552**
Non - Current Liabilities			
Long Term Loans	15,045,686	16,795,665	16,439,512
Other Non-Current Liabilities	-	-	624
Total Non - Current Liabilities	**15,045,686**	**16,795,665**	**16,440,135**
Current Liabilities			
Provisions	17,420	17,175	26,374
Loan and Borrowings	2,216,719	470,853	205,216
Trade and Other Payables	1,220,909	753,068	815,512
Total Current Liabilities	**3,455,048**	**1,241,096**	**1,047,103**
TOTAL EQUITY AND LIABILITIES	**23,450,192**	**23,340,865**	**23,914,790**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
For the period ended 30th Poush 2082 (14th January 2026)

Particulars	This Quarter Ending Poush 2082	Previous Quarter Ending Ashwin 2082	Previous Year Corresponding Quarter Ending Poush 2081
Income			
Revenue from Sale of Electricity	254,245	-	99,629
Total Direct Income	**254,245**	**-**	**99,629**
Cost of Sales			
Plant Operation Cost	(121,580)	(39,722)	(2,985)
Royalty	(10,622)	(2,828)	(1,993)
Gross Profit/ (Loss)	**122,044**	**(42,550)**	**94,651**
Employee Benefits	(6,628)	(4,294)	(8,925)
Administrative Expenses	(9,908)	(4,608)	(8,017)
Depreciation & Amortization	(491,063)	(248,356)	(43,933)
Profit from Operations	**(385,555)**	**(299,808)**	**33,777**
Finance Income	907	468	187
Finance Cost	(679,250)	(342,834)	(60,693)
Other Income/Expenses	(17,576)	(11,180)	(6,129)
Profit/ (Loss) before Tax	**(1,081,474)**	**(653,354)**	**(32,858)**
Less: Tax			-
Current Tax	-	-	-
Deferred Tax Income (Expense)	-	-	-
Net Profit/ (Loss) For the Period	**(1,081,474)**	**(653,354)**	**(32,858)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६, उपनियम (१) को अनुसूची-१४ अनुसार कम्पनीको आ. व. २०८२/०८३ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण**
(क) यस त्रैमासिक अवधिको अपरिष्कृत वासलात तथा नाफा/नोक्सान सम्बन्धी विवरणहरु माथि उल्लेख गरिए बमोजिम रहेको छ।
(ख) प्रमुख वित्तीय अनुपातहरुः

क्र. सं.	विवरण	आ. व. २०८२/०८३ को दोश्रो त्रैमासिक अवधि	आ. व. २०८२/०८३ को पहिलो त्रैमासिक अवधि	आ. व. २०८१/०८२ को दोश्रो त्रैमासिक अवधि
१	प्रति शेयर आम्दानी	(१५.८१)	(९.५५)	(०.८८)
२	मूल्य आम्दानी अनुपात	(१७.०८)	(२७.४७)	(४९७.५८)
३	प्रति शेयर नेटवर्थ	७२.३४	७७.५२	९३.९८
४	प्रति शेयर कूल सम्पति	३४२.७३	३४१.१४	३४९.५६
५	तरलता अनुपात	०.३०	०.५३	०.५८

२. **व्यवस्थापकीय विश्लेषण**
क) यस कम्पनीद्वारा रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका वडा नं. १ थुमन र वडा नं. २ टिमुरेको सिमाना हुँदै बहने भोटेकोशी नदिको पानी उपयोग गरी १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई २०८१ पौष १६ देखि व्यापारीक विद्युत उत्पादन (Commercial Operation) शुरु भएकोमा मिति २०८२ साल असार २४ (सन् २०२५ जुलाइ ८) मा तिब्बत क्षेत्रको हिमताल फुट्नाले ल्हेन्दे नदीमा अचानक लेदो, गेग्रान तथा ढूलाढूला दुङ्गा सहित आएको बाढी नेपाल-चीन सीमाना स्थित रसुवागढी हुँदै आयोजनाको श्रोत नदी भोटेकोशी आइपुग्दा नेपाल-चीन सीमा नजिकै अवस्थित रसुवागढी जलविद्युत आयोजना/केन्द्रको बाँधस्थल र जलविद्युत केन्द्र क्षेत्रमा रहेका अधिकांश सिभिल संरचनाहरूमा व्यापक क्षति पुऱ्याउनुका साथै हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल उपकरणहरूमा समेत ठूलो क्षति भएको र कर्मचारी आवास भवनहरू पूर्ण रुपमा क्षति भई जलविद्युत केन्द्रबाट विद्युत उत्पादन समेत बन्द रहेको आवस्थामा उक्त काबु बाहिरको परिस्थितिको सामना गर्नुको विकल्प नरहेकाले अदम्य साहसका साथ विपतको सामना गरिरहेका कर्मचारीहरुलाई सुरक्षित स्थानमा बसोबासको बन्दोबस्त मिलाउने, विद्युत गृहमा रहेका मेसिन उपकरणहरुमा थप क्षति हुन नदिन Dewatering लगायतका कार्यहरु गर्ने, बाढीका कारण सृजित काबु बाहिरको परिस्थितिको जानकारी दिन नियमनकारी निकायहरु, कम्पनीका शेयरधनीहरु, बीमा कम्पनीहरु, सम्बन्धित सरकारी निकाय लगायत सम्पूर्ण सरोकारवालाहरुलाई पत्राचार गर्ने, क्षतिको प्रारम्भिक विवरण संकलन गर्ने लगायतका कार्यहरु शुरु गरी छिटो भन्दा छिटो क्षतिग्रस्त जलविद्युत केन्द्रको पुर्नस्थापना गर्न सिंगो कम्पनीको अथक प्रयासको परिणाम स्वरुप मिति २०८२ मँसिर २० गाट ३ वटा मध्ये एउटा यूनिटबाट विद्युत उत्पादन शुरु गर्न सफल भएको र क्षति भएका सिभिल संरचना र हाइड्रोमेकानिकल उपकरणहरुको मर्मत संभार तथा पुर्नस्थापनाका कार्यहरु समेत संगसगै अघि बढाइएकाले नदीको बहावमा हुने परिवर्तनका आधारमा क्रमशः अन्य युनिटहरुबाट पनि विद्युत उत्पादन गर्दै जाने कम्पनीको योजना मुताबिक मिति २०८२ पुष १० गाट दोस्रो यूनिटबाट पनि विद्युत उत्पादन शुरु गरिएको छ।

क्षति भएका संरचना तथा मेसिन उपकरणहरुको प्रारम्भिक मूल्यांकन गरी बीमक कम्पनी श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनीमा रु. १ अर्ब ७३ करोड ८४ लाख बराबरको बीमा दावी पेश गरिएकोमा हालका मिति सम्ममा रु. १५ करोड रुपैयाँ मात्र पेश्की स्वरुप प्राप्त भई सो दावी फर्छ्यौंटको चरणमा रहेको छ।

यस कम्पनीको अधिकृत पूँजी रु. ७ अर्ब, जारी पूँजी रु. ६ अर्ब ८४ करोड २१ लाख र चुक्ता पूँजी जारी पूँजीको शतप्रतिशत अर्थात रु. ६ अर्ब ८४ करोड २१ लाख कायम रहेको छ। स्वपूँजी अन्तर्गत ५१% शेयर संस्थापक शेयरधनी समूहको र ४९% शेयर सर्वसाधारण शेयरधनी समूहको रहेको छ। आयोजना निर्माणको लागि आवश्यक पर्ने सम्पूर्ण दिर्घकालिन ऋण श्री कर्मचारी संचयकोषबाट प्राप्त हुने गरी ऋण सम्झौता भई सोको परिचालन भएको छ। २०८२ सालको पौष मसान्त सम्ममा कोषलाई तिर्नुपर्ने सावाँ तथा ब्याजको रकम रु. १६ अर्ब ७२ करोड ४२ लाख ३० हजार ४४२ कायम भएको छ। कोषलाई तिर्नुपर्ने ऋणको बार्षिक ब्याजदर २०८२ श्रावणदेखि ८% रहेको छ।

आयोजनाबाट व्यापारिक विद्युत उत्पादन शुरु भइसकेकाले कम्पनीले ऋण तिर्न शुरु गरी ९ वर्ष (३६ किस्ता) मा संचयकोषसंगको सम्पूर्ण ऋण चुक्ता गर्ने योजना मुताबिक पहिलो किस्ता स्वरुप २०८१ को चैत्र मसान्तमा कोषलाई रु. ६५ करोड १४ लाख ६० हजार भुक्तानी गरिएको भएता पनि मिति २०८२/०३/२४ को बाढीका कारण विद्युत उत्पादन बन्द हुँदा विद्युत बिक्री वापतको आम्दानी गुमेकाले २०८२ को आषाढ मसान्त र असोज मसान्तको किस्ता वापतको रकम भुक्तानी गर्न नसक्दा सो किस्ता रकम पुनः पूँजीकृत गर्नुपरेको छ भने कम्पनीको नगद प्रवाहलाई व्यवस्थापन गर्न श्री नबिल बैंक लिमिटेडसँग पछिल्लो पटक वार्षिक ब्याजदर ५.७४% मा रु. ४९ करोड ८० लाख Working Capital Loan लिइएको छ। ऋणदाता संस्था श्री कर्मचारी संचयकोषलाई पौष मसान्तको किस्ता वापतको रकम रु. ६५ करोड १४ लाख ६५ हजार भुक्तानी गरिएको छ। त्यसैगरी कम्पनीको अल्पकालिन नगद व्यवस्थापनका लागि प्रबर्द्धक संस्था श्री चिलिमे जलविद्युत कम्पनी लि. संग विभिन्न समयमा लिइएको सापटी रकम मध्ये २०८२ पुष मसान्तमा रु. ३७ करोड ६२ लाख ३४ हजार भुक्तानी गर्न बाँकी रहेको छ।

आयोजना निर्माणका बखत पनि विविध काबु बाहिरको परिस्थिति श्रृजना भई तोकिएको समयमा निर्माण सम्पन्न हुन नसक्दा शुरु अनुमानको तुलनामा निर्माण लागत बृद्धि भएको थियो। जलविद्युत केन्द्रबाट व्यापारिक रुपमा विद्युत उत्पादन हुनु अघि (२०८१ पौष १५) सम्मको लागतका आधारमा आयोजनाको कूल निर्माण लागत निर्माण अवधीको ब्याज समेत गरी करिव रु. २४ अर्ब ९९ करोड हुन पुगेको छ। यसबाट आयोजना निर्माण लागतको कर्जा:स्वपूँजी अनुपात शुरुको ५०:५० प्रतिशतबाट परिवर्तन भई करिव ७१:२९ प्रतिशत कायम भएको छ। यद्यपि, आयोजना/जलविद्युत केन्द्रमा हालको बाढीबाट भएको क्षतिको पुर्नस्थापना/पुर्ननिर्माणका कार्यहरु भइरहेको साथै थप सुरक्षण (Protection) का कार्यहरु समेत गर्नुपर्ने अवस्था रहेकाले क्षतिको बीमा दावी फर्छ्यौंट पश्चात पनि कम्पनीले थप वित्तीय श्रोतको व्यवस्था गर्दा उल्लेखित ऋण रकम बृद्धि हुनगई कर्जा:स्वपूँजी अनुपात पुनः परिवर्तन हुन जाने देखिएको छ।

ख) **आगामी अवधिको व्यवसायिक योजनाका सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः**
पूर्व निर्धारित कार्यतालिका अनुरुप आयोजनाको निर्माण कार्य सम्पन्न हुन नसकेको भएता पनि मिति २०८१ साल पौष १६ गतेबाट व्यापारिक रुपमा विद्युत उत्पादन शुरु भएकाले कुनै बाधा व्यवधान नभएको अवस्थामा आयोजनाबाट वार्षिक ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत शक्ति उत्पादन भई यस कम्पनीलाई वार्षिक रुपमा रु.३ अर्ब २५ करोड आम्दानी प्राप्त हुने अनुमान रहेको छ। यद्यपि, बाढीका कारण लामो समयसम्म जलविद्युत केन्द्र बन्द रहेकाले आ.व. २०८२/०८३ को कम्पनीको नगद प्रवाहमा भने उल्लेख्य असर पर्ने देखिएको छ। जलविद्युत केन्द्रको पुनस्थापना पश्चात विद्युत बिक्रीबाट हुने आम्दानीबाट सर्वप्रथम ऋणका किस्ता भुक्तानीलाई निरन्तरता दिई कम्पनीलाई वित्तीय रुपमा सबल बनाई शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गर्ने कम्पनीको मुख्य लक्ष्य हुनेछ। साथै विद्युत उत्पादनमा आत्मनिर्भर हुँदै विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने राष्ट्रको उद्देश्यलाई सहयोग पुऱ्याउन अन्य आयोजनाहरुको पहिचान, अध्ययन तथा निर्माण गर्ने कम्पनीको भावि योजना रहेको छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरणः**
(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन। तथापि, आयोजनाको प्रशारण लाइन निर्माण अन्तर्गतको पहिलो ठेकेदार श्री भुडभरी एण्ड जोशी प्रा.लि. ले ठेक्का सम्झौता बमोजिम कार्यहरु नगर्दा यस कम्पनीले निजसंगको ठेक्का अन्त्य गरेको विषयमा सम्मानित अदालतमा निजद्वारा दायर रिट निवेदनका सम्बन्धमा मध्येस्थकर्ता (Arbitrator) नियुक्त गरिएको व्यहोराको जानकारी अदालतबाट प्राप्त भएको।
(ख संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी नभएको,
(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी नभएको।

४. **संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषणः**

शेयरको अधिकतम मूल्य (रु.)	शेयरको न्यूनतम मूल्य (रु.)	शेयरको अन्तिम मूल्य (रु.)	शेयर कारोबार रकम (रु.)	कारोबार शेयर संख्या	कारोबार भएको कूल दिन
३१८/००	२५२/३०	२७०/००	५२०,७७८,१८३	१,९०३,८८२	५५

५. **समस्या र चुनौतीः**
रसुवागढी जलविद्युत आयोजना निर्माणको चरणमा पटक-पटक विविध काबु बाहिरको परिस्थिति उत्पन्न भएको हुँदा विभिन्न समस्या र चुनौतिहरुको सामना गर्दै आयोजना सम्पन्न गरी व्यापारिक विद्युत उत्पादन शुरु भइसके पश्चात पहिलेको भन्दा फरक प्रकारका समस्या तथा चुनौतिहरुको सामना गर्नुपर्ने परिस्थितिको आँकलन गरिएको भएतापनि आयोजना/जलविद्युत केन्द्रमा मिति २०८२/०३/२४ मा आएको ठूलो बाढीका कारण सिभिल तथा हाइड्रोमेकानिकल संरचना, मेसीन उपकरण तथा कम्पनीका सवारी साधन लगायत अन्य सम्पत्तीहरुमा क्षति पुगेको र पहुँच मार्गहरु पूर्ण रुपमा अवरुद्ध हुँदा समयमा क्षतिको विवरण यकिन गर्न समेत कठिनाई हुनुका साथै कर्मचारी आवास पूर्ण रुपमा क्षति भएका कारण आयोजना/जलविद्युत केन्द्रको संरक्षण तथा पुनःस्थापनामा खटिने कर्मचारीहरुको बसोबास लगायतको आधारभुत व्यवस्था मिलाउन र आवश्यक मेसीन उपकरण तथा थप जनशक्ति साइट पुऱ्याउन निकै कठिनाइ भोग्नु परेको परिस्थितिमा वर्षातको अवधि लम्बिन जाँदा क्षतिग्रस्त संरचनाहरुको पुर्नस्थापनाका कार्यहरु योजना अनुरुप गर्न नसकिएकाले जलविद्युत केन्द्रबाट विद्युत उत्पादन सूचारु गर्न केहि ढिलाई हुनपुगेको छ। साथै आगामी वर्षात शुरु हुनु अगावै पुर्नस्थापना/पुर्ननिर्माण अन्तर्गतका महत्वपूर्ण कार्यहरुका साथै थप सुरक्षणका कार्यहरु सम्पन्न गरी वर्षातको अवधिमा निर्वाध रुपमा पूर्ण क्षमतामा जलविद्युत केन्द्र संचालन गर्नु मुख्य चुनौति रहेको छ।

यस बाहेक, आयोजना निर्माण अवधिमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन, आयोजना निर्माण क्षेत्रको भौगर्भिक अवस्थितिका कारण बाढी पहिरोको सामना गर्नुपर्ने अवस्था तथा मौसमी प्रतिकूलताका कारण नदीको बहावमा आउनसक्ने उतार-चढावका कारण वार्षिक उत्पादन हुने विद्युत शक्तिको अनुमानमा परिवर्तन हुनसक्ने लगायतका थप समस्या र चुनौतिहरु समेत देखिएका छन्।

६. **संस्थागत सुशासनः**
कम्पनी ऐन २०६३, आयकर ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत यस कम्पनी तर्फ आकर्षित हुने ऐन तथा नियमहरुको पालना गरिएको छ। कम्पनीमा संस्थागत सुशासन कायम गर्न संचालक समितिबाट लेखापरीक्षण समिति, पदपूर्ति समिति र जोखिम व्यवस्थापन उप-समितिहरुको गठन गरी भए गरेका कार्यहरुको अनुगमन तथा नियन्त्रण गर्ने गरिएको छ। कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन तथा खरिद विनियामवली, कर्मचारी सेवा शर्त विनियमावली लगायतका अन्य नीतिहरु तथा कार्यविधिहरु निर्माण गरी संचालक समितिबाट स्वीकृत गराई लागू गरिएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म संस्थागत तथा व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सुसूचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

बोलपत्र/सिल्बन्धिदरभाउ आवहानको सूचना

प्रकाशित मिति : २०८२/१०/२८

मेचीनगर नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमको लागि मिति २०८२/१०/२८ गते https://www.bolpatra.gov.np/egp मा ई बिड मार्फत सूचना आवहान भएको हुदा आवस्यक कागजपत्रहरू संलग्न राखी बोलपत्रको हकमा रु ३००० (तिन हजार मात्र) र सिलबन्दी दरभाउको हकमा रु १००० (एक हजार मात्र) पछि फिर्ता नहुने गरि श्री नेपाल बैंक लिमिटेड काकरभिट्टा शाखामा रहेको यस कार्यालयको नाममा रहेको अन्तरिक राजस्व खाता न १०६०३०००००१००१०००००१ मा नगद जम्मा गरि ई-बिड को माध्यमबाट मात्र बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ थप सूचना https://www.bolpatra.gov.np/egp बाट हेर्न सकिनेछ

तपसिल :

क्र. स	बोलपत्र/ सिल्बन्धि दरभाउ प्रकाशित मिति	बोलपत्र / सिल्बन्धि दरभाउ पेश गर्ने अन्तिम मिति	ठेक्का न	योजनाको नाम	लागत अनुमान (मु.अ.कर कन्टिनजेंसी र पी एस सहित)	बिड सेक्युरिटि रु
१.	२०८२/१०/२८ (तेस्रो पटक प्रकाशित)	२०८२/११/०८	39/ DEWARSHIBHAWAN/ W07/SQ/Mechi/ 2082/083	DEWARSHI ASHRAM SAMUDAYIK BHAWAN NIRMAN, Mechinagar-07	५,९९,८७३.५५	१५,०००.००
२.	२०८२/१०/२८ (दोस्रो पटक प्रकाशित)	२०८२/११/१४	54/ Constructionworks/ W04/sq/Mechi/ 2082/083	Kalikhola Uttar Majhi Gau Hudai Jor Culvertbata Dipendra Aa Bi Jane Bato Sttarunnati, Mechinagar- 04	१४,९९,४९१.०७	३५,०००.००
३.	२०८२/१०/२८	२०८२/११/१४	60/ KrishiBazzar/ W09/SQ/Mechi/ 2082/083	Krishi Haat Baazar starunnati, Mechinagar-09	१९,९९,१५३.६३	४५०००.००
४.	२०८२/१०/२८	२०८२/११/२९	61/ MedicalEquipment/ Goods/NCB/ Mechi/2082/083	Procurement for Supply, Delivery and Installation, Testing and Commissioning of Medical Equipment and Surgical items for Mechinagar Basic Hospital , Dhulabari, Jhapa	१,२२,५०,०००.०१	३,१०,०००.००
५.	२०८२/१०/२८	२०८२/११/१४	62/ Plum&Works/W05-06/SQ/ Mechi/ 2082/083	Singha devi mandir bato plumwall & Durga khadka Ghar purba Kali Khola Tatbandhan, Mechinagar05-06	१५,४९,३६९.९५	३५,०००.००

प्रमुख प्रशासकिय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com